# सूर्योदय नगरपालिका

# दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र

**(सन् २०२४ देखि २०३० सम्म)**




**सूर्योदय नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**फिक्कल, इलाम जिल्ला**

**कोशी प्रदेश, नेपाल**

**असार, २०८१**

"पर्यटकीय नगरी"
"TOURISTIC MUNICIPALITY"
सूर्योदय नगरपालिका
SURYODAYA MUNICIPALITY
फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल
Fikkal, Ilam, Koshi Province, Nepal

## मन्तव्य

शान्ति र समृद्धिका लागि सहकार्य गर्ने विश्व समुदायको अठोट बमोजिम सन् २०१५, सेप्टेम्बरको ऐतिहासिक राष्ट्रसङ्घीय साधारण सभाबाट घोषणा गरिएको कार्ययोजना दिगो विकास लक्ष्य हो। नेपाल सरकारले समेत दिगो विकास लक्ष्यको विश्वव्यापी एजेन्डालाई आत्मसाथ गरी लक्ष्य प्राप्तिको प्रतिबद्धता गरेको छ।

दिगो विकास लक्ष्य सन् २०३० सम्ममा प्राप्त गर्नेगरी लिइएको विकासको विश्वव्यापी एजेन्डा र लक्ष्य हो। दिगो विकासका लक्ष्यहरू प्राप्तिका लागि नेपाल सरकार, राष्ट्रिय योजना आयोगबाट दिगो विकासका लक्ष्यहरू, वर्तमान अवस्था र भावी मार्गचित्रः २०१६-३० प्रकाशनमा आएको छ। त्यसैगरी, राष्ट्रिय योजना आयोगबाट जारी भएको दिगो विकासका लक्ष्यहरूलाई स्थानीयकरणका लागि दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका बमोजिम नै यो मार्गचित्र तयार गरिएको छ।

दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र दिगो विकासका लक्ष्यहरूलाई स्थानीय तहमा कार्यान्वयन गर्नका लागि तयार पारिएको योजना हो। यसले आर्थिक विकास, सामाजिक न्याय, र पर्यावरणीय दिगोपनलाई सन्तुलनमा राख्दै, हाम्रा स्थानीय स्रोत र क्षमतालाई अधिकतम उपयोग गर्दै दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न सहयोग गर्नेछ। यो मार्गचित्रले हाम्रो नगरको भविष्यको दिशा निर्धारण गर्नेछ र यसलाई सफलतापूर्वक कार्यान्वयन गर्नका लागि हामी सबैको सहभागिता र सहयोग अपरिहार्य छ। यस दस्तावेजमा विभिन्न क्षेत्रगत रणनीतिहरू, नीतिहरू र कार्यान्वयन योजनाहरू समावेश छन्, जसले गर्दा हाम्रा विकास प्रयासहरू नतिजामा आधारित र प्रभावकारी बन्न सक्दछन्।

दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रले आर्थिक विकास, सामाजिक विकास, वातावरण, पूर्वाधार, र सामाजिक न्यायका क्षेत्रमा लक्ष्य निर्धारण गरी सोको प्राप्तिका लागि मार्गदर्शन गरेको छ। यसले नगरवासीहरूको जीवनस्तर उकास्न र समृद्धि ल्याउन महत्त्वपूर्ण सहयोग मिल्नेछ। दिगो विकास लक्ष्यहरूको सफल कार्यान्वयनका लागि हामीले नागरिक समाज, निजी क्षेत्र, सहकारी संस्था र समुदायहरूबीच समन्वय र साझेदारीलाई प्रोत्साहन गरेका छौं। स्थानीय आवश्यकता र प्राथमिकताहरूलाई सम्बोधन गर्दै, हामीले तय गरेका लक्ष्यहरू प्राप्त गर्न सम्पूर्ण जनप्रतिनिधिहरू, कर्मचारीहरू र नगरवासीहरूको संयुक्त प्रयासले महत्वपूर्ण भूमिका खेल्नेछ।

दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रमा समावेश गरिएका रणनीतिहरू, नीतिहरू र कार्यान्वयन योजनाहरूको माध्यमबाट दिगो विकास लक्ष्यहरूको प्राप्तिलाई सुनिश्चित गरी मानव, पृथ्वी र समृद्धिको लागि एक समान, न्यायपूर्ण र सुरक्षित समाज निर्माण गर्ने लक्ष्य लिइएको छ। यो मार्गचित्रले हाम्रो नगरको आर्थिक, सामाजिक, र पर्यावरणीय क्षेत्रमा दिगो विकास सुनिश्चित गर्न मद्दत गर्नेछ। सूर्योदय नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरू, कर्मचारीहरू, र नगरवासीहरूको संयुक्त प्रयासले हामीले तय गरेका लक्ष्यहरू प्राप्त गर्न सक्ने विश्वास लिएको छु। यस महत्त्वपूर्ण दस्तावेजको तयारीमा योगदान दिने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाहरूमा हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछु।

.............................
रण बहादुर राई
नगर प्रमुख

रण बहादुर राई
नगर प्रमुख

## विषयसूची


परिच्छेद १: परिचय ..... 1

१.१ पृष्ठभूमि ..... 1

१.२ दिगो विकास लक्ष्य स्थानीयकरणको आवश्यकता ..... 1

१.३ दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रको उद्देश्य ..... 2

१.४ अवधारणा तथा तर्जुमा विधि ..... 2

परिच्छेद २: दिगो विकास लक्ष्यको आधार अवस्था ..... 6

२.१ विषयगत नीति, कानुन तथा मापदण्ड ..... 6

२.२ प्रथम आवधिक योजना ..... 6

२.३ विषय क्षेत्रगत रणनीतिक तथा गुरुयोजना ..... 7

२.४ मध्यमकालीन खर्च संरचना ..... 7

२.५ वार्षिक नीति, बजेट तथा कार्यक्रम ..... 8

परिच्छेद ३: दिगो विकासको लक्ष्य स्थानीयकरण मार्गचित्र ..... 9

दिगो विकास लक्ष्य १: गरिबीको अन्त्य ..... 9

१.१ पृष्ठभूमि ..... 9

१.२ विगतको प्रवृत्ति ..... 9

१.३ विद्यमान अवस्था ..... 9

१.४ समस्या तथा चुनौति ..... 10

१.५ लक्ष्य ..... 10

१.६ उद्देश्य ..... 10

१.७ रणनीति ..... 10

१.८ प्रमुख कार्यक्रम तथा आयोजना ..... 11

१.९ परिमाणात्मक लक्ष्य ..... 11

दिगो विकास लक्ष्य २: भोकमरीको अन्त्य ..... 12

२.१ पृष्ठभूमि ..... 12

२.२ विगतको प्रवृत्ति ..... 13

२.३ विद्यमान अवस्था ..... 13

२.४ समस्या तथा चुनौति ..... 13

२.५ लक्ष्य ..... 14

२.६ उद्देश्य ..... 14

२.७ रणनीति ..... 14

२.८ प्रमुख कार्यक्रम तथा आयोजना ..... 14

२. ९ परिमाणात्मक लक्ष्य ..... 15

दिगो विकास लक्ष्य ३: स्वस्थ  तथा मर्यादित जीवन ..... 16

३.१ पृष्ठभूमि ..... 16

३.२ विगतको प्रवृत्ति ..... 16

३.३ विद्यमान अवस्था ..... 16

३.४ समस्या तथा चुनौति ..... 17

३.५ लक्ष्य ..... 17

३.६ उद्देश्य ..... 17

३.७ रणनीति ..... 17

३.८ प्रमुख कार्यक्रम तथा आयोजना ........ 19
३.९ परिमाणात्मक लक्ष्य ........ 19
**दिगो विकास लक्ष्य ४: गुणस्तरीय शिक्षा ........ 21**
४.१ पृष्ठभूमि ........ 21
४.२ विगतको प्रवृत्ति ........ 22
४.३ विद्यमान अवस्था ........ 22
४.४ समस्या तथा चुनौति ........ 23
४.५ लक्ष्य ........ 24
४.६ उद्देश्य ........ 24
४.७ रणनीति ........ 24
४.८ प्रमुख कार्यक्रम तथा आयोजना ........ 25
४.९ परिमाणात्मक लक्ष्य ........ 26
**दिगो विकास लक्ष्य ५: लैङ्गिक समानता ........ 28**
५.१ पृष्ठभूमि ........ 28
५.२ विगतको प्रवृत्ति ........ 28
५.३ विद्यमान अवस्था ........ 29
५.४ समस्या तथा चुनौति ........ 29
५.५ लक्ष्य ........ 30
५.६ उद्देश्य ........ 30
५.७ रणनीति ........ 30
५.८ प्रमुख कार्यक्रम तथा आयोजना ........ 30
५.९ परिमाणात्मक लक्ष्य ........ 31
**दिगो विकास लक्ष्य ६: दिगो सफापानी तथा सरसफाइ सेवा ........ 31**
६.१ पृष्ठभूमि ........ 31
६.२ विगतको प्रवृत्ति ........ 32
६.३ विद्यमान अवस्था ........ 32
६.४ समस्या तथा चुनौति ........ 32
६.५ लक्ष्य ........ 32
६.६ उद्देश्य ........ 32
६.७ रणनीति ........ 32
६.८ प्रमुख कार्यक्रम तथा आयोजना ........ 33
६.९ परिमाणात्मक लक्ष्य ........ 33
**दिगो विकास लक्ष्य ७: किफायती तथा आधुनिक ऊर्जामा पहुँच ........ 34**
७.१ पृष्ठभूमि ........ 34
७.२ विगतको प्रवृत्ति ........ 34
७.३ विद्यमान अवस्था ........ 34
७.४ समस्या तथा चुनौति ........ 34
७.५ लक्ष्य ........ 35
७.६ उद्देश्य ........ 35
७.७ रणनीति ........ 35
७.८ कार्यक्रम तथा आयोजना ........ 35

७.९ परिमाणात्मक लक्ष्य ........................................................................................................................ 35
**दिगो विकास लक्ष्य ८: समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम ........................................................ 36**
८.१ पृष्ठभूमि ........................................................................................................................ 36
८.२ विगतको प्रवृत्ति ........................................................................................................................ 36
८.३ विद्यमान अवस्था ........................................................................................................................ 36
८.४ समस्या तथा चुनौति ........................................................................................................................ 37
८.५ लक्ष्य ........................................................................................................................ 37
८.६ उद्देश्य ........................................................................................................................ 37
८.७ रणनीति ........................................................................................................................ 37
८.८ प्रमुख कार्यक्रम तथा आयोजना ........................................................................................................................ 37
८.९ परिमाणात्मक लक्ष्य ........................................................................................................................ 38
**दिगो विकास लक्ष्य ९: उद्योग, नवीन खोज र पूर्वाधार ........................................................ 39**
९.१ पृष्ठभूमि ........................................................................................................................ 39
९.२ विगतको प्रवृत्ति ........................................................................................................................ 39
९.३ विद्यमान अवस्था ........................................................................................................................ 39
९.४ समस्या तथा चुनौति ........................................................................................................................ 40
९.५ लक्ष्य ........................................................................................................................ 40
९.६ उद्देश्य ........................................................................................................................ 40
९.७ रणनीति ........................................................................................................................ 40
९.८ कार्यक्रम तथा आयोजना ........................................................................................................................ 41
९.९ परिमाणात्मक लक्ष्य ........................................................................................................................ 41
**दिगो विकास लक्ष्य १०: असमानता न्यूनीकरण ........................................................ 42**
१०.१ पृष्ठभूमि ........................................................................................................................ 42
१०.२ विगतको प्रवृत्ति ........................................................................................................................ 42
१०.३ विद्यमान अवस्था ........................................................................................................................ 43
१०.४ समस्या तथा चुनौति ........................................................................................................................ 43
१०.५ लक्ष्य ........................................................................................................................ 43
१०.६ उद्देश्य ........................................................................................................................ 44
१०.७ रणनीति ........................................................................................................................ 44
१०.८ कार्यक्रम तथा आयोजना ........................................................................................................................ 44
१०.९ परिमाणात्मक लक्ष्य ........................................................................................................................ 44
**दिगो विकास लक्ष्य ११: दिगो सहर तथा समुदाय ........................................................ 45**
११.१ पृष्ठभूमि ........................................................................................................................ 45
११.२ विगतको प्रवृत्ति ........................................................................................................................ 45
११.३ विद्यमान अवस्था ........................................................................................................................ 46
११.४ समस्या तथा चुनौति ........................................................................................................................ 46
११.५ लक्ष्य ........................................................................................................................ 46
११.६ उद्देश्य ........................................................................................................................ 46
११.७ रणनीति ........................................................................................................................ 46
११.८ प्रमुख कार्यक्रम तथा आयोजना ........................................................................................................................ 47
११.९ परिमाणात्मक लक्ष्य ........................................................................................................................ 47

**दिगो विकास लक्ष्य १२: जिम्मेवार उपयोग र उत्पादन ....... 48**
१२.१ पृष्ठभूमि ....... 48
१२.२ विगतको प्रवृत्ति ....... 48
१२.३ विद्यमान अवस्था ....... 49
१२.४ समस्या तथा चुनौति ....... 49
१२.५ लक्ष्य ....... 50
१२.६ उद्देश्य ....... 50
१२.७ रणनीति ....... 50
१२.८ प्रमुख कार्यक्रम तथा आयोजना ....... 50
१२.९ परिमाणात्मक लक्ष्य ....... 51
**दिगो विकास लक्ष्य १३: जलवायु कार्य तथा विपद् व्यवस्थापन ....... 51**
१३.१ पृष्ठभूमि ....... 51
१३.२ विगतको प्रवृत्ति ....... 52
१३.३ विद्यमान अवस्था ....... 52
१३.४ समस्या तथा चुनौति ....... 52
१३.५ लक्ष्य ....... 53
१३.६ उद्देश्य ....... 53
१३.७ रणनीति ....... 53
१३.८ प्रमुख कार्यक्रम तथा आयोजना ....... 53
१३.९ परिमाणात्मक लक्ष्य ....... 54
**दिगो विकास लक्ष्य १५: वन, जलाधार तथा जैविक विविधता संरक्षण ....... 54**
१५.१ पृष्ठभूमि ....... 54
१५.२ विगतको प्रवृत्ति ....... 55
१५.३ विद्यमान अवस्था ....... 55
१५.४ समस्या तथा चुनौति ....... 55
१५.५ लक्ष्य ....... 55
१५.६ उद्देश्य ....... 55
१५.७ रणनीति ....... 56
१५.८ प्रमुख कार्यक्रम तथा आयोजना ....... 56
१५.९ परिमाणात्मक लक्ष्य ....... 56
**दिगो विकास लक्ष्य १६: शान्ति, न्याय तथा सशक्त संस्था ....... 57**
१६.१ पृष्ठभूमि ....... 57
१६.२ विगतको प्रवृत्ति ....... 57
१६.३ विद्यमान अवस्था ....... 57
१६.४ समस्या तथा चुनौति ....... 58
१६.५ लक्ष्य ....... 58
१६.६ उद्देश्य ....... 58
१६.७ रणनीति ....... 58
१६.८ कार्यक्रम तथा आयोजना ....... 58
१६.९ परिमाणात्मक लक्ष्य ....... 59
**दिगो विकास लक्ष्य १७: दिगो विकास लक्ष्य प्राप्तिका लागि साझेदारी ....... 59**

१७.१ पृष्ठभूमि......59
१७.२ विगतको प्रवृत्ति......60
१७.३ विद्यमान अवस्था......60
१७.४ समस्या तथा चुनौति......60
१७.५ लक्ष्य......60
१७.६ उद्देश्य......60
१७.७ रणनीति......60
१७.८ कार्यक्रम तथा आयोजना......61
१७.९ परिमाणात्मक लक्ष्य......61
**परिच्छेद चारः कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन......62**
४.१ लगानी आवश्यकता तथा लगानीको स्रोत......62
४.२ स्रोत परिचालन रणनीति......66
४.३ मार्गचित्र कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन......67

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

जनआन्दोलन तथा जनअपेक्षा अनुरूप नेपालको संविधान जारीसँगै मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको छ । नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको हुने र तीनै तहले संविधान र कानुन बमोजिम राज्यशक्तिको प्रयोग गर्ने व्यवस्था गरेको छ । संविधानले तीनै तहका सरकारले संविधान र कानुनको सीमाभित्र रही त्यस्तो अधिकार क्षेत्रको स्वायत्ततापूर्वक प्रयोग गर्ने गरी स्पष्ट रूपमा जिम्मेवारीसमेत निर्धारण गरिएको छ । तहगत सरकारले आफ्ना अधिकार क्षेत्रका विषयमा कानुन बनाउने, योजना तथा बजेट तर्जुमा गर्ने, कार्यान्वयन तथा नतिजा मापनमा स्वायत्त हुने व्यवस्था संविधानले गरेको छ । संवैधानिक व्यवस्था र सङ्घीय संरचना बमोजिम दोश्रो निर्वाचित कार्यकालका लागि निर्वाचित जनप्रतिनिधिबाट नेपाल सरकार, ७ प्रदेश सरकार र ७५३ वटा स्थानीय सरकार शासन सञ्चालन, सेवा प्रवाह र विकास कार्यमा क्रियाशील रहेका छन् ।

दिगो विकास लक्ष्य कार्यान्वयन गर्न पक्ष राष्ट्रको रूपमा नेपाल सरकारले हस्ताक्षर गरी प्रतिबद्धता गरेबमोजिम तहगत सरकारको नीति, योजना तथा कार्यक्रममा दिगो विकास लक्ष्यलाई एकीकृत गरी कार्यान्वयन गर्ने प्रयास भैरहेको छ । दिगो विकास लक्ष्य कार्यान्वयन र समन्वयको लागि सङ्घीय तहमा राष्ट्रिय योजना आयोग मुख्य निकायको रूपमा रहेको छ । यस बमोजिम राष्ट्रिय योजना आयोगले तयार गरेको दिगो विकास लक्ष्यको वर्तमान अवस्था र भावी मार्गचित्रः २०१६–२०३० तथा दिगो विकास लक्ष्य सम्बन्धी अध्ययनले मुलकमा दिगो विकास नतिजाको बहुप्रभाव हासिल गर्न दिगो विकास लक्ष्यको स्थानीयकरणको रणनीति, लगानीको सम्भावना र शासन प्रणालीमा सुधार तथा प्रभावकारी साझेदारी संयन्त्रको आवश्यकताको पहिचान गरेको छ ।

स्थानीय सरकारको रूपमा स्थापनापश्चात् यस नगरपालिकाले नेपालले लिएको दिगो विकास लक्ष्य, पन्ध्रौं योजना र प्रदेश सरकारको प्रथम आवधिक योजना (२०७६/०७७–२०८०/०८१), विषय क्षेत्रगत योजना र विगत ३ वर्षदेखि दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा गरी कार्यान्वयन गरिरहेको छ । साथै संयुक्त राष्ट्र सङ्घीय निकायको सहयोगमा सन् २०२२ मा दिगो विकास लक्ष्य स्वैच्छिक प्रतिवेदन र नगरपालिकाको तत्कालीन अवस्था निर्धारण गरेको छ । नगरपालिकाले राष्ट्रिय तथा प्रादेशिक लक्ष्य र प्रतिबद्धतामा आधारित भई दिगो विकास लक्ष्यलाई नीति, योजना तथा कार्यक्रममा आन्तरिकीकरण गर्दै स्थानीयकरण गर्ने दिशामा अग्रसर रहेको छ । यसै पृष्ठभूमिमा दिगो विकास लक्ष्यलाई नगरपालिकाको नीति, योजना तथा कार्यक्रममा आन्तरिकीकरण गरी कार्यान्वयन गर्ने उद्देश्यले यस नगरपालिकाको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र (२०८१/०८२-२०८६/०८७) तयार गरिएको छ ।

## १.२ दिगो विकास लक्ष्य स्थानीयकरणको आवश्यकता

वि.सं. २१०० सम्ममा नेपाललाई उच्च मध्यम आय भएको मुलुकमा पुर्‍याई 'समृद्ध नेपाल, सुखी नेपाली' को साझा राष्ट्रिय आकांक्षा पूरा गर्ने दीर्घकालीन सोच हासिल गर्न संरचनागत रूपान्तरणका १३ वटा क्षेत्रहरू पहिचान गरी सोह्रौँ राष्ट्रिय योजना तर्जुमा गरिएको छ । यसैगरी कोशी प्रदेशले स्वच्छ, सुखी र समुन्नत प्रदेशको सोच सहित पहिलो आवधिक योजना सम्पन्न गरी दोश्रो आवधिक योजना तर्जुमा गरेको छ । यसै अनुरूप यस नगरपालिकाले "सूर्योदय नगरपालिकाको समृद्धताः प्राङ्गारिक कृषि, पर्या–पर्यटन र आर्थिक समानता" को दीर्घकालीन सोचका साथ प्रथम आवधिक योजना कार्यान्वयन अन्तिम चरण र दोश्रो आवधिक योजना तर्जुमाको पूर्वसन्ध्यामा रहेको छ ।

नेपालले चौधौं योजनाको शुरुवात देखि नै मुलुकको आर्थिक, सामाजिक र पर्यावरणीय परिवेश अनुसार दिगो विकास लक्ष्य आन्तरिकीकरण गरी कार्यान्वयन शुरु भएको थियो । नेपालको संविधान अनुसार दिगो विकास लक्ष्य हासिल गर्न तीनै तहको सरकारको उत्तिकै महत्त्वपूर्ण भूमिका हुने अपेक्षा गरिएको छ । यसका लागि प्रदेश तथा स्थानीय सरकारले नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा प्रतिवेदनको चरणमा दिगो विकास लक्ष्यको आन्तरिकीकरण गरी कार्यान्वयनमा जोड दिनु अपरिहार्य रहेको छ । यस कार्यलाई व्यवस्थित तुल्याउन राष्ट्रिय योजना आयोगले दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका तयार गरी उपलब्ध गराएको छ । कोशी

प्रदेश सरकारले दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र तयार गरी कार्यान्वयनका क्रममा रहेको छ। उपरोक्त तथ्यलाई मध्यनजर गरी सूर्योदय नगरपालिकाले नगरपालिकाको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र तयार गरेको छ। यस प्रकार तयार दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र तहगत सरकार, नागरिक समाज, सहकारी, निजी क्षेत्र र समुदाय बिच समन्वय स्थापित गर्न सहयोगी समेत हुने विश्वास लिएको छ। स्थानीय तहको अधिकार क्षेत्रले दिगो विकास लक्ष्य एवम् विषयगत क्षेत्रसँग प्रत्यक्ष सम्बन्ध रहेको छ। यस सम्बन्ध र विषय क्षेत्रगत वर्गीकरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| दिगो विकास लक्ष्य | विषय उपक्षेत्र | विषय क्षेत्र |
|---|---|---|
| गरिबीको अन्त्य | गरिबी निवारण, सामाजिक संरक्षण भूमि व्यवस्था तथा सहकारी | आर्थिक क्षेत्र |
| भोकमरीको अन्त्य | कृषि, खाद्य सुरक्षा र पशुपन्छी सेवा | |
| मर्यादित काम र आर्थिक वृद्धि | श्रम तथा रोजगारी | |
| स्वस्थ्य तथा मर्यादित जीवन | स्वास्थ्य तथा पोषण | सामाजिक क्षेत्र |
| गुणस्तरीय शिक्षा | शिक्षा, विज्ञान, कला तथा साहित्य | |
| लैङ्गिक समानता | लैङ्गिक समानता | |
| स्वच्छ पिउनेपानी तथा सरसफाइ | खानेपानी तथा सरसफाइ | |
| असमानता न्यूनीकरण | सामाजिक समावेशीकरण | |
| किफायती र स्वच्छ उर्जा | जलस्रोत, बिद्युत् तथा स्वच्छ उर्जा | पूर्वाधार क्षेत्र |
| उद्योग, पूर्वाधार तथा नवीन सिर्जना | उद्योग, पूर्वाधार र नवप्रवर्तन, सूचना र सञ्चार | |
| दिगो सहर तथा समुदाय | भवन तथा आवास | |
| जिम्मेवार उपयोग र उत्पादन | पर्यटन तथा सम्पदा, वातावरण तथा फोहोरमैला व्यवस्थापन | वन तथा वातावरण क्षेत्र |
| जलवायु कार्य | विपद् तथा जलवायु उत्थानशिलता | |
| जैविक विविधता संरक्षण | वन, हरियाली तथा भूसंरक्षण | |
| शान्ति, न्याय तथा सशक्त संस्था | कानुन, न्याय, सुशासन, सङ्गठन र सेवा प्रवाह | संस्थागत विकास तथा सुशासन क्षेत्र |
| लक्ष्य प्राप्तिका लागि साझेदारी | राजस्व परिचालन तथा योजना व्यवस्थापन | |

### १.३ दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रको उद्देश्य

यस नगरपालिकाको दिगो विकास लक्ष्यको स्थानीयकरणको विस्तृत योजना तयार गर्नु यस मार्गचित्रको उद्देश्य हो। यसका विशिष्ट उद्देश्यहरू देहाय अनुसार रहेका छन्:

(१) नगरपालिकामा दिगो विकास लक्ष्य कार्यान्वयनको विद्यमान अवस्था र भावी मार्गचित्र प्रस्तुत गर्नु,

(२) वि.स. २०८१ देखी २०८७ सम्मको लागि दिगो विकास लक्ष्यको हरेक सूचकको कोसेढुङ्गा तयार गर्नु,

(३) विकासनीति, योजना, बजेट तर्जुमा एकीकृत, समावेशी र नतिजामा आधारित र प्रभावकारी बनाउनु,

(४) नगरपालिकामा दिगो विकास लक्ष्यको कार्यान्वयन र प्रगति अनुगमनको मापदण्ड तथा खाका प्रस्तुत गर्नु,

(५) आवधिक योजना, विषयक्षेत्र योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्य एकीकरणको मार्गचित्र र सीमाको आँकलन गर्नु,

(६) दिगो विकास लक्ष्य हासिल गर्न प्रदेश तथा स्थानीय लगानी र नवीनतम खोजको अभिवृद्धि गर्नु।

### १.४ अवधारणा तथा तर्जुमा विधि

#### १.४.१ अवधारणा

यस मार्गचित्रले नेपालसँग सम्वन्धित दिगो विकास लक्ष्यका १६ वटा लक्ष्यका अद्यावधिक ३०१ सूचक तथा १७९ गन्तव्य, स्थानीय तहको अधिकार क्षेत्र र जिम्मेवारीसँग जोड्ने विषयलाई समेटेको छ। मार्गचित्रले सन् २०३० को दिगो विकास लक्ष्यको एजेण्डासँग स्थानीय तहको अधिकार र जिम्मेवारीलाई समेत ध्यानमा राखेको छ।

राष्ट्रिय योजना आयोगबाट तयार नेपालमा दिगो विकास लक्ष्यको वर्तमान अवस्था र मार्गचित्रको २०१६-२०३० र यससँग सम्बन्धित अध्ययन अनुसन्धान प्रतिवेदन, प्रदेश सरकारको मार्गचित्र तथा अन्य स्थानीय सरकारको दिगो विकास लक्ष्य स्थानीयकरणलाई आधार मानी यो मार्गचित्र तयार गरिएको छ। मार्गचित्र तयार गर्न देहाय अनुसारको अवधारणा अवलम्बन गरिएको छ।

**(क) एकीकृत अवधारणाः** यस मार्गचित्रमा नगरपालिकाले स्थानीय तहको अधिकार क्षेत्रभित्रका दिगो विकास लक्ष्यका सान्दर्भिक सूचकको एकीकृत विवरण प्रस्तुत गरेको छ।

**(ख) सहभागितामूलक अवधारणाः** नगरपालिकको विषयगत नीति, आवधिक योजना, विषय क्षेत्रगत योजना, वार्षिक नीति तथा कार्यक्रम, मध्यमकालीन खर्च संरचना, दिगो विकास लक्ष्य स्वैच्छिक प्रतिवेदन लगायतका दस्ताबेजको अध्ययन तथा पुनरावलोकन, नगरपालिकाका निर्वाचित जनप्रतिनिधि तथा कर्मचारी र सरोकारवाला निकायसँग सहभागितामूलक छलफल गरी नगरपालिकाको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र तयार गरिएको छ।

**(ग) सिकाइ तथा अनुभवमा आधारित अवधारणाः** सङ्घ, प्रदेश तथा स्थानीय तहका दीर्घकालीन योजना, आवधिक योजना, विषय क्षेत्रगत नीति, योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट तथा कार्यक्रमको समेत समीक्षा गरी विगत वर्षको सिकाइ र अनुभवलाई उपयोग गरिएको छ। सङ्घ, कोशी प्रदेश र अन्य स्थानीय तहको सफल अभ्यासलाई समेत मध्यनजर गरिएको छ।

**(घ) ज्ञान तथा सीप हस्तान्तरण अवधारणाः** नगरपालिकाका विषयगत समिति तथा शाखासँग छलफल, परामर्श तथा कार्यशालाको आयोजना गरी प्रस्तावित मार्गचित्र तयार गरिएको छ। नगरपालिकाका नगर प्रमुख, उपप्रमुख, विषयगत समितिका संयोजक, शाखा प्रमुख तथा प्रतिनिधि र सरोकारवालासँग निकट रहेर सीप तथा अनुभवको समेत हस्तान्तरण गर्ने प्रयास गरिएको छ।

**(ङ) प्रयोगकर्तामैत्री अवधारणाः** अध्ययन, परामर्श, कार्यशालामार्फत प्रस्तावित मार्गचित्र तयार गर्दा सामान्य तथा प्रयोगकर्तामैत्री विधि, औजार तथा उपकरणको प्रयोग गरिएको छ।

**(च) लैंङ्गिक तथा सामाजिक समावेशीकरण संवेदनशील अवधारणाः** यस मार्गचित्र तयार गर्दा “कसैलाई पनि पछाडि नछोडौं” भन्ने अवधारणामा आधारित भई महिला, बालबालिका, पिछडिएको वर्ग तथा समुदाय, लैंङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको सवालसँग सम्बन्धित विषय, नीति, रणनीति तथा सूचकलाई विशेष ध्यान दिइएको छ।

### १.४.२ मार्गचित्र तयारी विधि तथा प्रक्रिया

नेपालको दिगो विकास लक्ष्यको वर्तमान अवस्था र भावी मार्गचित्र (२०१६–२०३०), सान्दर्भिक विषयगत नीति तथा योजना, नगरपालिकाको प्रथम आवधिक योजना, विषयगत नीति तथा योजना, दिगो विकास लक्ष्य स्वैच्छिक प्रतिवेदन र मध्यमकालीन खर्च संरचना तथा वार्षिक नीति तथा कार्यक्रमको आधारमा नगरपालिकाका दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र तयार गरिएको छ। नगर प्रमुख, उपप्रमुख, विषयगत समिति तथा शाखा प्रमुख, प्रतिनिधि, सम्बन्धित कर्मचारी र सरोकारवाला पक्षको सक्रिय सहभागिता र क्रियाशीलता यो मार्गचित्र तयार भएको छ। नगरपालिकाको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र तयार गर्दा देहायमा उल्लेखित विधि तथा प्रक्रियाको अवलम्बन गरिएको थियोः

### क. मार्गचित्र तयारी बैठक

नगर कार्यपालिका कार्यालयको आयोजनामा सरोकारवाला सबैको संलग्नतामा विधि, प्रक्रिया, समयावधि र विषयवस्तुको बारेमा प्रारम्भिक बैठक तथा छलफलको आयोजना गरी मार्गचित्रको आवश्यकता, विषयवस्तु, तयारी विधि तथा प्रक्रिया र समयसीमा बारे प्रस्तुति तथा छलफलबाट यस सम्बन्धमा साझा बुझाइ कायम गरी मार्गचित्रको प्रारम्भिक खाका तयार गरियो।

### ख. सान्दर्भिक नीतिगत, कानुनी, योजना दस्ताबेज तथा अध्ययन सामग्रीको समीक्षा

निर्वाचित पदाधिकारी, सम्बन्धित कर्मचारी र सरोकारवाला पक्षको सहयोग र सहभागितामा सान्दर्भिक नीति, कानुन, योजना दस्ताबेज र अध्ययन दस्ताबेज अध्ययन तथा पुनरावलोकन गरी दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्त्वपूर्ण तथा सान्दर्भिक व्यवस्था पहिचान तथा विश्लेषण गरियो । नगरपालिकाको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र तयारीका सन्दर्भमा नेपालको संविधान, दीर्घकालीन सोच २१०० तथा पन्ध्रौ योजना तथा साह्रौ योजना दस्ताबेज, नेपालको दिगो विकास लक्ष्यः विद्यमान अवस्था र भावी मार्गचित्र (२०१६–२०३०), (कोशी प्रदेशको विषयगत नीति, कानुन तथा प्रथम आवधिक योजना (२०७६/०७७–२०८०/०८१) सहित नगरपालिकाको दिगो विकास लक्ष्य सम्बन्धी स्वैच्छिक अध्ययन प्रतिवेदन, आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक नीति, बजेट तथा कार्यक्रम लगायतका सन्दर्भ सामग्रीको समीक्षा गरिएको छ।

### ग. दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रको विषयवस्तु र औजारहरूको विकास

दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र तयारी सम्बन्धी विधि, औजार र विषयवस्तु प्रारम्भिक खाका तयार गरी सोउपर कार्यपालिका, विषयगत समिति तथा शाखा, कर्मचारी तथा सरोकारवालासँग छलफल गरियो।

### घ. प्रारम्भिक प्रतिवेदन तथा कार्ययोजना पेस

दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रसँग सान्दर्भिक दस्ताबेजहरूको अध्ययन तथा पुनरावलोकनबाट प्राप्त सान्दर्भिक सूचना तथा विवरण, मार्गचित्र तयारी विधि, औजार तथा मार्गचित्रको विषयवस्तुको प्रारम्भिक खाका समावेश गरी प्रारम्भिक प्रतिवेदन तयार गरियो । प्रारम्भिक प्रतिवेदनमा प्रदेश सरकारका सम्बन्धित निकाय तथा सरोकारवालाको सल्लाह तथा सुझाव समेत समावेश गरिएको थियो।

### ङ. विषयगत समिति तथा शाखासँग परामर्श

नगरपालिकाको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रको ढाँचा, विगतको प्रवृत्ति, आधार अवस्था, कोसेढुङ्गा तथा सन् २०३० को लक्ष्य र सो सम्बन्धी तथ्याङ्क तथा सूचना, प्रमुख हस्तक्षेपकारी कार्यक्रम तथा आयोजना, लगानी र संस्थागत व्यवस्था सम्बन्धमा नगर कार्यपालिका तथा विषयगत समितिका पदाधिकारी, सम्बन्धित कर्मचारी तथा प्रतिनिधिमूलक रूपमा सरोकारवाला निकायका प्रतिनिधिसँग राय/परामर्श तथा छलफल गरियो। यस परामर्श तथा छलफलबाट नगरपालिकाको दिगो विकास लक्ष्य कार्यान्वयनको विगतको प्रवृत्ति, विद्यमान स्थिति, प्राथमिकता, नीतिगत व्यवस्था, लगानी र संस्थागत व्यवस्था सम्बन्धी विवरण तयार गरियो।

### च. नगरपालिकाको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र सम्बन्धी दस्ताबेजको मस्यौदा तयारी

डेक्स अध्ययन, कार्यशाला तथा परामर्शबाट उपलब्ध सूचना तथा विवरणको आधारमा प्रस्तावित ढाँचामा नगरपालिकाको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र सम्बन्धी दस्ताबेजको मस्यौदा तयार गरियो।

### छ. प्रस्तुति तथा मस्यौदा दस्ताबेजमा सुझाव सङ्कलन

नगर कार्यपालिका कार्यालय, विषयगत समिति तथा शाखाका प्रमुख तथा प्रतिनिधि र स्थानीय सरोकारावाला प्रतिनिधिको उपस्थितिमा नगरपालिकाको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रको मस्यौदा दस्ताबेज प्रस्तुत गरी तथ्याङ्कमा रहेका खाडल समेतका बारेमा छलफल गरी प्रतिवेदनलाई अन्तिम रूप दिन आवश्यक सुझाव प्राप्त गरियो ।

### ज. सुझाव तथा पृष्ठपोषण सङ्कलन

नगरपालिकाको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रको मस्यौदा दस्ताबेजलाई वि.सं. २०८१ साल असार २ प्रस्तुति तथा सुझाव सङ्कलन कार्यशालाको आयोजना गरी नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समिति तथा शाखा र सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधिबाट आवश्यक सुझाव तथा पृष्ठपोषण लिईएको थियो।

### झ. मार्गचित्रको अन्तिम प्रतिवेदन तयारी तथा पेस

नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समिति तथा शाखा र अन्य सहयोगी निकाय तथा सम्बन्धित सरोकारवालाबाट प्राप्त सुझाव तथा पृष्ठपोषणलाई समेत समावेश गरी नगरपालिकाको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रलाई अन्तिम रूप प्रदान गरिएको छ।

## १.५ प्रतिवेदनको ढाँचा

यस नगरपालिकाको दिगो विकास लक्ष्यको स्थानीयकरण मार्गचित्रलाई चार परिच्छेदमा विभाजन गरिएको छ। पहिलो परिच्छेदमा परिचय, दोश्रो परिच्छेदमा विकासको वर्तमान अवस्था र दिगो विकास लक्ष्यको आधार अवस्था, तेश्रो परिच्छेदमा दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र र चौथो परिच्छेदमा दिगो विकास लक्ष्य कार्यान्वयन, संस्थागत व्यवस्था, लगानी र अनुगमन तथा मूल्याङ्कन खाका प्रस्तुत गरिएको छ।

## परिच्छेद २: दिगो विकास लक्ष्यको आधार अवस्था

### २.१ विषयगत नीति, कानुन तथा मापदण्ड

यस नगरपालिकाले आफ्नो अधिकार क्षेत्रको विषय क्षेत्रसँग सम्बन्धित २५ उपक्षेत्रमा कुल १६९ वटा नीति तर्जुमा गरी कार्यान्वयनमा रहेका छन् । उपर्युक्त नीतिले योजना तर्जुमा, सेवा प्रवाह, विकासनिर्माण, राजस्व सङ्कलन तथा अनुगमन तथा मूल्याङ्न जस्ता कार्यलाई मार्गदर्शन प्रदान गरेको छ । नगरपालिकाले आत्मसात् गरेको नीति अन्तर्गत दिगो विकास लक्ष्य स्वैच्छिक पुनरावलोकन प्रतिवेदनका आधारमा दिगो विकास लक्ष्यलाई स्थानीय नीति, योजना तथा कार्यक्रममा समाहित गरी तोकिएको समयावधिभित्र लक्ष्य प्राप्तिलाई सुनिश्चित गर्न नियमित अनुगमन, मूल्याङ्कन र सुधारको पद्धति अवलम्बन गर्ने प्रतिबद्धता गरिएको छ । दिगो विकास लक्ष्यको "**कसैलाई पनि पछि नछोडौं"**को अवधारणालाई स्थानीय परिवेश अनुकूल प्रभावकारी रूपमा कार्यान्वयन गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७९ समेत तयार गरेको छ ।

नगरपालिकाले कुल १४० वटा कानुन, कार्यविधि तथा मापदण्ड तयार भई कार्यान्वयनमा रहेका छन् । जस अन्तर्गत ३० वटा ऐन, ८ वटा नियमावली, ८४ वटा कार्यविधि, १५ वटा निर्देशिका र २ वटा मापदण्ड लगायत १ आन्तरिक लेखा परीक्षण वडापत्र रहेका छन् ।

### २.२ प्रथम आवधिक योजना

यस नगरपालिकाको चालु प्रथम आवधिक योजना (आ.व. २०७७/०७८–२०८१/०८२) ले नेपाल सरकारले लिएको "समृद्ध नेपालः सुखी नेपाली" र कोशी प्रदेश सरकारले लिएको "स्वच्छ, सुखी र समुन्नत प्रदेश" को दीर्घकालीन सोचसँग तादात्म्य कायम हुनेगरी "सूर्योदय नगरपालिकाको समृद्धताः प्राङ्गारिक कृषि, पर्या–पर्यटन र आर्थिक समानता" लाई दीर्घकालीन सोचका रूपमा आत्मसात् गरेको छ । सोच उन्मुख रही प्रथम आवधिक योजनाको समष्टिगत लक्ष्य "नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक, वातावरण, संस्थागत सेवा प्रवाह, वित्तीय व्यवस्थापन र सुशासनमा अभिवृद्धि गरी नगरबासीको जीवनस्तरमा सुधार आएको हुने" रहेको छ । आवधिक योजनाको सुरुवाती वर्षदेखि विश्वव्यापी रूपमा देखा परेको कोभिड–१९ को महामारी र योजना कार्यान्वयनको दोस्रो वर्षदेखि सुरु भएको आर्थिक सङ्कुचनले आर्थिक सामाजिक क्षेत्रमा पारेको नकारात्मक प्रभाव, अपेक्षित स्रोत परिचालनमा देखिएको न्यूनता तथा प्राथमिकतामा आएको बदलाबका बाबजुद योजनाको मध्यावधि समीक्षा अवधिसम्म आइपुग्दा दिगो विकास लक्ष्य प्राप्तिमा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ ।

चालु प्रथम आवधिक योजनाले विषय क्षेत्रगत तथा वार्षिक नीति, कार्यक्रम तथा बजेटमा दिगो विकास लक्ष्य समावेश गर्ने रणनीतिका साथै दिगो विकास लक्ष्यको स्थानीयकरणको कार्यनीति लिएको छ । योजनाले दिगो विकास लक्ष्यसँग प्रत्यक्ष अन्तरसम्बन्ध कायम हुनेगरी परिमाणात्मक लक्ष्य निर्धारण गरेको छ । प्रथम आवधिक योजनाको आधार अवस्था (सन् २०१९), समीक्षा अवधि (सन् २०२२) को उपलब्धि, समष्टिगत परिमाणात्मक लक्ष्य र योजनाको परिमार्जित लक्ष्यलाई देहायको तालिकामा प्रस्तुत गरिएको छः

| सूचक | एकाइ | योजनाको आधार अवस्था, लक्ष्य, उपलब्धि र संशोधित लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|
| | | सन् २०१९ को अवस्था | मध्यावधि लक्ष्य (सन् २०२२ को) | सन् २०२२ सम्मको उपलब्धि | सन् २०२५ योजनाको लक्ष्य | संशोधित लक्ष्य |
| मानव विकास सूचकाङ्क | अङ्क | ०.५० | ०.५५ | ०.५८ | ०.६० | - |
| आर्थिक वृद्धि | प्रतिशत | ६.५० | ८.५० | ९ | ९.७० | - |
| कुल गार्हस्थ उत्पादन | रु. करोड | ५८६.४६ | ७९७.०५ | - | ९७७.९६ | - |
| प्रतिव्यक्ति वार्षिक आय | रु. हजार | १०२ | १३९ | १४२ | १७० | - |
| कृषि तथा पशुपालन क्षेत्रमा संलग्न जनसङ्ख्या | प्रतिशत | ८१.३९ | ७५ | ७५.८० | ७० | ७० |
| कृषि क्षेत्रको औषत वार्षिक वृद्धिदर | प्रतिशत | ६.५० | ९.७० | ९ | १० | १२ |

| सूचक | एकाइ | योजनाको आधार अवस्था, लक्ष्य, उपलब्धि र संशोधित लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|
| | | सन् २०१९ को अवस्था | मध्यावधि लक्ष्य (सन् २०२२ को) | सन् २०२२ सम्मको उपलब्धि | सन् २०२५ योजनाको लक्ष्य | संशोधित लक्ष्य |
| आम्दानीको दुई तिहाइभन्दा बढी खानामा खर्च गर्ने परिवार | प्रतिशत | ८० | ७५ | ७१ | ६५ | ७५ |
| कृषि उपज बेचबिखन गर्ने घर परिवार | प्रतिशत | १३ | २० | ४० | २५ | ५० |
| मापदण्ड अनुसार बनेका आवास घर | प्रतिशत | ५९ | ६६ | ७२ | ७४ | ८० |
| बाह्रै महिना सवारी साधन सञ्चालन हुने सडक | कि.मि. | २० | ४० | १२२.६० | ६० | २२३ |
| वन, बुट्यान क्षेत्र | प्रतिशत | ५५ | ५८ | ५७ | ६० | ५८ |
| बेरोजगारी दर | प्रतिशत | १०.३० | ५ | ७ | ४ | ४ |
| बैदेशिक रोजगारीमा गएको जनसङ्ख्या | स ङ्ख्या | २७३ | - | ० | ३४१ | ० |
| महिलाको नाममा सम्पत्ति हुने महिला | प्रतिशत | ११.६० | १५ | ० | २० | २० |
| पाइपबाट खानेपानी सुविधा पुगेको परिवार | प्रतिशत | ९४ | ९७ | ८६ | ९८ | ९९ |
| गरिबीको रेखामुनि रहेको जनसङ्ख्या | प्रतिशत | १२.४० | ११.७० | १२ | ११ | ११ |
| औषत आयु | वर्ष | ७० | - | ७२.१० | ८० | ७५ |
| साक्षरता दर | प्रतिशत | ९०.४० | - | ९२ | ९५ | ९६ |
| नगरपालिकाको सेवाबाट सन्तुष्ट जनसङ्ख्या | प्रतिशत | ३० | - | ९२ | ७० | ९५ |

*स्रोत: प्रथम आवधिक योजना मध्यावधि समीक्षा प्रतिवेदन, २०८०*

### २.३ विषय क्षेत्रगत रणनीतिक तथा गुरुयोजना

विषय क्षेत्रगत योजना तथा वार्षिक नीति, कार्यक्रम तथा बजेटमा दिगो विकास लक्ष्य समावेश गर्ने रणनीति बमोजिम नगरपालिकाले सडक गुरुयोजना तयार गरी सोअनुसार प्राथमिकीकरण भएका सडक निर्माण एवम् स्तरोन्नति गर्ने कार्य भइरहेको छ । विपदबाट हुने क्षतिलाई न्यूनीकरण तथा विपद् उत्थानशील समाज निर्माण गर्न यस नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९, तयार गरी कार्यान्वयनमा रहेको छ। त्यसैगरी, आ.व. २०७६/२०७७ को नीति तथा कार्यक्रमले निर्देशन गरेबमोजिम वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत नगरपालिकालाई उन्नत गाईको स्रोत केन्द्रको रूपमा विस्तार गर्ने एवम् कृषकलाई पशुपालन तर्फ आकर्षित गरी आर्थिक विकासमा टेवा पुर्‍याउन तथा परम्परागत पशु पालनलाई क्रमशः विस्थापित गर्दै एक घर उन्नत जातको गाईपालन गर्ने गराउने नीति अनुरूप कृषकलाई उन्नत गाई खरिदमा अनुदान एवम् तालिम सञ्चालन कार्ययोजना, २०७६ तयार गरेको छ।

### २.४ मध्यमकालीन खर्च संरचना

यस नगरपालिकाले आ.व. २०७९/०८० देखि नै मध्यमकालीन खर्च संरचना तर्जुमा गरी यसलाई दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरेको छ । यसका लागि दिगो विकासका लक्ष्य तथा सूचक र मध्यमकालीन नतिजा र कार्यक्रम र बजेट बिच अधिकतम सामञ्जस्य कायम गर्ने प्रयास समेत गरेको छ । यसका लागि मध्यमकालीन खर्च संरचनामा प्रस्तुत आर्थिक खाका तथा नतिजा खाकामा प्रस्तुत सूचकले प्रत्यक्ष वा परोक्ष रूपमा दिगो विकास लक्ष्यका सूचकसँग सम्बन्धित हुनेगरी समावेश गरिएको छ । त्यसैगरी, दिगो विकास लक्ष्यको आधारमा बजेटको बाँडफाँटको अवस्था अध्ययन पूर्वानुमान तथा प्रक्षेपण गरिएको छ । मध्यमकालीन खर्च संरचनामा प्रस्तुत विषय

क्षेत्रगत सोच, उद्देश्य, रणनीति तथा कार्यक्रम तथा आयोजना प्रत्यक्ष वा परोक्षरूपमा दिगो विकास लक्ष्यमा योगदान पुऱ्याउने खालका रहेका छन् । दिगो विकास लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने आयोजना तथा कार्यक्रमलाई प्राथमिकीकरण गरी लगानीको सुनिश्चितता गर्ने कार्यलाई पनि मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा नगरपालिकाले विशेष ध्यान दिएको छ।

### २.५ वार्षिक नीति, बजेट तथा कार्यक्रम

आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रममा दिगो विकास लक्ष्य स्वैच्छिक पुनरावलोकन प्रतिवेदनका आधारमा दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र निर्माण गरी लक्ष्य प्राप्तिलाई सुनिश्चित गर्न नीति, कार्यक्रम तथा आयोजना तर्जुमा, नियमित अनुगमन, मूल्याङ्कन र सुधारको पद्धति अवलम्बन गर्ने नीति समावेश गरिएको छ।
विगत आर्थिक वर्षको वार्षिक नीति, कार्यक्रम तथा बजेटमा आर्थिक वृद्धि गर्नु, वित्तीय दिगोपनको सुनिश्चितता गर्नु, नगरभित्रको आवागमन सुदृढ गर्न यातायात सञ्जालको सुधार र दिगो सहरी विकासलाई प्रवर्धनगर्नु, सामाजिक कल्याण र समावेशिताको अभिवृद्धि गर्नु, गुणस्तरीय सेवा प्रवाहमा अभिवृद्धि गर्नु, सुशासन र जवाफदेहिताको सुदृढीकरण गर्नु, वातावरण तथा फोहोरमैला व्यवस्थापन गर्नु र विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन गर्नुलाई नीति तथा कार्यक्रमका उद्देश्यका रूपमा लिएको छ। उल्लेखित उद्देश्यको परिपुर्तिका लागि वार्षिक बजेट तथा कार्यक्रममा कृषि तथा पशुपन्छी विकास, पूर्वाधार विकास, आर्थिक समृद्धि र रोजगारी सिर्जना, शिक्षा तथा सीप विकास, सामाजिक कल्याण र समावेशीकरण, विपद् जोखिम न्यूनीकरण र पर्यावरणीय दिगोपन, सांस्कृतिक संरक्षण र पर्यटन, प्रविधि तथा डिजिटल रुपान्तरण र क्षमता विकास तथा सुशासनलाई प्राथमिकता दिइएको छ।

## परिच्छेद ३: दिगो विकासको लक्ष्य स्थानीयकरण मार्गचित्र

यस परिच्छेदमा स्थानीय तहको संवैधानिक तथा कानुनी अधिकार क्षेत्र, नगरपालिकाको लागि सान्दर्भिक दिगो विकास लक्ष्यको पृष्ठभूमि, विगतको प्रवृत्ति, विद्यमान अवस्था, समस्या तथा चुनौति, परिमाणात्मक लक्ष्य, रूपान्तरणकारी रणनीति, कार्यक्रम तथा आयोजना र सान्दर्भिक सूचक र सोको लक्ष्य समावेश गरिएको छ।

## दिगो विकास लक्ष्य १: गरिबीको अन्त्य

### १.१ पृष्ठभूमि

नगरपालिकाले गरिबी निवारणलाई अन्तरसम्बन्धित विषयका रूपमा लिई नीति तथा कार्यक्रममा प्राथमिकता दिने गरेको छ । हाल गरिबी निवारणलाई मुख्य उद्देश्यका रूपमा लिई सङ्घीय सरकारका गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम एवम् प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेका छन्। भूमि व्यवस्थालाई स्थानीय परिवेश अनुरूप नियमन र व्यवस्थित गर्न अन्तरसरकार साझेदारीको प्रयास भैरहेका छन्। यस अन्तर्गत अव्यवस्थित बसोबासी, भूमिहीन दलित, भूमिहीन सुकुम्वासीको लगत सङ्कलन कार्य सम्पन्न भईसकेको छ भने वडा नम्बर ८, ९ र ११ को अव्यस्थित वसोवासी, भूमिहीन दलित, भूमिहीन सुकुम्वासीहरूले उपभोग गरिरहेको जग्गाको नापजाँचगर्ने कार्य समेत सम्पन्न भैसकेको छ। यस नगरपालिका क्षेत्रभित्रको जग्गाको वर्गीकरण पनि सम्पन्न भैसकेको छ। सूर्योदय नगरपालिकाको भूउपयोग कार्यविधि, २०७९ तयार भई कार्यान्वयनमा रहेको छ।

यसैगरी यस नगरपालिका क्षेत्रमा कुल १४६ वटा सहकारी संस्था सञ्चालनमा रहेका छन । जसमध्ये १२६ वटा सहकारी संस्था नगरपालिकाले नियमन गर्ने र २० वटा सहकारी संस्थाहरू प्रदेशबाट नियमन भैरहेका छन् । नगरपालिकाको नियमन भित्रका सहकारी संस्थाको जम्मा शेयर रकम रु. ६, ३७, ५८, ५८५, बचत रकम रु. ३०, ६५, १०, ९७४ र ऋण लगानी रकम रु. ७५, ४१, ३०, ५९८ रहेको छ। सहकारी संस्थाहरूको अन्य कोषमा रु. ३, ८३, ६९, १४८ र जगेडा कोषमा रु. ३, ९४, ९४, ५४९ रकम रहेको छ। सहकारी संस्थाका शेयर सदस्य जम्मा १२, ४८८ जना मध्ये महिलाको सङ्ख्या ८८२९ जना पुरुषको सङ्ख्या ३६५९ जना रहेको छ। सहकारी संस्थामा बाह्य ऋण रु. ४५, ८०, २०, ९५० रहेको छ। यस क्षेत्रमा कुल १० वटा वणिज्य बैंक र वित्तीय संस्थाबाट वित्तीय सेवा उपलब्ध हुँदै आएको छ । यस नगरपालिका क्षेत्रमा बसोबास गर्ने कुल घरपरिवारमध्ये करिव ८५ प्रतिशत घरपरिवारको बैंक खाता रहेको छ।

### १.२ विगतको प्रवृत्ति

यस नगरपालिकाले गरिबी निवारणको सवाललाई अन्तरसम्बन्धित सवालका रूपमा आत्मसात् गर्दै योजनावद्ध विकासको बहुआयामिक प्रयाससँग आबद्ध गर्दै आएको छ । नगरपालिकामा गरिबी निवारणका लागि प्रत्यक्ष योगदान पुग्नेगरी गरिबसँग विश्वेश्वर कार्यक्रम, लघुउद्यम विकास कार्यक्रम एवम् प्रधानमन्त्री रोजगार कार्यक्रमहरूको कार्यान्वयन गरिएको छ। नगरपालिकाको प्रथम आवधिक योजनाले गरिबीको रेखामुनि रहेको परिवार सङ्ख्या १२.४ प्रतिशतबाट ११ प्रतिशतमा झार्ने लक्ष्य लिएकोमा सन् २०२२ मा यस क्षेत्रको गरिबी ११.७ प्रतिशत रहेको देखिन्छ।

विगतमा सहकारी संस्थाहरूको नियमन डिभिजन सहकारी कार्यालय इलामले गर्दै आएकोमा २०७४ सालदेखि यस नगरपालिकामा १२६ वटा सहकारी संस्थाहरूको फायलसहित हस्तान्तरण भएको थियो । सोही वर्षदेखि सहकारी संस्थाको नियमन, निरीक्षण, अनुगमन, क्षमता अभिवृद्धि तालिम नगरपालिकाले गर्दै आएको छ । भूउपयोगलाई व्यवस्थित तुल्याउन भूउपयोग कार्यविधि, २०७९ तयार गरिएको छ भने जग्गा वर्गीकरणको कार्य सम्पन्न भएको छ।

### १.३ विद्यमान अवस्था

सन् २०२३ सम्म आइपुग्दा यस क्षेत्रको गरिबी करिव ११.४ रहेको छ। कृषि, पर्यटन, व्यापार व्यवसाय र सेवा क्षेत्रमा आयआर्जनका अवसरहरू तयार भएका छन्। नगरपालिकाले गरिबी निवारणका लागि विपन्न घरपरिवार पहिचान गरी विशेष कार्यक्रम सञ्चालन गर्न तर्फ अग्रसर रहेको छ । भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी घरपरिवार सङ्ख्या क्रमशः ६५, ११७ र २२५० रहेको छ भने सुकुम्बासी तथा अव्यवस्थित बसोबासी जनसङ्ख्या ९ हजार ८ सय १४ रहेको छ।

नगरपालिका क्षेत्रभित्र जम्मा १४६ वटा सहकारी संस्था क्रियाशील रहेका छन्। जसमध्ये प्रदेश सरकारले नियमन गर्ने २० वटा जसमा कृषि १०, चिया २, दुग्ध ५, बहुउद्देश्यीय २, बचत १ रहेको र नगरपालिकाले नियमन गर्ने सहकारीको सङ्ख्या १२६ रहेको छ । उत्पादनमूलक सहकारीको सङ्ख्या १०० रहेको छ । जसमध्ये अलैँची सहकारी २, कफी सहकारी १, कृषि सहकारी ३२, चिया सहकारी १४ र दुग्ध उत्पादक सहकारीको सङ्ख्या ५०, बहुउद्देश्यीय १३, बचत तथा ऋण ९ र साना किसान सहकारी संस्था ५ रहेका छन्।

### १.४ समस्या तथा चुनौति

सूर्योदय नगरपालिकामा शहरी तथा ग्रामीण विशेषता सहितको गरिबी विद्यमान रहेको छ। गरिबी निवारणको विगत छ दशक लामो अभ्याससँगै महत्त्वपूर्ण उपलब्धि हासिल भएपनि गरिबी निवारणको दिशामा लिएको दिगो विकासको लक्ष्य हासिल गर्नु चुनौतिपूर्ण रहेको छ । रोजगारीका परम्परागत क्षेत्र सङ्कुचित हुँदै जानु, आय आर्जनका नवीन क्षेत्रसँग आबद्ध हुनको लागि सीप, दक्षता तथा क्षमताको कमी हुनु, उपयोगितावादी भड्किलो संस्कृति विकास हुनु र विपद् तथा आर्थिक मन्दीका कारण आयआर्जनका अवसर गुम्दै जानुले गरिबी निवारणमा कठिनाइ देखा परेको छ। लक्ष्य अनुरूप गरिबी घटाउनु, असमानता न्यूनीकरण गर्नु र दिगो रोजगारीका अवसर सिर्जना गर्नु प्रमुख चुनौतिका रूपमा रहेका छन्। अव्यवस्थित बसोवासी तथा सुकुम्बासीहरू पहिचान एवम् व्यवस्थापन चुनौतिपूर्ण रहेको छ। सार्वजनिक जग्गाको अतिक्रमणको समस्या निराकरणमा कठिनाइ रहेको छ । भूउपयोग योजनाको तयारी र कार्यान्वयनमा कठिनाइ देखिएको छ।

प्रदेशबाट नियमन हुने सहकारी संस्थाहरूको कुनै पनि विवरण नगरपालिकामा अद्यावधिक हुन सकेको छैन। यस्तै अन्य स्थानीय तहमा मुख्य कार्यालय रही यस नगरपालिकामा समेत कार्यक्षेत्र बिस्तार गरी यस नगरपालिकामा शाखा तथा सेवा केन्द्र स्थापना गरी सञ्चालनमा रहेका प्रदेश तथा सङ्घीय सरकारको नियमन क्षेत्राधिकारभित्र पर्ने सहकारी संस्थाहरूको विस्तृत विवरण समेत हासिल हुन सकेको छैन। बैंक, वित्तीय संस्था एवम् सहकारीहरूको सङ्ख्या तथा कारोवार उच्च रहेको भएता पनि अनौपचारिक क्षेत्रबाट हुने कारोवारको अवस्था उल्लेखनीय रहेको छ। राष्ट्रिय परिदृष्यमा केही सहकारी संस्थाहरूमा देखिएको सुशासनको कमी एवम् बचत अपचलनका कारण सहकारी क्षेत्रमा विश्वास कमजोर हुँदै गएको छ। बैंक, वित्तीय संस्था एवम् सहकारी क्षेत्रको लगानी उत्पादनशील क्षेत्रमा केन्द्रित हुन सकेको छैन। भौगोलिक विविधताका कारण सहकारीहरू आधुनिक सूचना प्रविधिको उपयोगमा कठिनाइ रहेको छ। सहकारीहरूमा वित्तीय दक्षताको कमी, धितो राख्ने सम्पत्तिको अभाव, व्यावसायिक परियोजना प्रस्ताव आफैले तयार गर्न नसक्नु र आवश्यक सहयोगका लागि सेवा केन्द्रको कमी रहेको छ । बैंक तथा वित्तीय क्षेत्रमा आर्थिक सामाजिक रूपमा पछाडि परेको समुदायमा वित्तीय सेवामा न्यून पहुँच रहेको छ।

### १.५ लक्ष्य

- हरेक क्षेत्रमा रहेका सबै स्वरूपहरूको गरिबीको अन्त्य गर्ने

### १.६ उद्देश्य

१. गरिबी निवारण कार्यक्रमहरूमा बढ्दै गएको लगानीलाई सहयोग पुऱ्याउन स्थानीय स्तरमा दरिलो नीतिगत संरचनाहरू सिर्जना गर्नु,
२. गरिबीको अवस्थामा रहेका सबै उमेरका पुरुषहरू, महिलाहरू र बालबालिकाहरूको अनुपात कम्तीमा आधा घटाउनु,
३. गरिब तथा विपन्न नागरिकलाई सामाजिक सुरक्षा पहुँच तथा आर्थिक स्रोत साधनहरूमा समान अधिकार सुनिश्चित गर्नु,
४. गरिब र विपन्न अवस्थामा रहेका मानिसहरूको आर्थिक तथा सामाजिक दुष्प्रभाव र विषद् जोखिम कम गर्नु,
५. बैंकिंङ, बीमा र वित्तीय सेवामा सबैको पहुँच सुनिश्चित गर्नु,
६. सहकारी संस्थाको संस्थागत क्षमता, वित्तीय साक्षरता, पुँजी निर्माण र उद्यमशीलता विकासमा सहयोग गर्नु।

### १.७ रणनीति

१. गरिब घरपरिवार पहिचान गरी सोसम्बन्धी विवरण अद्यावधिक गर्ने,

२. गरिब घरपरिवारको उत्पादनमूलक रोजगारीका अवसरको अभिवृद्धि गर्ने,
३. वञ्चित तथा गरिब घरपरिवारलाई तत्कालीन तथा दीर्घकालीन आवश्यकताको सम्बोधन गर्ने,
४. गरिबी निवारण तथा सामाजिक संरक्षणका लागि अन्तर सरकार एवम् निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने,
५. सार्वजनिक जग्गाको अतिक्रमण नियन्त्रण गर्दै सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधान गर्न अन्तर–सरकार साझेदारी र सहकार्यलाई सुदृढ बनाउने,
६. सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्न अन्तरसरकार साझेदारी र सहकार्यलाई सुदृढ गर्ने,
७. बैंक तथा वित्तीय संस्थामा नगरवासीको सहज पहुँच स्थापित गर्न वित्तीय साक्षरता विस्तार र औपचारिक कारोवारलाई प्रोत्साहन गर्ने ।

### १.८ प्रमुख कार्यक्रम तथा आयोजना

#### क. नगरपालिकाको लगानी प्रक्षेपण

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | लगानी अनुमान (रू.हजारमा) |
|---|---|---|
| १. | वेरोजगार, विपन्न तथा भूमिहीनको नक्साङ्कन तथा तथ्याङ्क व्यवस्थापन | ९५९ |
| २. | सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | ३८३८ |
| ३. | गरिबी निवारण कार्यक्रम | ५७५६ |
| ४. | गरिबसँग विश्वेश्वर कार्यक्रम | ५११७ |
| ५. | उद्यमशीलता विकास तथा स्वरोजगार प्रवर्धनकार्यक्रम | ५७५६ |
| ६. | वैदेशिक रोजगारबाट फर्केका कामदारका लागि आर्थिक तथा सामाजिक संयोजन (Integration) कार्यक्रम | ३८३८ |
| ७. | व्यवसाय विकास सेवा केन्द्र/प्रवाह कार्यक्रम | २८७८ |
| ८. | वित्तीय सेवा तथा सहकारी प्रवर्धनकार्यक्रम | ६७१६ |
| ९. | वित्तीय साक्षरता तथा सेवा विस्तार कार्यक्रमा | २८७८ |
| १०. | भूमि व्यवस्थापन कार्यकम | ७६७५ |
| ११. | सीप विकास, आयआर्जन तथा व्यवसाय विकास कार्यक्रम | ९५९ |
| | **जम्मा** | **४६३७१** |

#### ख. समग्र लगानी प्रक्षेपण

| क्र. सं. | लगानीको स्रोत | आवधिक लगानी (रु. हजारमा) |
|---|---|---|
| १ | नगरपालिका | ४६३७१ |
| २ | सङ्घीय सरकार | २३४०००० |
| ३ | प्रदेश सरकार | ११७००० |
| ४ | अन्य क्षेत्र (निजी, समुदाय, सहकारी तथा गैसस) | २१७६८४ |
| | **जम्मा** | **२७२१०५५** |

### १.९ परिमाणात्मक लक्ष्य

| सूचक | एकाइ | सन् २०३० को लक्ष्य | | विद्यमान अवस्था र लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | कोशी प्रदेश | आधार अवस्था (सन् २०२२) | वर्तमान अवस्था (सन् २०२३) | लक्ष्य (सन् २०३०) |
| राष्ट्रिय गरिबीको रेखामुनि रहेका | प्रतिशत | ४.९ | ४.१ | ११.७० | ११.५ | ४ |

| सूचक | एकाइ | सन् २०३० को लक्ष्य | | विद्यमान अवस्था र लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | कोशी प्रदेश | आधार अवस्था (सन् २०२२) | वर्तमान अवस्था (सन् २०२३) | लक्ष्य (सन् २०३०) |
| जनसङ्ख्याको अनुपात | | | | | | |
| गरिब घरपरिवार | सङ्ख्या | - | - | १३०१ | १०३० | ५०० |
| बहु आयामिक गरिबीमा रहेको जनसङ्ख्या | प्रतिशत | ६.४८ | ६.५ | १२.९ | १२.७ | ५ |
| ३० मिनेटको दुरीमा बजारको केन्द्रसम्म पहुँच भएका घरपरिवार | प्रतिशत | ९० | ९३.५ | ५० | ५२ | ९४ |
| सहकारी सेवा पहुँच जनसङ्ख्या | प्रतिशत | ८० | ८२.५० | ५० | ५० | ६० |
| वित्तीय सेवाहरूमा पहुँच | प्रतिशत | | ८५ | ८० | | |
| औपचारिक वित्तीय सेवामा समेटिएका घरपरिवार | प्रतिशत | - | ८१.३ | ६२.४८ | ७० | ८० |
| बैंक खाता भएका घरपरिवार | प्रतिशत | ५० | - | ४६ | ५५ | ६५ |
| प्रति १ लाख वयस्कमा वाणिज्य बैकको शाखा | सङ्ख्या | ३६ | - | ८ | ३१ | ३६ |
| प्रति १ लाख वयस्कहरूमा एटिएम सङ्ख्या | सङ्ख्या | ३३ | - | ८ | ३१ | ३३ |
| वित्तीय साक्षरता कक्षामा सहभागी | सङ्ख्या | - | - | १०० | ३०५ | १००० |
| गरिबी न्यूनीकरणको लागि सरकारद्वारा प्रत्यक्ष रूपमा विनियोजित स्रोत साधनको अनुपात | प्रतिशत | - | - | २.९ | ३.० | ५.० |
| आवश्यक सेवा (शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा) मा स्थानीय तहले गरेको कुल सरकारी खर्चको अनुपात | अनुपात | - | - | ४३.४४ | ४३.७० | ५०.० |

## दिगो विकास लक्ष्य २: भोकमरीको अन्त्य

### २.१ पृष्ठभूमि

सूर्योदय नगरपालिकाको अर्थतन्त्रको ठूलो हिस्सा कृषिले ओगटेको छ र बहुसङ्ख्यक जनसङ्ख्याका लागि कृषि तथा पशुपालन नै जीविकाको प्राथमिक स्रोतको रूपमा रहेको छ। यस नगरपालिकाभित्र व्यावसायिक कृषि अन्तरगत नगदे बालीको व्यापकता रहेको छ। यस क्षेत्र पाँच "अ" (अदुवा, अलैँची, चिया, अम्लिसो र अकबरे खुर्सानी) को उत्पादन हुने प्रमुख स्थानको रूपमा पनि सुपरिचित छ। मौसमी तथा बेमौसमी तरकारी, फलफूल तथा आलु र पशुपन्छीपालन अन्तर्गत मुख्य रूपमा गाईपालनमार्फत यस क्षेत्रका कृषकहरू प्रशस्त आय आर्जन गर्न सफल भएका छन्। कृषि तथा पशुपन्छीजन्य उत्पादनमा आधारित उद्योग तथा प्रशोधन केन्द्रहरू स्थापना भएका छन्। खाद्य सुरक्षाका दृष्टिले अन्नबालीको उत्पादन न्यून भएपनि स्थानीय बजारमा सहज तथा पर्याप्त उपलब्धता रहेको छ। कृषि क्षेत्रको विकासका लागि सिँचाइ सुविधाको विस्तार हुँदै गएको छ।

सडक यातायातको सहज पहुँचका कारण बजारीकरणमा सहजता रहेको छ। किसानको आम्दानी र कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न नगरपालिकाले उच्च मूल्यका बालीखेती तथा उन्नत नश्लका पशुपन्छी पालनलाई प्रोत्साहन गर्दै

आएको छ। कृषि तथा पशुपन्छीजन्य उत्पादनका लागि आवश्यक शीतभण्डार, सङ्कलन केन्द्र, बिक्री केन्द्र जस्ता पूर्वाधार विकास गर्ने र स्थानीय कृषि  उपजको बजार व्यवस्थापन गर्न सहजीकरणको भूमिका खेल्ने नीति नगरपालिकाले लिएको छ । अर्गानिक कृषि उत्पादनलाई प्रोत्साहन गर्न कृषिजन्य वस्तुको बजारीकरणको लागि नगरस्तरीय बिक्री तथा सङ्कलन केन्द्र साथै कृषि एम्बुलेन्सको व्यवस्थापन गरी प्रभावकारी रूपमा सञ्चालनको तयारीमा रहेको छ।

## २.२ विगतको प्रवृत्ति

विगतमा अधिकांश कृषकहरूले परम्परागत रूपमा खेती गर्ने अभ्यास रहेको थियो जसमा शारीरिक श्रम र प्राथमिक औजारहरूमा निर्भर हुनुपर्ने अवस्था रहेकोमा कृषि क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल भएका छन्। उन्नत बीउ-बिजन, सिँचाइ सुविधा, प्राविधिक तथा दक्ष जनशक्ति, पूर्वाधार, आधुनिक प्रविधिको विस्तार गर्दै लगिएको छ। कृषि तथा पशुपालनलाई व्यावसायिक गराउँदै लगिएको छ । पशुपालन व्यवसायमा उन्नत गाईपालन तथा घाँसखेती, व्यावसायिक कुखुरापालन तथा  माछा पालनको थालनी गरिएको छ।

प्रथम आवधिक योजनाको आधार वर्षमा वर्षभरि सिँचाइ हुने जमिन ७०८ हेक्टर रहेकोमा २०७९/०८० मा १०९१ हेक्टर पुगेको छ। सोही अवधिमा सञ्चालित चिया उद्योग ६३ बाट ६२, कृषि पकेट क्षेत्र ३ वटाबाट ५ वटा पुगेको र प्रतिदिन दुध उत्पादन ३७, ४३९ लिटरबाट ४०, ००० लिटर पुगेको देखिन्छ।

## २.३ विद्यमान अवस्था

यस नगरपालिका क्षेत्रमा कुल ९८३४.४ हेक्टर कृषियोग्य भूमि रहेको छ। नगरक्षेत्र भित्रका कुल ११, ९५९ कृषक परिवारमध्ये ९७.६३ प्रतिशत कृषक परिवारले आफ्नै स्वामित्वमा रहेको जमिनमा खेती गर्ने गरेका छन्। क्षेत्रफलको हिसाबले ९६.३५ प्रतिशत जमिन खेती गर्ने किसानको स्वामित्वमा र बाँकी जमिनको स्वामित्व अन्यमा रहेको छ। कुल कृषक परिवारमध्ये ८८.१३ प्रतिशत परिवारको आम्दानीको मुख्य स्रोत कृषि रहेको छ। कुल कृषक परिवारमध्ये ६, ०७५ परिवारको मुख्यतया तरकारी बालीखेती गर्छन्  भने ४३०१ कृषक परिवारको मुख्य बाली नगदेबाली रहेको छ। नगरपालिका क्षेत्रमा व्यावसायिक कृषिको विकास हुँदै गएको छ। बजार तथा सडक विस्तार एवम् आयस्रोतमा वृद्धिका कारण खाद्य सुरक्षाको उपलब्धता र पहुँच सहज रहेको छ। कृषिमा  आधुनिक यान्त्रिकीकरण अवलम्बन गर्ने कृषक करिब १० प्रतिशत रहेको छ। करिब २० प्रतिशत कृषकले आधुनिक कृषि प्रविधि (टनेल, मल्चिंग, ड्रिप सिँचाइ आदि)  अपनाउने गरेका छन् । हाल आधुनिक कृषि अभ्यास र प्रविधि अपनाउने कृषकको सङ्ख्या बढ्दो रहेको देखिन्छ। यस नगरपालिकाभित्र १, ०९१ हेक्टर क्षेत्रफलमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध रहेको छ। यस नगरपालिकामा ३५० भन्दा बढी कृषि फर्महरू सञ्चालनमा रहेका छन्  भने  क्रियाशील ६३ कृषक समूहमा हालसम्म १, ५९३ जना कृषक आबद्ध रहेका छन्। यस नगरपालिका क्षेत्रमा वार्षिक खाद्यान्न उत्पादन ९०० मे.टन, स्कुस उत्पादन ५, ९२२ मे.टन, आलु उत्पादन २, ८५८ मे.टन, चिया उत्पादन १५, ००० मे.टन, अलैँची उत्पादन २९७ मे.टन रहेको छ। गाईभैँसीपालन गर्ने कुल ८, ७४५ कृषक परिवारमध्ये नब्बे प्रतिशतभन्दा अधिक घरपरिवारले उन्नत (जर्सी/ होलस्टिन) गाईपालन गरिरहेका छन्। दुधको वार्षिक दुध उत्पादन २, ५८, ४४, ००० लिटर, मासु उत्पादन ४७० मे.ट. र माछा उत्पादन ५ मे.टन रहेको छ। उन्नत घाँसखेती गर्ने प्रचलन बढ्दै गएको यस क्षेत्रमा करिब ३०० हेक्टर क्षेत्रफलमा घाँसखेती हुने गरेको छ।

## २.४ समस्या तथा चुनौति

कृषि क्षेत्रमा व्यावसायिकताको विकास हुँदै गएको भएता पनि यस क्षेत्रमा भौगोलिक विकटता र उवर्रशील भूमिको न्यूनता रहेको छ। कृषि उपजको उत्पादन मूल्य र उपभोक्ता मूल्यबिच अन्तर उच्च हुने प्रवृति र कृषि उपजको बजार मूल्यमा अनिश्चितता कायम रहेको छ। गैरकृषि क्षेत्रमा आकर्षण बढनु बाँझो जमिनको अनुपात बढ्दै जानु र खेतीयोग्य जमिनमा भौतिक पूर्वाधार विस्तार हुँदै जानु चुनौतिका रूपमा रहेको छ। कृषि उपजको बजारमा सीमित व्यवसायीको एकाधिकार हुँदा कृत्रिम अभाव र मूल्य वृद्धिको समस्या समाधान निकै चुनौतिपूर्ण रहेको छ। मागअनुसारको मल आपूर्ति हुन नसक्नु, सिँचाइ सुविधाको कमी र प्राविधिक तथा दक्ष जनशक्तिको कमी कृषि क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन्। पशुपालन व्यवसायमा प्रमुख समस्याको रूपमा भौगोलिक तथा वातावरणीय हिसाबले उच्च

प्रतिफल दिने घाँसहरूको उत्पादन गर्न कठिनाइ रहेको छ। आयातित दानाहरूको गुणस्तर कायम हुन सकेको छैन। कृषि तथा पशुपालन क्षेत्रमा रोगको प्रकोप उच्च रहेको छ। पशुपन्छीको रोग पहिचानको लागि प्रयोगशाला नभएको कारण रोग पहिचान गर्न कठिनाइ रहेको छ भने उपचारको लागि चाहिने आवश्यक सबै किसिमका औषधी तथा उपकरणहरूको कमी रहेको छ। खाद्यन्न तथा खाद्य वस्तुमा अत्यधिक बाह्य निर्भरता रहेको छ भने आयातित तथा बजारमा उपलब्ध वस्तुको गुणस्तर मापन तथा अनुगमनको कमी रहेको छ।

### २.५ लक्ष्य

- खाद्य सुरक्षा तथा उन्नत पोषण र दिगो कृषिको प्रवर्धन गर्ने

### २.६ उद्देश्य

१. सबै नागरिकको सुरक्षित, पोषणयुक्त र पर्याप्त खानामा बर्षैभरि पहुँच सुनिश्चित गर्नु,
२. दिगो तथा उत्थानशील कृषि अभ्यास, जमिन र माटोको गुणस्तर अभिवृद्धि गर्नु,
३. पशुजन्य उत्पादन तथा उत्पादकत्वमा वृद्धि ल्याउनु,
४. कृषि तथा पशुपालन व्यवसायलाई विशिष्टीकृत तथा व्यावसायिक तुल्याउनु,
५. कृषि तथा पशुपन्छी व्यवसायको विकासमा उच्चस्तरको सेवा तथा सुविधा उपलब्ध गराउनु,
६. कृषि तथा  पशुपन्छी व्यवासायबाट उच्च आय तथा स्वरोजगारको अवसरमा सिर्जना गर्नु।

### २.७ रणनीति

१. खाद्यान्न उत्पादन र उच्च मूल्य बाली, व्यावसायिक तथा विशिष्टीकृत कृषिको विकास गर्ने गरी
२. कृषि तथा पशुपन्छीजन्य उत्पादनको प्रशोधन, भण्डारण र बजारीकरणलाई व्यवस्थित गर्ने,
३. बजारको मागअनुसारका कृषि क्षेत्रको प्रवर्धनमा सहकारी खेती प्रणालीलाई प्रवर्धनर प्रोत्साहन गर्ने,
४. अन्तर–सरकार एवम् समुदायसँगको साझेदारी तथा सहकार्यमा सिँचाइ सुविधाको विस्तार र व्यवस्थापनलाई प्रभावकारी गराउने,
५. कुलो तथा नहरबाट सिँचाइ सुविधा पुग्न नसक्ने क्षेत्रमा वैकल्पिक विधिबाट सिँचाइ सुविधाको विस्तार गर्ने,
६. पशुपंक्षी पालनबाट गरिब तथा सामाजिक रूपमा पिछडिएका वर्गको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउने,
७. उन्नत पशुपालन पेसालाई कृषक परिवारको प्रमुख आय स्रोतको रूपमा विकास गर्ने माध्यमका रूपमा विकसित गर्ने।

### २.८ प्रमुख कार्यक्रम तथा आयोजना

**क. नगरपालिकाको लगानी प्रक्षेपण**

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | लगानी अनुमान (रू. हजारमा) |
|---|---|---|
| १. | कृषि तथा पशुपालन सम्बन्धी नीति, ऐननियम, कार्यविधि, मापदण्ड तथा तथ्याङ्क, योजना तर्जुमा तथा अद्यावधीकरण | ४९७९ |
| २. | प्राङ्गारिक कृषि प्रवर्धन कार्यक्रम | ८२९७९ |
| ३. | माटो गुणस्तर सुधार कार्यक्रम | ४१४९ |
| ४. | नगदेबाली प्रवर्धन कार्यक्रम | २७६६० |
| ५. | कृषक सीप तथा क्षमता अभिवृद्धि कार्यक्रम | ८२९८ |
| ६. | कृषि तथा पशुपंक्षी पूर्वाधार तथा बजार विकास तथा प्रवर्धन | ६९१४९ |
| ७. | सिँचाइ सेवा तथा सुविधा विकास, विस्तार, मर्मत सम्भार तथा व्यवस्थापन आयोजना | २०७४४७ |
| ८. | उच्च सम्भाव्य कृषि व्यवसाय प्रवर्धन कार्यक्रम (मौरी, च्याउ, पुष्प, फलफूल र | २०७४५ |

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | लगानी अनुमान (रू. हजारमा) |
|---|---|---|
| | जडीवुटी) | |
| ९. | कृषि जमिन, चरन तथा सार्वजनिक पर्ती जग्गाको नियमन तथा व्यवस्थापन | ८३० |
| १०. | कृषि प्रसार कार्यक्रम (नयाँ र उच्च मूल्यका कृषि उत्पादन सम्बन्धी प्रविधि तथा वस्तुको वितरण र बजारीकरण, बाली संरक्षण, कृषि यान्त्रिकीकरण) | १०३७२४ |
| ११. | पशुपन्छीपालन तथा विकास कार्यक्रम (पशु नश्ल सुधार तथा व्यवस्थापन, गोठ सुधार, पशु बीमा तथा ऋणको सहजीकरण, पशुपन्छीजन्य सेवा, पशुपालन यान्त्रीकरण तथा पशुस्वास्थ्य सेवाको व्यवस्थापन, पशुजन्य पदार्थ उत्पादन, प्रशोधन तथा विविधीकरण) | १६५९५८ |
| १२. | मत्स्य प्रवर्धनकार्यक्रम | ६९५९१६ |
| १३. | पशु आहार व्यवस्थापन कार्यक्रम | ८२९८ |
| १४. | पशु बजार, पशु बधशाला तथा चिस्यान घर निर्माण तथा व्यवस्थापन | २७६६० |
| १५. | स्थानीय तहमा खाद्य सुरक्षा तथा पोषणको अवस्था पहिचान, सूचना तथा तथ्याङ्क प्रणाली व्यवस्थापन | ४१४९ |
| १६. | विद्यालय तथा स्वास्थ्य संस्था मार्फत पोषण कार्यक्रम सञ्चालन | ४१४९ |
| १७. | कृषि नवप्रवर्तन तथा जलवायु अनुकूलन प्रणाली विकास | ४१४८९ |
| १८ | क्षमता विकास कार्यक्रम | ४२८४ |
| | **जम्मा** | **८०६६९०** |

**ख. समग्र लगानी प्रक्षेपण**

| क्र. सं. | लगानीको स्रोत | आवधिक लगानी (रु. हजारमा) |
|---|---|---|
| १ | नगरपालिका | ८०६६९० |
| २ | सङ्घीय सरकार | २४२०१ |
| ३ | प्रदेश सरकार | १६१३४ |
| ४ | अन्य क्षेत्र (निजी, समुदाय, सहकारी तथा गैसस) | ५६४६८३ |
| | **जम्मा** | **१४११७०७** |

**२. ९ परिमाणात्मक लक्ष्य**

| सूचक | एकाइ | सन् २०३० को लक्ष्य | | नगरपालिकाको विद्यमान अवस्था तथा लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | कोशी प्रदेश | आधार अवस्था (सन् २०२२) | वर्तमान अवस्था (सन् २०२३) | लक्ष्य (सन् २०३०) |
| कूल उपभोगको दुई-तिहाइभन्दा बढी खानामा खर्च गर्ने जनसङ्ख्या प्रतिशत | प्रतिशत | ३ | - | - | २० | १५ |
| प्रतिव्यक्ति खाद्यान्न उत्पादन (के.जी.) | केजी | ५३० | - | १७.२९ | १७.३४ | १८ |
| पाँच वर्षमुनिका कम तौल हुने बालबालिका | प्रतिशत | ९ | - | ०.३ | ०.७२ | ०.२ |
| विद्यमान कृषि तथा निजी वन क्षेत्र (राष्ट्रिय हजार हेक्टरमा) | प्रतिशत | २६४१ | - | ६८.८ | ६८.८ | ७० |
| कुल खेतीयोग्य भूमिमध्ये वर्षभरि सिँचाई सुविधा पुगेको | प्रतिशत | ८० | - | ११.९७ | १२.३० | २० |
| माटोमा जैविक पदार्थ (बाली लगाइएको | प्रतिशत | ४ | - | ३.९ | ३.९ | ४ |

| सूचक | एकाइ | सन् २०३० को लक्ष्य | | नगरपालिकाको विद्यमान अवस्था तथा लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | कोशी प्रदेश | आधार अवस्था (सन् २०२२) | वर्तमान अवस्था (सन् २०२३) | लक्ष्य (सन् २०३०) |
| भूमिको प्रतिशत) | | | | | | |
| कृषिमा सरकारी खर्च (कूल बजेटको प्रतिशत) | प्रतिशत | - | - | ५.९१ | ४.८६ | ८ |
| दैनिक दुध उत्पादन | लिटर | - | - | ७०००० | ७५००० | २००००० |
| मासु उत्पादन वार्षिक | मे. ट | - | - | ४६५ | ४७० | ४८५ |
| माछा उत्पादन वार्षिक | मे. ट | - | - | २ | ५ | १५ |

## दिगो विकास लक्ष्य ३: स्वस्थ तथा मर्यादित जीवन

### ३.१ पृष्ठभूमि

नेपालको संविधानले निर्दिष्ट गरेका साझा अधिकार क्षेत्रमा रहेको स्वास्थ्यसेवा सम्बन्धी सङ्घीय, प्रादेशिक र स्थानीय नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन गर्दै जनस्वास्थ्यको स्थितिमा सुधार ल्याउन स्वास्थ्य सम्बन्धी स्थितिको विश्लेषण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका समग्र गतिविधि समेटेर नगर क्षेत्रभित्र जनस्वास्थ्य सम्बन्धी विकासका प्रयास र प्रतिफलहरू नगरवासीमाझ पुऱ्याउन नगरपालिका क्रियाशील रहेको छ।

सूर्योदय नगरपालिकाले स्वास्थ्य सेवालाई व्यवस्थित, प्रभावकारी र जनमुखी बनाउन स्वास्थ्य ऐन, २०७८; स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७६; अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य बीमा सञ्चालन कार्यविधि, २०७७; अति विपन्न नागरिकको स्वास्थ्य उपचार सहायता कोष सञ्चालन कार्यविधि, २०७७; सूर्योदय नगरपालिकामा मदिरा तथा सुर्ती जन्य वस्तु नियन्त्रण र नियमन ऐन, २०८०; नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९, अति विपन्न नागरिक स्वास्थ्य उपचार सहायता कोष सञ्चालन कार्यविधि, २०७७, स्थानीय बीमा संयोजन कार्यविधि, २०७९, एम्बुलेन्स सञ्चालन निर्देशिका, २०७९ र स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका, २०७५ तयार गरेको छ।

### ३.२ विगतको प्रवृत्ति

चालु आवधिक योजनाको अवधिमा कोभिड–१९ को महामारीको दुष्प्रभावका बाबजुद स्वास्थ्य क्षेत्रका सूचकहरूमा उल्लेखनीय सुधार आएको छ। योजनाको आधार वर्ष सन् २०१९ मा पूर्ण खोप प्राप्त गर्ने लक्षित वर्गका बालबालिका ६३ प्रतिशत रहेकोमा हाल ९५.९ प्रतिशत, प्रोटोकल अनुसार स्वास्थ्य परीक्षण सेवा पाउने गर्भवती महिला सङ्ख्या ३३.६ प्रतिशतबाट ६४.१० पुगेको, पाँच वर्षमुनिका कम तौल भएका बालबालिका सङ्ख्या ०.२८ प्रतिशत पुगेको छ। त्यसैगरी, स्वास्थ्य बीमा गरिएका परिवार सदस्य सङ्ख्या २१ प्रतिशतबाट ४२ प्रतिशत पुगेको देखिन्छ।

### ३.३ विद्यमान अवस्था

स्वास्थ्यका दृष्टिले यस नगरपालिका क्षेत्रभित्र १ वटा नगर अस्पताल, १ वटा प्राथमिक स्वास्थ्य केन्द्र, ६ वटा स्वास्थ्य चौकी, ५ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, १ वटा शहरी स्वास्थ्य केन्द्र रहेका छन्। कोशी प्रदेश अन्तर्गतको एउटा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रसमेत यसै नगरपालिकाभित्र रहेको छ। यस नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूमध्ये पाँच वटामा बर्थिङ्ग सेन्टर सञ्चालनमा रहेको र ६ वटा स्वास्थ्य संस्थामा ल्याब सेवा सञ्चालन गरिएको छ भने यस नगरपालिकामा ३५ वटा गाउँघर क्लिनिक र ३४ वटा खोप केन्द्रहरू सञ्चालनमा रहेका छन्। गर्भवती र सुत्केरी अवस्थाका महिलाहरूको वार्षिक रूपमा हुने मृत्यु २ रहेको छ।

आ.व. २०७९/०८० मा नगरपालिकाभित्रका बर्थिङ सेन्टरमा दक्ष प्रसूतिकर्मीको सहयोगमा सुरक्षित प्रसूति हुने १० प्रतिशत र घरमा सुत्केरी हुने ०.७७ प्रतिशत रहेको देखिन्छ भने महिला स्वास्थ्य स्वयंसेविकाहरूको सहयोगमा लिईएको तथ्याङ्क अनुसार नगरभित्र र बाहिर गरी कुल संस्थागत प्रसूतिको सङ्ख्या ९६.४ प्रतिशत रहेको छ। वार्षिक मृत्यु हुने पाँच वर्षमुनिका बालबालिका प्रति हजार ०.५७ रहेको छ। स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध भएका

घरपरिवार चालु आ.व. २०८०/०८१ को चैत्रसम्ममा ५७.१० प्रतिशत रहेको छ भने स्वास्थ्यकर्मीको घनत्व हेर्दा १:७२१, चिकित्सकको १:१८७४८, नर्सिङको १:१६०७ र पारामेडिक्सको १:१४०६ अनुपात रहेको छ।

### ३.४ समस्या तथा चुनौति

स्वास्थ्य सेवा प्रवाह गर्ने क्षमता, उपलब्ध जनशक्ति, भौतिक पूर्वाधार, स्वास्थ्य उपकरण र प्राविधिक सामग्रीको व्यवस्थापनमा कमी रहेको छ । स्वास्थ्य संस्थाबाट प्रवाह हुने नियमित सेवाको गुणस्तर र प्रभावकारितामा पनि क्षयीकरण भएको छ । स्वास्थ्य बीमामा सबै नगरबासीको पहुँचको कमी, विशेषज्ञ स्वास्थ्य सेवाको कमी र स्वास्थ्यसम्बन्धी जनचेतनाको कमी यस क्षेत्रका मुख्य समस्याहरू हुन् । नसर्ने रोगको नियन्त्रण, अस्वस्थकर जीवनशैलीमा सुधार, विशिष्टीकृत स्वास्थ्य सेवामा पहुँच र गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता गर्नु स्वास्थ्य तथा पोषणको क्षेत्रका मुख्य चुनौतिका रूपमा रहेका छन् । नेपाल सरकारको आधारभूत स्वास्थ्य सेवासम्बन्धी व्यवस्था, २०७५ अनुसार सेवा प्रवाहको सुनिश्चितता गर्ने कार्य चुनौतिपूर्ण रहेको छ।

### ३.५ लक्ष्य

- सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्धन गर्ने

### ३.६ उद्देश्य

१. आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा सबै नागरिकको पहुँचमा पुऱ्याउनु,
२. सरकारी, गैर सरकारी तथा निजी क्षेत्रसँग साझेदारी, सहकार्य तथा सामुदायिक सहभाहिता लाई प्रवर्धन गर्नु,
३. सबै तहका स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने सेवाहरू सुरक्षित, प्रभावकारी र गुणस्तरीय बनाउनु,
४. विपन्न तथा प्राथमिकतामा परेका लक्षित वर्गका नागरिकहरूलाई समेट्दै सामाजिक स्वास्थ्य सुरक्षा पद्धतिलाई सुदृढ गर्नु।

### ३.७ रणनीति

१. स्वास्थ्यमा सर्वव्यापी पहुँचको अवधारणा अनुरूप प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक तथा प्रशामक सेवालाई विकास तथा विस्तार गर्ने।
२. वडाका स्वास्थ्य संस्था मार्फत आधारभूत स्वास्थ्य सेवाहरू नि:शुल्क उपलब्ध गराउने ।
३. आधारभूत स्वास्थ्य सेवाहरूले नसमेटेका उपचारात्मक सेवालाई स्वास्थ्य बीमासँग आबद्ध गर्ने ।
४. सामाजिक न्यायको सिद्धान्तमा आधारित रही विपन्न तथा प्राथमिकतामा परेका लक्षित वर्गलाई नगरको सहुलियतमा साथै नगरभित्रका औपचारिक क्षेत्रलाई स्वास्थ्य बीमाको दायरामा ल्याउने।
५. तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा नगरभित्रका स्वास्थ्य संस्थाहरूबाट नियमित प्रवाह हुनेगरी दोहोरो प्रेषणको व्यवस्था मिलाउने ।
६. सडक दुर्घटना लगायत अन्य प्रकोप (आगलागी, चट्याङ, बाढी, पहिरो आदि) लक्षित गरी नगरभित्रको कम्तीमा एक स्वास्थ्य संस्थामा जनस्वास्थ्य प्रवर्धनका कार्यक्रम र शीघ्र उपचारको लागि व्यवस्था मिलाउने।
७. गर्भवती, सुत्केरी, विपन्न तथा प्राथमिकता परेका लक्षित वर्गका नगरबासीहरूलाई आकस्मिक सेवामा सहज पहुँच पुऱ्याउन सुविधा सम्पन्न एम्बुलेन्सको व्यवस्था मिलाउने।
८. स्वास्थ्य व्यवस्थापन सूचना प्रणालाई एकीकृत, प्रविधीमैत्री बनाउदै टेलिमेडिसिन, मोवाईल हेल्थ तथा अन्य आधुनिक प्रविधिको विकास तथा विस्तार गरी स्वास्थ्य सेवा सम्बन्धीको विवरणको विद्युतीय अभिलेखीकरण (ई-रेकर्डिङ) समेत स्वास्थ्य सूचना प्रणालीलाई पूर्ण रूपमा डिजिटाईजेसन गर्ने।
९. सबै तहका सरकारी, गैरसरकारी, सामुदायिक तथा निजी स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तरलाई सुधार गर्न न्यूनतम सेवा मापदण्ड तथा स्तरीय उपचार पद्धति लागु गर्ने।
१०. स्वस्थ्य रहनु नागरिक स्वयंको जिम्मेवारी हो भन्ने तथ्यलाई स्वास्थ्य सचेतना मार्फत अभिवृद्धि गर्दै स्वस्थ्य जीवनशैली प्रवर्धन गर्ने।

११. विद्यालय स्वास्थ्य कार्यक्रम र पोषण शिक्षालाई शिक्षा क्षेत्रसँगको समन्वयमा क्रमशः विस्तार गर्दै विद्यालयमा स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गरिनेछ साथै स्थानीय पाठ्यक्रममा स्वास्थ्य सम्बन्धी विषयहरूलाई समयानुकूल परिमार्जन गरी समावेश गर्दै लैजाने।

१२. स्थानीय स्वास्थ्यका आवश्यक्ता र व्यवहारलाई सम्बोधन गर्न स्वास्थ्य सम्बन्धी सन्देश र सामग्री उत्पादन, प्रसारण र सम्प्रेषणलाई वैज्ञानिक, व्यवस्थित र प्रभावकारी बनाउने।

१३. वातावरण, सरसफाइ, खानेपानी, खाद्यपदार्थ लगायतका विषयहरूमा सम्बन्धित सरोकारवालाहरूसँगको समन्वयमा निगरानी प्रणाली लागु गर्ने।

१४. स्वास्थ्य सेवामा स्वयंसेवकको अवधारणा बमोजिम चिकित्सक, स्वस्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका लगायत इच्छुक व्यक्ति तथा संस्थाहरूलाई परिचालन तथा व्यवस्थापन गर्ने।

१५. औषधीजन्य जडीबुटीको पहिचान, संरक्षण, प्रवर्धन गरी आयुर्वेद, पञ्चकर्म, योग लगायतका वैकल्पिक चिकित्सा साथै परम्परागत उपचार चिकित्सा सेवालाई समेत निश्चित मापदण्डका आधारमा सूचीकृत, व्यवस्थित तथा नियमित गर्ने ।

१६. नगर अस्पतालमा एक एमडिजिपी चिकित्सकीय सेवा रहने गरी आकस्मिक उपचार, ल्याव सेवा, फार्मेसी सेवा, नर्सिङ सेवा तथा जनस्वास्थ्य सेवाका लागि आवश्यक दरबन्दी सिर्जना गरी सेवा प्रवाह गर्ने।

१७. स्वास्थ्य जनशक्तिहरूको क्षमता अभिवृद्धिका लागि उच्च शिक्षा अध्ययन, सेवाकालीन तालिम, निरन्तर पेसागत तालिम, वृत्ति विकासको व्यवस्था मिलाइने तथा स्वस्थ्य अनुसन्धानलाई प्रोत्साहन र प्रवर्धन गर्ने।

१८. सेवाग्राहीको स्वास्थ्यप्रति सेवाप्रदायकलाई उत्तरदायी तथा व्यावसायिक बनाउन आचारसंहिता सहितको पालनालाई सुनिश्चित गर्ने।

१९. स्वस्थ्यकर्मीलाई आफ्नो कार्यप्रति जवाफदेही बनाउन कार्यदक्षताका आधारमा परिश्रमिक र सुविधाको व्यवस्था मिलाउनेऔषधी तथा औषधीजन्य सामग्रीहरूको स्पेसिफिकेशन तयार गरी खरिद, ढुवानी, गुणस्तरीय भण्डारण तथा वितरण पद्धतिलाई प्रभावकारी तथा व्यवस्थित बनाउने।

२०. क्षयरोग, एच.आइ.भी /एड्स, औलो लगायतका सरुवा रोग, अन्तराष्ट्रिय स्वास्थ्य नियमन, २००५ अनुरूपका रोगहरूको निगरानी, रोकथाम, नियन्त्रण, निवारण र उन्मूलनको कार्य गर्ने ।

२१. विपद् तथा महामारीको तत्काल सम्बोधन गर्नको लागि संयन्त्रको स्थापना, क्षमता विकास, प्रतिकार्य योजना तथा पूर्वतयारी गर्नुका साथै घुम्ती स्वास्थ्य सेवाको व्यवस्था गर्ने ।

२२. बहुक्षेत्रीय समन्वयमार्फत लागुपदार्थको नियन्त्रण तथा मदिराको प्रयोगलाई निरुत्साहित गरिने साथै सुर्तीजन्य पदार्थको बिक्रीवितरण तथा प्रयोगको प्रभावकारी नियमन गर्ने।

२३. मानव स्वास्थ्यलाई हानि गर्ने प्रशोधित तथा तयारी खाद्यपदार्थहरूलाई निरुत्साहित गर्दै खाद्य पदार्थको उत्पादन, भण्डारण, प्रशोधन तथा विक्री वितरणको क्रममा स्वास्थ्यलाई प्रतिकूल असर पर्ने खालका रासायनिक पदार्थ, विषादी तथा अखाद्य वस्तुहरूको मिसावट र प्रयोगलाई नियन्त्रण तथा नियमन गर्ने।

२४. बहुक्षेत्रीय पोषण सम्बन्धी नीति तथा खाद्य सुरक्षा लगायतका कार्यक्रमहरू अध्यावधिक गर्दै उच्च प्राथमिकताका साथ लागु गर्ने।

२५. स्वास्थ्य सम्बन्धी सूचनाको हक तथा सेवाग्राहीहरूले उपचार सम्बन्धी जानकारी पाउने हक सुनिश्चित गर्ने।

२६. मानसिक स्वास्थ्य, मुख, आँखा, नाक, कान, घाँटी स्वास्थ्य सेवा लगायत अन्य विशिष्टीकृत स्वास्थ्य सेवालाई आवश्यक्ता अनुसार विकास र विस्तार गर्ने।

२७. सबै तहका स्वास्थ्य संस्थाबाट प्रदान गरिएका स्वास्थ्य सेवाको बारेमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण गर्ने व्यवस्था मिलाउने।

२८. जीवनपथको अवधारणाअनुरूप सुरक्षित मातृत्व, बालस्वास्थ्य, किशोर-किशोरी तथा प्रजनन् स्वास्थ्य, प्रौढ तथा जेष्ठ नागरिक लगायतका सेवालाई थप प्रभावकारी बनाउने ।

२९. दिगो विकासका लक्ष्य प्राप्तिका लागि स्वास्थ्य क्षेत्रको लगानीलाई वृद्धि गर्ने

३०. वडा तथा नगरस्तरको स्वास्थ्य तथा पोषण प्रोफाइल तयार गरी यथार्थ विवरणमा आधारित लक्षित कार्यक्रमहरूको तर्जुमा तथा कार्यान्वयन गर्ने।

३१. स्वास्थ्य सेवा सम्बन्धी आवश्यक नीति, कानुन, कार्यविधि, निर्देशिका, योजना तथा कार्यक्रम तर्जुमा गरी लागु गर्ने ।

### ३.८ प्रमुख कार्यक्रम तथा आयोजना

#### क. नगरपालिकाको लगानी प्रक्षेपण

| क्र.सं. | कार्यक्रम तथा आयोजनाको नाम | लगानी अनुमान (रू. हजारमा) |
|---|---|---|
| १ | स्वास्थ्य शिक्षा, सूचना र सञ्चार | ७४०७ |
| २. | क्षमता विकास | ६०६० |
| ३. | बहुक्षेत्रीय पोषण कार्यक्रम | ६०६० |
| ४ | क्षयरोग नियन्त्रण | २२८३ |
| ५. | प्राथमिक स्वास्थ्य सेवा | ४९०१९८ |
| ६. | रोग तथा महामारी नियन्त्रण कार्यक्रम | ८०१४ |
| ७. | परिवार कल्याण कार्यक्रम | ४३९६८ |
| ८. | स्वास्थ्य व्यवस्थापन कार्यक्रम | ६९९०१ |
| ९. | उपचारात्मक सेवा | ४६७०२ |
| १०. | नर्सिङ तथा सामाजिक सुरक्षा सेवा | ३६४५९ |
| | **जम्मा** | **७१७०५४** |

#### ख. समग्र लगानी प्रक्षेपण

| क्र. सं. | लगानीको स्रोत | आवधिक लगानी (रु. हजारमा) |
|---|---|---|
| १ | नगरपालिका | ७१७०५४ |
| २ | सङ्घीय सरकार | १७९२६४ |
| ३ | प्रदेश सरकार | ११६२९४ |
| ४ | अन्य क्षेत्र (निजी, समुदाय, सहकारी तथा गैसस) | १५१८९१७ |
| | **जम्मा** | **२५३१५२९** |

### ३.९ परिमाणात्मक लक्ष्य

| सूचक | एकाइ | सन् २०३० को लक्ष्य | | नगरपालिकाको विद्यमान अवस्था र लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | कोशी प्रदेश | आधार अवस्था (सन् २०२२) | वर्तमान अवस्था (सन् २०२३) | लक्ष्य (सन् २०३०) |
| गर्भवती र सुत्केरी अवस्थाका महिलाहरूको वार्षिक रूपमा हुने मृत्यु | प्रति लाख | ७० | - | ० | २९७ | १४९ |
| दक्ष प्रसूतिकर्मीको सहयोगमा भएको जन्मको अनुपात | अनुपात | ९० | ९२.३ | ११.३ | ९.५ | ९८ |
| वार्षिक मृत्यु हुने पाँच वर्षमुनिका बालबालिका | प्रति हजार | २० | | १ | १ | १ |
| वार्षिक मृत्यु हुने नवजात शिशु | प्रति हजार | १२ | १०.१ | १ | १ | १ |

| सूचक | एकाइ | सन् २०३० को लक्ष्य | | नगरपालिकाको विद्यमान अवस्था र लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | कोशी प्रदेश | आधार अवस्था (सन् २०२२) | वर्तमान अवस्था (सन् २०२३) | लक्ष्य (सन् २०३०) |
| नयाँ एच आई भी सङ्क्रमण भएका १५ देखि ४९ वर्ष उमेरका वयस्क | जना (सङ्क्रमित नभएका प्रति हजार जनसङ्ख्या) | ०.०१४ | ८७ | ० | ० | ० |
| क्षयरोग लाग्ने सूचना दर (Case Notification Rate-CNR) प्रति १ लाख जनसङ्ख्यामा | प्रतिलाख | २० | २५ | ४१.४ | ३३.८ | २५ |
| औलो ज्वरो लाग्ने दर (प्रति १ लाख जनसङ्ख्यामा) | सङ्ख्या | ०.०१ | ०.००६ | ० | ० | ० |
| कुष्ठ रोगका बिरामी | केस | ० | - | ० | २ | ० |
| डेङ्गुका विरामी | केस | ० | - | ० | ४०६ | ५० |
| पछिल्लो दुई हप्तामा पखाला लागेका पाँच वर्ष मुनिका बालबालिका | प्रतिशत | १ | - | ०.९१ | ०.९४ | ०.५० |
| आत्महत्याबाट हुने मृत्युदर (हरेक १ लाख जनसङ्ख्यामा) | सङ्ख्या | ४.७ | - | ०.०४९ | १.८१ | १ |
| सडक यातायात दुर्घटनाबाट मृत्युदर (हरेक १ लाख जनसङ्ख्यामा) | सङ्ख्या | ४.९६ | - | २ | ३.६२ | १.५ |
| परिवार नियोजनका आधुनिक साधनको प्रयोगकर्ता दर | प्रतिशत | ६० | ६०.३ | २३.८ | २४.९ | ४५ |
| प्रोटोकल अनुसार चार पटक पूर्वप्रसूति सेवा प्राप्त गर्ने महिला (जीवित जन्ममा) | प्रतिशत | ९० | - | ६६.३० | ६४.१० | ९० |
| अस्पताल/स्वास्थ्य संस्थामा बच्चा जन्माउने गर्भवती | प्रतिशत | ९० | ७९.३ | ९५.६९ | ९०.२५ | ९५ |
| प्रोटोकल अनुसार बच्चाको जन्मपछि तीन पटक प्रसूति सेवा प्राप्त गर्ने महिला | प्रतिशत | ९० | ५० | ५.२९ | ५७.१४ | ९० |
| हेपाटाइटिस बी भ्याक्सिनको तीन वटा डोज प्राप्त गर्ने शिशु | प्रतिशत | ९५ | ९३.५ | ९३.८२ | ९६ | ९८ |
| स्थानीय स्वास्थ्य संस्थाहरू मार्फत उच्च रक्तचापको नियमित औषधी सेवन गर्ने १५ वर्ष माथिको जनसङ्ख्या | प्रतिशत | - | - | १०.२० | १२.३३ | ४० |
| घरबाट स्वास्थ्य संस्था (Health Facility) मा पुग्न ३० मिनेट वा | प्रतिशत | ९० | ८५.२ | - | - | ९० |

| सूचक | एकाइ | सन् २०३० को लक्ष्य | | नगरपालिकाको विद्यमान अवस्था र लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | कोशी प्रदेश | आधार अवस्था (सन् २०२२) | वर्तमान अवस्था (सन् २०२३) | लक्ष्य (सन् २०३०) |
| सोभन्दा कम समय लाग्ने परिवारहरूको प्रतिशत | | | | | | |
| स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध भएका घरपरिवारका सदस्यहरू | प्रतिशत | ६० | - | २१ | ४२ | ६० |
| राष्ट्रिय खोप कार्यक्रममा समावेश गरिएका सबै खोपहरूद्वारा समेटिएका लक्षित जनसङ्ख्या | अनुपात | ९५ | - | ९६.८ | ९६ | १०० |
| कुल सरकारी बजेटमा स्वास्थ्य क्षेत्रको बजेट | प्रतिशत | | - | ६.२६ | ६.३६ | ९.७५ |
| अत्यावश्यक औषधीहरूको मौज्दात शून्य नभएका सरकारी स्वास्थ्य संस्थाहरू (Health facilities) | प्रतिशत | १०० | - | १०० | १०० | १०० |
| स्वास्थ्यकर्मी को घनत्व र वितरण (हरेक १ हजार जनसङ्ख्यामा) | सङ्ख्या | एक हजार जनसङ्ख्या ४.४५ | - | १.४ | १.६८ | २ |
| स्वास्थ्य क्षेत्रको कुल खर्च (कुल बजेटको प्रतिशत) | प्रतिशत | - | - | ७४.४८ | ८५.१६ | ९५ |

## दिगो विकास लक्ष्य ४: गुणस्तरीय शिक्षा

### ४.१ पृष्ठभूमि

स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत गुणस्तरीय विद्यालय शिक्षाका लागि यस नगरपालिकाले नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७६ र नियमावली २०७६ स्वीकृत गरी समयानुकूल संशोधन गर्दै आधारभूत र माध्यमिक शिक्षाको व्यवस्थापन गरिरहेको छ साथै सामुदायिक विद्यालयको आर्थिक व्यवस्थापन कार्यविधि -२०७७; विद्यालय कार्यसम्पादन निर्देशिका - २०७८, मेयर शिक्षा सुधारकोष सञ्चालन कार्यविधि - २०७८, बाल बचत खाता सञ्चालन निर्देशिका - २०७९, स्वयंसेवक शिक्षक परिचालन कार्यविधि - २०७९ तथा १०० दिनको रोजगारी सम्बन्धी कार्यविधि - २०८० स्वीकृत गरी लागु गरिएको छ।

यस नगरपालिकामा स्नातक तहको अध्ययन र अध्यापन हुने क्याम्पस १ वटा, कक्षा १-१० सञ्चालित ६ वटा र कक्षा १-१२ सञ्चालित ८ वटा गरी सामुदायिक माध्यमिक विद्यालय जम्मा १४ वटा, कक्षा १-८ सञ्चालित सामुदायिक आधारभूत विद्यालय ११ वटा, कक्षा १-५ सञ्चालित सामुदायिक आधारभूत विद्यालय ३४ वटा, कक्षा १-३ सञ्चालित सामुदायिक आधारभूत विद्यालय ४१ वटा तथा कक्षा १-५ सञ्चालित धार्मिक प्रकृतिका सामुदायिक आधारभूत विद्यालय २ वटा गरी जम्मा ६५ वटा सामुदायिक विद्यालय सञ्चालनमा छन्। यसैगरी संस्थागतर्फ कक्षा १-५ सञ्चालित आधारभूत विद्यालय ७ वटा, कक्षा १-८ सञ्चालित आधारभूत विद्यालय ८ वटा, गुठीमा आबद्ध १ वटा सहित कक्ष १-१० सञ्चालित माध्यमिक विद्यालय जम्मा १२ वटा, कक्षा ९-१२ सञ्चालित माध्यमिक विद्यालय २ वटा र पूर्वप्राथमिक ३ वटा गरी जम्मा ३२ वटा संस्थागत विद्यालय सञ्चालनमा रहेका छन्। हाल नगरपालिका भित्र स्वावलम्बन, सूर्योदय र हातेमालो गरी ३ सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेका छन्। शैक्षिक वर्ष २०८०

को सुरुमा सामुदायिक विद्यालय तर्फ ६५३३ जना र संस्थागत विद्यालय तर्फ ४८२१ जना गरी ११३५४ जना विद्यार्थीहरू अध्ययनरत छन्।

किराँत/याक्थुङ तथा लेप्चा संस्कृतिको ऐतिहासिक पृष्ठभूमि रहेको यस क्षेत्रमा लेप्चा सङ्ग्रहालय, गुम्बा, गुरुकुल शिक्षा, विभिन्न मठमन्दिर, देवदेवीस्थल, साकेला, धाननाच, डम्फुनाच, च्यावुङ नाच, नौमति बाजा, लेप्चा, थामी, यल्मु जस्ता जातजाति भाषागत र सांस्कृतिक सम्पदा, कलात्मक गुम्बा लगायका सांस्कृतिक सम्पदा रहेका छन्। नेपाली, याक्थुङ, राई, लेप्चा, शेर्पा लगायतका भाषा अभ्यासमा रहको छ।

नगरपालिका गुणस्तरीय खेल मैदान, प्रशिक्षण, व्यायामशाला, कवर्डहल आदिको विकासतर्फ अग्रसर रहेको छ। सामाजिक अभियान तथा उद्यमशीलता, खेलकुद विकास, सामुदायिक विकास, नवप्रवर्तन तथा सकारात्मक रुपान्तरणका लागि युवा आबद्ध रहेका छन्।

## ४.२ विगतको प्रवृत्ति

गुणस्तरीय शिक्षाको माध्यमबाट समृद्ध नगरपालिका निर्माणमा सहयोग पुऱ्याउन यस नगरपालिकाले शिक्षालाई प्रमुख प्राथमिकताको क्षेत्रमा राखेको छ। नेपाल सरकारले गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा घोषणा, शिक्षा नीति, संवैधानिक तथा कानुनी व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुरूप नगरपालिकाले माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन कार्य गरिरहेको छ।

स्थानीय तहलाई आधारभूत र माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनको जिम्मेवारी प्राप्त भएपनि सन् २०२२ सम्म स्थानीय तहलाई प्राप्त अधिकार क्षेत्रभित्र रहेर शिक्षा ऐन तथा नियमावली र आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड जारी गर्ने र कार्यान्वयन गर्ने कार्य सम्पन्न गरिएको छ साथै विद्यालयको भौतिक र शैक्षिक विकासका लागि लगानी बढाउनुका साथै स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण र कार्यान्वयन साथै अनुगमन र मूल्याङ्कनका आधार तयारी र जनशक्ति व्यवस्थापनका कार्यमा नगरपालिका क्रियाशील रहेको छ। नगरपालिकाबाट विद्यालयमा विद्युतीकरण सूचना प्रविधिको प्रयोग र सामग्री उपलब्धताका कार्यहरूमार्फत प्रशासनिक र शैक्षिक गतिविधिलाई प्रविधिमा आधारित बनाउने कार्यको थालनी र निरन्तरता प्रदान गरिएको छ। विगत वर्षमा दरबन्दी मिलान गर्ने, जनशक्ति व्यवस्थापन गर्ने, विद्यालय समायोजन र मर्ज गर्ने कार्यका साथै आवश्यकताबमोजिम विषय र कक्षा थप गर्ने कार्यहरू समेत अगाडि बढाइएको छ। स्थानीय सरकारलाई माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनको जिम्मेवारी प्राप्त भएपश्चात् नगर शिक्षा समिति, वडा शिक्षा समिति लगायतका निर्णय गर्ने र नियमन गर्ने प्रावधानलाई समेत सक्रिय बनाउने कार्य प्रारम्भ भएको छ। वि.स. २०७५ सालमा यस नगरपालिकाको कुल साक्षरता प्रतिशत ९०.४ प्रतिशत पुगेको थियो भने निरक्षरहरूको सङ्ख्या ९.६ प्रतिशत रहेको थियो।

चालु आवधिक योजनाले स्थानीय भाषा, संस्कृति, कला र धार्मिक सम्पदाहरूको संरक्षण र संवर्धन गर्ने रणनीति अवलम्बन गरेको छ। स्थानीय कला, भाषा, साहित्य, संस्कृति र धार्मिक सम्पदाको संरक्षण र सम्वद्र्धन गर्ने कुरा कार्यनीतिले समेटेको छ। नगरपालिकाले युवाहरूका लागि स्वरोजगार बनाउन बजारको मागअनुसारको जनशक्तिमा रूपान्तरणका कार्यक्रमहरू कार्यान्वयनलाई प्राथमिकता दिएको छ। नगरभित्र विभिन्न खेलमा रुचि भएका खेलाडीहरूको खेल क्षमता विकासका कार्यक्रम सञ्चालन गरिएको छ। यस नगरपालिका गुणस्तरीय खेल मैदान, प्रशिक्षण, व्यायामशाला, कवर्डहल आदिको विकासतर्फ अग्रसर रहेको छ।

## ४.३ विद्यमान अवस्था

शैक्षिक सत्र २०७९/०८० सम्ममा यस नगरपालिकाको ५ वर्ष माथिको साक्षरता प्रतिशत ९२ पुगेको छ भने १५ वर्ष माथिको साक्षरता दर ९३.५ प्रतिशत तथा युवा साक्षरता दर ९७.५ प्रतिशत पुगेको छ। २०७५ सालको भन्दा हाल २ प्रतिशत साक्षरता दर वृद्धि भएको छ। त्यस्तै प्रारम्भिक बालविकास कक्षामा भर्ना हुने उमेरका सबै बालबालिका शत प्रतिशत भर्ना भएको देखिन्छ भने कक्षा १ मा पूर्व प्राथमिक तहको अनुभवसहित भर्ना हुनेको प्रतिशत ९९ पुगेको छ। आधारभूत तहको खुद भर्नादरको तुलनामा माध्यमिक तहको खुद भर्नादर कम रहेको तथा उच्च शिक्षाको भर्नादर भने ५० प्रतिशतभन्दा कम रहेको छ। आधारभूत तहको भर्नादर १०० प्रतिशत पुगिसकेको छ। राष्ट्रिय औषत लक्ष्यको विश्लेषण गर्दा यो भर्नादर सन्तोषजनक नै रहेको देखिन्छ। विद्यार्थी टिकाउ दर माध्यमिक तहको तुलनामा

आधारभूत तहमा बढी देखिएकोले माध्यमिक तहमा पहुँच वृद्धि गर्ने चुनौति आधारभूत तहको भन्दा बढी रहेको प्रष्ट देखिएको छ।

यस नगरपालिकाका १४ वटै वडामा सामुदायिक र संस्थागत विद्यालयहरू स्थापना भई सञ्चालनमा रहेका छन् । विद्यार्थी उपस्थितिलाई अध्ययन गर्दा एक विद्यालयमा १३ जनादेखि ९५० सम्म विद्यार्थी अध्ययनरत रहेका छन् केही माध्यमिक र आधारभूत विद्यालयबाहेक प्राय: सबै विद्यालयमा विद्यार्थी सङ्ख्या न्यून रहेको अवस्था छ । सामुदायिक विद्यालयमा आधारभूत तहमा शिक्षक विद्यार्थी अनुपात १:११ र माध्यमिक तहमा १:२६ मात्र रहेकोले जनशक्ति व्यवस्थापनमा थोरै मात्र लगानी थप गर्दा व्यवस्थापन हुने तर विषयगत शिक्षक व्यवस्थापनमा चाहिँ बढी नै ध्यान दिनुपर्ने अवस्था रहेको छ। कक्षाकोठा र फर्निचरको व्यवस्थामा सुधार ल्याई उपलब्ध विद्यार्थीको पठनपाठनमा सहजता ल्याउनु पर्ने अवस्था रहेको छ। सामुदायिक विद्यालयमा पेसागत तालिम प्राप्त शिक्षकको प्रतिशत ९७ भन्दा माथि रहेको छ भने संस्थागत विद्यालयमा पेसागत तालिम प्राप्त शिक्षकको निकै नै कमी रहेको छ । कक्षा ८ र एस.इ.इ.को समग्र सिकाइ उपलब्धि प्रतिशत ५० भन्दा माथि रहेको भएता पनि गणित विषयको सिकाइ उपलब्धि ४३ मात्र रहेको छ।

सार्वजनिक विद्यालयको स्तरोन्नति गर्न तथा सूचना प्रविधियुक्त सामग्री नगरपालिकाबाट व्यवस्थापन भईरहेका छन् भने हस्तलिखित पत्र र अन्य कागजातहरू बन्द भईसकेका छन् । सामुदायिक माध्यमिक विद्यालयमा कम्प्युटर ल्याबको उपलब्धता, इन्टरएक्टिभ प्यानेल बोर्डको जडान र सिकाइ सहजीकरण, इ-हाजिरीको कार्यान्वयन, विज्ञान तथा गणित प्रयोगशाला स्थापना र सञ्चालन तथा इ-लाईब्रेरी  स्थापना र सञ्चालन, कक्षा कोठा तथा शौचालय निर्माण, मर्मतसम्भार आदि कार्यहरू नियमित रूपमा सञ्चालन भैरहेका छन्। यस आ. व. देखि स्कुल काउन्सिलिङ कोर्स र तालिम कार्यक्रमलाई अगाडि बढाई विद्यालयहरूमा शिक्षक तथा विद्यार्थीका लागि मनोसामाजिक परामर्शको तालिम उपलब्ध गराउने कार्य अगाडि बढेको छ।

आधारभूत तहको कक्षा १-८ का शिक्षक कर्मचारीका लागि प्रविधिसम्बन्धी तालिम प्रदान गर्ने कार्य तीव्र गतिमा अगाडि बढाइएको छ । विद्यालयको भवन निर्माण, शौचालय निर्माण र मर्मतसम्भार तथा घेराबाराको व्यवस्थापन कार्यलाई प्राथमिकतामा राखी कार्यहरू सञ्चालन भईरहेका छन्। विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्ने सामुदायिक विद्यालय शतप्रतिशत रहेको तथा सबै विद्यालयका प्रधानाध्यापकले शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखसँग कार्यसम्पादन करार सम्झौता गर्ने र शिक्षकले प्रधानाध्यापकसँग कार्यसम्पादन करार सम्झौता गरी नतिजामा आधारित कार्यसम्पादन गर्ने कार्य र सोको मूल्याङ्कन गर्ने कार्य सञ्चालनमा रहेको छ। विद्यालयमा रहेका कक्षा कोठालाई बालमैत्री र धुलोरहित बनाउने कार्य तीव्र रूपमा अगाडि बढाइएको तथा स्थानीय पाठ्यक्रम कक्षा १-८ मा शैक्षिक सत्र २०७९ र २०८० बाट लागु भईसकेको छ।

यस नगरपालिकाको शैक्षिक सुधार एवम् विकास र सबैका लागि गुणस्तरीय  शैक्षिक सेवा छिटो छरितो र कम खर्चिलो ढङ्गबाट प्रदान गर्ने व्यवस्था गर्न नगर शिक्षा समितिको व्यवस्था गरिएको छ। शिक्षा क्षेत्रको सुदृढीकरण र विकास गर्न नगर शिक्षा समितिले शिक्षा युवा तथा खेलकुद शाखालाई प्रभावकारी, उत्तरदायी र प्राविधिक सेवा प्रदायक शैक्षिक खम्बाको रूपमा कार्य गर्ने सबल र सक्षम संस्थाको रूपमा प्रस्तुत हुने सम्मानजनक आधार तयार भएको अवस्था छ। कला, भाषा र संस्कृतिको विकास तथा संवर्धनका लागि नगरपालिकाले अग्रसरता लिएको छ भने खेल क्षेत्रमा पूर्वाधार र प्रोत्साहनको व्यवस्थासँगै हाल ९ जना राष्ट्रियस्तरका खेलाडी रहेका छन्।

## ४.४ समस्या तथा चुनौति

विद्यालय शिक्षामा सामाजिक आर्थिक रूपमा पछाडि परेको समूहका विद्यार्थीको निरन्तरता न्यून हुनु र समग्र शैक्षिक सूचकहरूमा अपेक्षित उपलब्धि हासिल हुन नसक्नु मुख्य समस्याहररूका रूपमा रहेका छन् । यसैगरी तहगत र विषयगत रूपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसक्नु, प्राविधिक शिक्षालाई विद्यालय शिक्षाको मूलधारको रूपमा विकास गर्न नसक्नु र शिक्षासम्बन्धी अधिकार कार्यान्वयनको लागि पर्याप्त स्रोतको व्यवस्था हुन नसक्नु पनि समस्याका रूपमा रहेका छन्। तोकिएको शैक्षिक सत्रमा तह पार गर्नेको सङ्ख्या कम हुनु, पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त सिकाइका लागि सार्वजनिक पुस्तकालय प्रणालीको विकास नहुनु र शिक्षा क्षेत्रका सबै तहमा

सुशासनको प्रत्याभूति हुन नसक्नुले शिक्षाको गुणस्तरमा नकारात्मक असर गरेको छ । निजी लगानीका शैक्षिक संस्थाहरूको उचित व्यवस्थापन, कक्षाकोठामा शिक्षकको पढाउने भूमिकालाई सिकाउने भूमिकामा रूपान्तरण गर्न नसक्नु जस्ता विषयहरूले विद्यालय शिक्षालाई असर गरिरहेका छन् । विद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त पूर्वाधारको विकास, समतामूलक पहुँच, गुणस्तर सुनिश्चितता सहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण बढाउनु, विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण गर्नु, शैक्षिक सुशासन एवम् उत्तरदायित्व अभिवृद्धि गर्नु र सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु चुनौतिका रूपमा रहेका छन् । सबैका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न शिक्षा क्षेत्रको प्रमुख चुनौति हो । शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाउन कठिनाइ रहेको छ । शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, क्षमतावान् युवालाई नगरभित्रै रही नगर विकासका कृयाकलापमा संलग्न रहने अवसरको सिर्जना गर्नु, जनसाङ्खिक बनोट एवम् बाह्य बसाइँसराइँको प्रवृत्ति समेतको अध्ययन गरी शैक्षिक संस्थाहरूको नक्साङ्कन गर्नु र सूचना प्रविधिले ल्याएका विविध अवसरहरूको सदुपयोग गर्नु नगरपालिकाको लागि चुनौतिपूर्ण कार्य हुन् ।

खेलकुदको विकासका लागि आवश्यक पूर्वाधार, प्रशिक्षण र व्यावसायिक खेलकुदका अवसरमा कमी रहेको छ ।युवा तथा दक्ष जनशक्ति पलायन यस क्षेत्रको प्रमुख समस्याका रूपमा रहेको छ । रोजगारीका अवसरमा कमी, युवा दुर्व्यसनी, प्रतिभा पलायन र खेलकुदमा व्यावसायिकताको कमी युवा तथा खेलकुद क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन् । युवाहरूको क्षमता अभिवृद्धि गरी रोजगारीमा सामेल हुने अवस्था सिर्जना गर्नु र वैदेशिक रोजगारबाट फर्किएका र यहीँ न्यूनतम सीप हासिल गरेर काम गरिरहेका युवाहरूलाई व्यावसायमा सरिक गराउनु चुनौतिका रूपमा रहेको छ । वैदेशिक रोजगारीमा उच्च आकर्षण भएपनि स्थानीय व्यवसायमा युवाको उपस्थिति न्यून रहेको छ ।

**४.५ लक्ष्य**

- शिक्षित तथा दक्ष जनशक्ति विकासका अवसर सिर्जना गर्ने

**४.६ उद्देश्य**

१. सबै बालबालिकाको लागि सर्वाङ्गीण विकासमा केन्द्रित गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्वत गर्नु,
२. सबै छात्रछात्रालाई नि:शुल्क, न्यायोचित तथा गुणस्तरीय आधारभूत र माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु,
३. विद्यालय शिक्षालाई सुरक्षित, समावेशी, गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु,
४. अनौपचारिक, वैकल्पिक तथा खुल्ला शिक्षाको माध्यमबाट जीवनपर्यन्त निरन्तर शिक्षामा पहुँच सुनिश्चित गर्नु,
५. प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् सीप विकासमा समावेशी तथा समतामूलक पहुँच र गुणस्तर वृद्धि गर्नु,
६. शिक्षामा लैङ्गिक असमानताको अन्त्य र समान पहुँचको सुनिश्चितता गर्नु,
७. विज्ञान र प्रविधिप्रति अभिप्रेरित, प्रतिस्पर्धी र उद्यमशील मानव संसाधनको विकास गर्नु,
८. खेल क्षेत्रमा गुणस्तरीयता तथा प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्नु,
९. सबै प्रकारका शैक्षिक निकाय तथा संस्थाको बालबालिका सिकाइ उत्तरदायी प्रणालीको विकास तथा सुशासन प्रवर्धन गर्नु ।

**४.७ रणनीति**

१. सबै बालबालिकाका लागि समावेशी, समतामूलक तथा गुणस्तरीय प्रारम्भिक शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सहभागिता वृद्धि गर्ने,
२. प्रारम्भिक बाल शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रूपमा विकास गर्ने,
३. नगरपालिका क्षेत्रभित्र विद्यालयको नक्साङ्कन, स्थापना, पुनर्स्थापना, समायोजन तथा पुनर्वितरण गर्ने तथा बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्ने,

४. अन्तरसरकार, निजी क्षेत्र र गैरसरकारी क्षेत्रको सहयोग, सहकार्य र साझेदारीमा शैक्षिक संस्थाहरूको भौतिक, आर्थिक, शैक्षिक तथा संस्थागत विकास गर्ने,
५. योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित गर्ने,
६. अपनत्वको सिर्जना, नेतृत्वमा रूपान्तरण, शिक्षणसिकाइ तथा प्रविधिमा सुधार, पेसागत नैतिकता प्रवर्धन र लगानी अभिवृद्धि गर्ने,
७. स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको समयानुकूल परिमार्जन तथा वृत्ति मार्गनिर्देशन (Carrer guidance) तालिमलाई विद्यालय शिक्षासँग आबद्ध गराउने,
८. सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने, अध्ययनमा निरन्तरता दिने र गुणस्तर अभिवृद्धिका लागि उत्प्रेरणात्मक उपायहरू अवलम्बन गर्ने,
९. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीप विकासका अवसरलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउने,
१०. नेपाल सरकार र प्रदेश सरकारको समन्वय, सहकार्य र साझेदारीमा माध्यमिक विद्यालयको संस्थागत क्षमता विकास तथा शैक्षिक गुणस्तर सुधार गर्ने,
११. विशेष तथा समावेशी शिक्षा र स्रोत कक्षाको माध्यमबाट अपाङ्गता भएका बालबालिकाको आवश्यकतानुसार उपयुक्त शैक्षिक अवसर प्रदान गर्ने,
१२. सामुदायिक सिकाइ केन्द्रको विस्तार र सबलीकरण तथा पेसा, व्यवसाय र सामाजिक जीवनमा आबद्धता मार्फत निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइको अवसर वृद्धि गर्ने,
१३. शिक्षा, युवा तथा खेलकुद शाखा लगायत शिक्षा क्षेत्रसँग सम्बिन्धत संरचना तथा शैक्षिक संस्थाको सबलीकरण र सुदृढीकरण गर्ने,
१४. खेल पूर्वाधार, सामग्री तथा प्रशिक्षणको व्यवस्था गरी प्रतिस्पर्धी खेल क्षमताको विकास गर्ने,
१५. युवा वर्गको क्षमता विकास गरी उनीहरूलाई सामाजिक, आर्थिक र खेलकुदका गतिविधिमा संलग्न गराउने,
१६. युवामा सामाजिक भावना, सिर्जनशीलता, उद्यमशीलता र नेतृत्व क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने,
१७. शैक्षिक संस्थाहरूको निरीक्षण, अनुगमन तथा मूल्याङ्कनलाई वस्तुनिष्ठ, प्रभावकारी र नतिजामूलक बनाउने।

**४.८ प्रमुख कार्यक्रम तथा आयोजना**

**क. नगरपालिकाको लगानी प्रक्षेपण**

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | लगानी रकम (रु. हजारमा) |
|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रम | २२६९ |
| २. | आधारभूत शिक्षा कार्यक्रम | १४८८१३९ |
| ३. | माध्यमिक शिक्षा कार्यक्रम | ४६१९८४ |
| ४. | माध्यमिक र उच्च शिक्षा अन्तरसम्बन्ध विकास कार्यक्रम | ३५५२२ |
| ५. | दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना (ENSURE) कार्यक्रम | ४०२८३ |
| ६. | स्थानीय पाठ्यक्रम र मूल्याङ्कन कार्यक्रम | १८८९६ |
| ७. | शिक्षक व्यवस्थापन र क्षमता विकास कार्यक्रम | ३२०१६१ |
| ८. | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ कार्यक्रम | ९३०७ |
| ९. | शैक्षिक समता र समावेशीकरण कार्यक्रम | १६०४९ |
| १०. | दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम | ६४१९४ |
| ११. | छात्रवृत्ति कार्यक्रम | २८८३७ |

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | लगानी रकम (रु. हजारमा) |
|---|---|---|
| १२. | आपतकालीन तथा सङ्कटकालीन अवस्था शैक्षिक कार्यक्रम | ३७८१ |
| १३. | विद्यालय भौतिक विकास कार्यक्रम | ४७६३५ |
| १४. | विद्यालय सूचना तथा सञ्चार प्रविधि कार्यक्रम | १०२०४ |
| १५. | प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप कार्यक्रम | ११३३६३ |
| १६. | संस्थागत क्षमता विकास कार्यक्रम | १७२३०३ |
| १७. | अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन | ७५९ |
| १८. | विज्ञान, प्रविधि, भाषा कला तथा साहित्य प्रवर्धन कार्यक्रम | ११३३९ |
| १९. | अध्ययन, अनुसन्धान तथा ज्ञान व्यवस्थापन कार्यक्रम | १५११५ |
| २०. | युवा विकास तथा परिचालन कार्यक्रम | ३८८२४ |
| २१. | खेलकुद विकास तथा प्रवर्धन कार्यक्रम | ५८२३३ |
| | **जम्मा** | **२९५७१९८** |

**ख. समग्र लगानी प्रक्षेपण**

| क्र. सं. | लगानीको स्रोत | आवधिक लगानी (रु. हजारमा) |
|---|---|---|
| १ | नगरपालिका | २९५७१९८ |
| २ | सङ्घीय सरकार | ७८०० |
| ३ | प्रदेश सरकार | १७१६० |
| ४ | अन्य क्षेत्र (निजी, समुदाय, सहकारी तथा गैसस) | ४४७३२३८ |
| | **जम्मा** | **७४५५३९६** |

**४.९ परिमाणात्मक लक्ष्य**

| सूचक | एकाइ | सन् २०३० को लक्ष्य | | नगरपालिकको विद्यमान अवस्था र लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | कोशी प्रदेश | आधार अवस्था (सन् २०२२) | वर्तमान अवस्था (सन् २०२३) | लक्ष्य (सन् २०३०) |
| प्राथमिक तहमा खुद भर्ना दर (प्रतिशत) | प्रतिशत | ९९.५ | ९९.१ | १०० | १०० | १०० |
| प्राथमिक तह पूरा गर्ने दर (प्रतिशत) | प्रतिशत | ९९.५ | - | ९७.१ | ९८.२ | १०० |
| कक्षा १ मा भर्ना भएका विद्यार्थीहरूमध्ये कक्षा ८ सम्म पुग्ने विद्यार्थीहरूको प्रतिशत | प्रतिशत | ९५ | - | ९५ | ९५.१ | ९८.२ |
| कक्षा १ मा भर्ना भएका विद्यार्थीमध्ये कक्षा ८ सम्म पुग्ने विद्यार्थीहरूमध्ये छात्रा अनुपात (Ratio of Girls to Boys) | अनुपात | १ | - | ०.९० | ०.९० | १ |
| कक्षा १ मा भर्ना भएका छात्रको तुलनामा छात्राको कक्षा १२ सम्म पुग्ने अनुपात (Ratio of Girls to Boys) | अनुपात | १ | - | ०.५९ | ०.६१ | ०.८६ |
| कक्षा ५ को निम्ति सिकाइ उपलब्धि (गणित) | प्रतिशत | ६५ | - | ६१ | ६२ | ६६ |
| कक्षा ५ को निम्ति सिकाइ उपलब्धि (नेपाली) | प्रतिशत | ७५ | - | ६४ | ६४ | ७६ |
| कक्षा ५ को निम्ति सिकाइ उपलब्धि (अङ्ग्रेजी) | प्रतिशत | ६८ | - | ६२ | ६२ | ६९ |

| सूचक | एकाइ | सन् २०३० को लक्ष्य | | नगरपालिकको विद्यमान अवस्था र लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | कोशी प्रदेश | आधार अवस्था (सन् २०२२) | वर्तमान अवस्था (सन् २०२३) | लक्ष्य (सन् २०३०) |
| पूर्व प्राथमिक शिक्षाको लागि बालअनुदान पाएका | सङ्ख्या | ७०० | - | ५१७ | ७१२ | ७४२ |
| छात्रवृत्ति (कुल विद्यार्थी छात्रवृत्ति पाउने विद्यार्थी अनुपात) | प्रतिशत | ३३ | - | ३३ | ३६ | ४२ |
| प्राविधिक तथा व्यावसायिक शिक्षामा छात्राहरूको भर्ना अनुपात | प्रतिशत | ०.१३ | - | ०.१३ | ०.१६ | ०.२२ |
| माध्यमिक शिक्षा (कक्षा ९ देखि १२ सम्म) को कुल भर्ना दर (प्रतिशत) | प्रतिशत | ९९ | ९९ | - | ८० | ९९ |
| उच्च शिक्षा (स्नातक तह) मा छात्राहरूको भर्नाको दर (अनुपात) | | ०.८९ | - | ०.८९ | ०.९० | ०.९४ |
| पूर्वप्राथमिक तहमा उपस्थित रहेको | प्रतिशत | ९२ | - | ९२ | १०० | १०० |
| कूल विद्यार्थीहरूमा छात्रवृत्ति पाउने विद्यार्थीहरूको प्रतिशत | प्रतिशत | - | - | | ३९.६१ | ४९ |
| लैङ्गिक समता सूचकाङ्क (प्राथमिक विद्यालय) | सूचकाङ्क | १ | १ | ०.९४ | ०.९४ | ०.९७ |
| लैङ्गिक समता सूचकाङ्क (माध्यमिक विद्यालय) | सूचकाङ्क | १ | - | ०.९१ | ०.९१ | ०.९३ |
| साक्षरतामा आधारित लैङ्गिक समता सूचकाङ्क (१५ वर्ष माथिका) | सूचकाङ्क | १ | - | ०.९७ | ०.९७ | ०.९८ |
| १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर | प्रतिशत | ९९ | - | ९७.१ | ९७.८ | ९८.२ |
| १५ देखि २४ वर्ष उमेर समूहको महिला साक्षरता दर | प्रतिशत | ९९ | - | ९७.३० | ९७.३१ | ९९ |
| १५ देखि २४ वर्ष उमेर समूहको पुरुष साक्षरता दर | प्रतिशत | ९९ | - | ९९ | ९९ | ९९ |
| १५ देखि ४९ वर्ष उमेर समूहको साक्षरता दर | प्रतिशत | ९९ | - | ९८.८५ | ९८.८५ | ९९ |
| १५ देखि ४९ वर्ष उमेर समूहको महिला साक्षरता दर | प्रतिशत | ९९ | ९९ | ९८.७ | ९८.७ | ९९ |
| १५ देखि ४९ वर्ष उमेर समूहको पुरुष साक्षरता दर | प्रतिशत | ९९ | ९९ | ९९ | ९९ | ९९ |
| प्रति विद्यार्थी सार्वजनिक खर्च<br>आधारभूत तह<br>माध्यमिक तह | रु. हजार | ३० | - | ४३८२२ | -<br>५१.५<br>४२.३ | <br>६५.२<br>५३.१ |
| विद्युतमा पहुँच भएका विद्यालय | प्रतिशत | ९९ | - | १०० | १०० | १०० |
| इन्टरनेट पहुँच भएका विद्यालय | प्रतिशत | ९९ | - | | १०० | १०० |
| वास (Wash) सुविधा भएका आधारभूत | प्रतिशत | ९९ | - | १०० | १०० | १०० |

| सूचक | एकाइ | सन् २०३० को लक्ष्य | | नगरपालिकको विद्यमान अवस्था र लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | कोशी प्रदेश | आधार अवस्था (सन् २०२२) | वर्तमान अवस्था (सन् २०२३) | लक्ष्य (सन् २०३०) |
| विद्यालय | | | | | | |
| अपाङ्गमैत्री विद्यालय | प्रतिशत | ९९ | - | ३० | ३१.२ | ४३ |
| न्यूनतम रूपमा सङ्गठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका आधारभूत शिक्षा क्षेत्रमा कार्यरत शिक्षकको अनुपात | प्रतिशत | १०० | - | ९८.३ | ९८.३ | १०० |
| न्यूनतम रूपमा सङ्गठित / व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका माध्यमिक शिक्षा क्षेत्रमा कार्यरत शिक्षकको अनुपात | प्रतिशत | १०० | - | ९७ | ९७.६ | १०० |
| राष्ट्रिय खेलाडीका रूपमा खेलिरहेका खेलाडी | सङ्ख्या | - | - | ७ | ९ | १५ |

## दिगो विकास लक्ष्य ५: लैङ्गिक समानता

### ५.१ पृष्ठभूमि

यस नगरपालिकाले लैङ्गिक समानता तथा मूलप्रवाहीकरणको क्षेत्रमा नीतिगत, कानुनी तथा व्यावहारिक अग्रसरता लिएको छ । यसै कार्यलाई प्रभावकारी गराउन लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूल प्रवाहीकरण रणनीति, २०७९ तयार गरी कार्यान्वयनमा रहेको छ। बालमैत्री स्थानीय शासनयुक्त तथा बालश्रम मुक्त नगर घोषणा भइसकेको छ । नगरमा विद्यमान बालविवाह तथा लैङ्गिक हिंसामुक्त नगर निर्माण गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरी न्यूनीकरणका प्रयासहरू भइरहेका छन् । नगरपालिकामा मानव बेचबिखन तथा ओसारपसार न्यूनीकरणका लागि मानव बेचबिखन तथा ओसारपसार न्यूनीकरण समिति गठन कार्यविधि, २०७७ निर्माण गरी प्रत्येक वडा तथा नगरस्तरमा समिति गठन गरी न्यूनीकरणका पहलहरू भइरहेको छ। यसैगरी नगरपालिकाले नगर भित्रका विपन्न परिवारहरू लक्षित गरी एकल महिला स्वास्थ्य बीमा कार्यविधि, २०७५; लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७ र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८० तयार गरी कार्यान्वयनको अवस्थामा रहेका छन्।

महिला सशक्तीकरण तथा आत्मनिर्भरता विकासका लागि समूह, समिति र महिला सहकारी संस्थाहरू निर्माण गरी नेतृत्व तथा क्षमता विकास तालिमका साथै आयआर्जनका लागि सीप विकास तालिम दिई व्यवसाय सञ्चालनका लागि बीउपुँजी तथा व्यवसाय सञ्चालन अनुदान समेत उपलब्ध गराइएको छ। लैङ्गिक हिंसा पीडित पुनर्स्थापना केन्द्र निर्माण भई सञ्चालनमा रहेको छ।

बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा भइसकेको यस नगपालिकामा बाल अधिकार संरक्षण तथा संवर्धन कार्यविधि, २०७७; बालबचत खाता सञ्चालन सम्बन्धी कार्यविधि, २०७९; बालबालिकाको सर्वोत्तम हितका लागि बालअधिकार संरक्षण तथा संवर्धन कार्यविधि, २०७७ पारित गरेको छ। नगर कार्यपालिका कार्यालयमा बालकल्याण अधिकारीको व्यवस्था गरी प्रत्येक विद्यालयहरूमा बालक्लव, प्रत्येक वडामा बालसञ्जाल र नगरस्तरीय बालसञ्जाल गठन गरिएको छ। बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ बमोजिमका सूचकलाई दिगोपना कायम गर्न अग्रसर भइरहेको छ।

### ५.२ विगतको प्रवृत्ति

सङ्घीय व्यवस्थाको सुरुवातसँगै नगरपालिकामा महिला बालबालिका तथा समाजकल्याण शाखा स्थापना भई महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख र ज्येष्ठ नागरिक तथा लक्षित वर्गको मूलप्रवाहीकरण तथा

हित प्रवर्धनका लागि भूमिका खेल्दै आएको छ । सरोकारवालहरूसँगको सहकार्य र समन्वयमा बालमैत्री स्थानीय शासनयुक्त तथा बालश्रम मुक्त नगर घोषणा गरिसकेको छ । पचास वर्षमुनिका एकल विधवा महिलाहरूको लागि स्वास्थ्य बीमा कार्यक्रम लागु गरिएको छ भने पचास वर्ष माथिका साठी वर्षभन्दा मुनिका अविवाहित एकल महिलाहरूको स्वास्थ्य बीमाको थालनी गरिएको छ । नगरपालिकाले ज्येष्ठ महिलालाई सम्मान गर्दै सूर्योदय आमा घोषणा तथा सम्मान कार्यक्रमको सुरुवात गरेको छ । लैङ्गिक हिंसा न्यूनीकरणका लागि लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, महिला पुरुष सम-विकास तालिम, घरेलु हिंसा न्यूनीकरण सचेतना कार्यक्रम, मानव बेचबिखन रोकथाम सम्बन्धी सचेतनामूलक कार्यक्रमको थालनी गरिएको छ । महिलाका लागि सीप विकास तथा रोजगारीका अवसर वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिएको छ । महिलाको पाठेघरको मुखको क्यान्सर स्क्रिनिङलाई नियमित गरिएको छ । हिंसा पीडित महिला कोष र बाल कोषमा रु. २–२ लाखको विनियोजन गर्ने व्यवस्था गरिएको छ ।
चालु आवधिक योजना अवधिमा आवश्यक आधारहरू तयार गरी वि.सं. २०७९ मा बालमैत्री नगरका रूपमा घोषणा गरिएको छ । चालु आवधिक योजनाको आधार वर्षमा बाल श्रमिकको सङ्ख्या ४१ रहेकोमा हाल गत आ.व. सम्ममा आइपुग्दा शून्यमा पुगेको छ भने सोही अवधिमा जन्मदर्ता प्रमाणपत्र भएका ५ वर्ष मुनिका बालबालिका सङ्ख्या ७२ प्रतिशत बाट ८७ प्रतिशत पुगेको छ ।

### ५.३ विद्यमान अवस्था

हाल नगरपालिकाभित्र ६०७ वटा महिला समूह, ७० वटा समिति  र ६ वटा महिला सहकारी संस्थाहरूमा जम्मा २८५१ जना महिलाहरू आबद्ध भई क्रियाशील रहेका छन् । अपाङ्गता भएका १४६ जना महिलालाई वर्षभरि पुग्ने गरी सेनिटेरी प्याड सहयोग उपलब्ध गराएको छ । एकल महिलाहरूको लागि उद्यमशीलता तालिम सञ्चालन गरी व्यावसायिक बनाउन ३० जना एकल महिलाको समूह दर्ता गरी बीउँ पूँजी  समेत उपलब्ध गराइएको छ । सामाजिक सुरक्षावृत्ति पाउने एकल महिला ५०९ जना र विधवाभत्ता पाउने  महिला सङ्ख्या  ६६५ जना रहेको छ ।
न्यायमा पहुँच वृद्धि गर्न नगरपालिकाको महिला तथा बालबालिका शाखाले हिंसाको उजुरी दर्ता गरी आवश्यक सुनुवाइका लागि सम्बन्धित निकायमा पठाउन सहजीकरण गर्ने गरेको छ । आवश्यकताका आधारमा बालबालिकाका लागि बाल मनोपरामर्श सेवा उपलब्ध गराउने व्यवस्था गरेको छ ।  विपन्न एकल महिला निःशुल्क स्वास्थ्य बीमाको कार्यक्रम निरन्तर रहेको छ । महिलाको लागि लक्षित गरी सामाजिक तथा आर्थिक रूपमा सबल बनाउने कार्यक्रम सञ्चालनमा रहेका छन् । नगरपालिकाले बेवारिसे महिला तथा बालबालिकाको उद्धार तथा पुनर्स्थापनाको क्षेत्रमा समेत कार्य गरिरहेको छ । सबै विद्यालयमा बालक्लब, सबै वडामा बाल सञ्जाल र नगरस्तरीय बाल सञ्जाल क्रियाशील रहेका छन् । बालबालिका लागि नेतृत्व तथा क्षमता विकास र नगरबाल उद्यान निर्माणलाई प्राथमिकता दिइएको छ । विद्यालयमा स्वच्छ पिउनेपानीको व्यवस्था गरिएको छ । किशोरी सशक्तीकरणका लागि माध्यमिक विद्यालयमा किशोरी सूचना केन्द्र स्थापना गरिएको छ ।  सबै सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत छात्राहरूका लागि नि:शुल्क सेनिटरी प्याड उपलब्ध हुने व्यवस्था रहेको छ ।
सूर्योदय नगरपालिकाको चालु आर्थिक वर्ष २०८०/०८१ को विनियोजित बजेटलाई लैङ्गिक उत्तरदायी आधारमा वर्गीकरण गर्दा कुल बजेटको १.५९ प्रतिशत बजेट महिला तथा बालबालिकाको क्षेत्रमा प्रत्यक्ष योगदान पुर्‍याउने, ३.४४ प्रतिशत अप्रत्यक्ष योगदान पुर्‍याउने र ९४.९७ प्रतिशत बजेट तटस्थ रहेको देखिन्छ । आर्थिक वर्ष २०७९/०८० को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरी सोको प्रतिवेदन सार्वजनिक गरेको छ । परीक्षणले समेटेको विभिन्न ५ विषय क्षेत्रमा निर्धारित १०० पूर्णाङ्कमध्ये नगरपालिकाले ८७ अङ्क प्राप्त गरेको देखाएको छ ।

### ५.४ समस्या तथा चुनौति

महिलामा बहुकार्य बोझको अवस्था कायमै रहेको छ । नगरक्षेत्रमा लैङ्गिकतामैत्री कार्यस्थल एवम् पूर्वाधारको कमी रहेको छ । महिलामाथि हुने हिंसा नयाँ स्वरूपमा रहेका छन् । सामाजिक, आर्थिक, राजनीतिक गतिविधिहरूमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु चुनौतिका रूपमा रहेको छ । योजना तर्जुमा तथा अनुगमन प्रक्रियामा लैससासलाई कम महत्व दिने अभ्यास रहेको छ । महिलामाथि हुने सबै प्रकारका विभेद, शोषण र हिंसाको अन्त्य गर्दै

समतामूलक समाज निर्माण गर्न कठिनाइ रहेको छ । श्रम क्षेत्रमा समानता कायम गरी महिलाको श्रमलाई उत्पादन तथा उत्पादकत्वसँग जोड्नु चुनौतिपूर्ण रहेको छ । बालमैत्री नगर घोषणा भइसकेको अवस्थामा बालमैत्री नगरका मूलभूत मान्यताको व्यावहारिक कार्यान्वयमा परिवार, समाज तथा विद्यालयको भूमिका अपेक्षित हुन सकेको छैन । बालमैत्री स्थानीय शासनको सबै सूचकहरूलाई व्यावहारिक रूपमा कार्यान्यिवन गर्नु चुनौतिका रूपमा रहेको छ ।

**५.५ लक्ष्य**

- लैङ्गिक समानतायुक्त तथा बालमैत्री नगर निर्माण गर्ने ।

**५.६ उद्देश्य**

१. महिला, किशोरी तथा बालबालिका विरुद्ध हुने सबै प्रकारका हिंसा मानव बेचबिखन, यौन तथा अन्य प्रकारको शोषण र विभेद अन्त्य गर्नु,
२. राजनीतिक, आर्थिक र सार्वजनिक क्षेत्रको निर्णायक तहमा महिला तथा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चितता गर्नु,
३. महिला तथा बालबालिकाका लागि आत्मसम्मानको अवसर सिर्जना गर्नु ।

**५.७ रणनीति**

१. महिला तथा बालबालिकाको सशक्तीकरण गरी सबै क्षेत्रमा सहभागिता अभिवृद्धि गर्ने,
२. स्थानीय सरकार सञ्चालनमा लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्बन गर्ने,
३. सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागि निरोधात्मक, संरक्षणात्मक उपायद्धारा न्यायमा पहुँच अभिवृद्धि गर्ने,
४. बालमैत्री स्थानीय शासन घोषणापश्चात् बालमैत्री स्थानीय शासनको निरन्तर विकास र विस्तार गर्ने,
५. विद्यालय र समुदायसहित सबै सरोकारवालाको सहकार्यमा बालमैत्री नगरको व्यावहारिक कार्यान्वयन गर्ने,
६. बाल अधिकार, बाल संरक्षण र बाल कल्याण सम्बन्धी संस्थागत संरचना तथा संयन्त्रलाई प्रभावकारी रूपमा परिचालन गर्ने,
७. महिला तथा बालबालिकाको विकासका लागि निश्चित बजेट व्यवस्थाका हुने परिपाटी निर्माण गर्ने ।

**५.८ प्रमुख कार्यक्रम तथा आयोजना**

**क. नगरपालिकाको लगानी प्रक्षेपण**

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | लगानी अनुमान (रू. हजारमा) |
|---|---|---|
| १. | महिला सशक्तीकरण तथा विकास कार्यक्रम | २३३९७ |
| २. | बालमैत्री स्थानीय शासन प्रवर्धन कार्यक्रम | २००५५ |
| ३. | किशोरी तथा किशोर अवस्था व्यवस्थापन कार्यक्रम | १३३६९ |
| ४. | लैङ्गिक हिंसा निवारण कार्यक्रम | १६०४३ |
| ५. | महिला स्वरोजगारी तथा आत्मनिर्भरता प्रवर्धन कार्यक्रम | १८७१७ |
| | **जम्मा** | **९१५८०** |

**ख. समग्र लगानी प्रक्षेपण**

| क्र. सं. | लगानीको स्रोत | आवधिक लगानी (रु. हजारमा) |
|---|---|---|
| १ | नगरपालिका | ९१५८० |
| २ | सङ्घीय सरकार | ५४९५ |
| ३ | प्रदेश सरकार | ७३२६ |
| ४ | अन्य क्षेत्र (निजी, समुदाय, सहकारी तथा गैसस) | २१३१ |
| | **जम्मा** | **१०६५३२** |

### ५.९ परिमाणात्मक लक्ष्य

| सूचक | एकाइ | सन् २०३० को लक्ष्य | | नगरपालिकाको विद्यमान अवस्था तथा लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | कोशी प्रदेश | आधार अवस्था (सन् २०२२) | विद्यमान अवस्था (सन् २०२३) | लक्ष्य (सन् २०३०) |
| शारीरिक/यौन हिंसा अनुभव गरेका १५ देखि ४९ वर्षसम्मका महिला (दर्ता गरिएका घटना) | प्रतिशत | ६.५ | ५ | ० | ० | ० |
| दर्ता गरिएको यौन जन्य हिंसासम्बन्धी घटना/केस | सङ्ख्या | - | - | १२ | ६ | ० |
| महिला किशोरी तथा बालिकाहरूको बेचबिखन | सङ्ख्या | ३२५ | | १ | ० | ० |
| स्थानीय सरकारका संरचनामा महिलाले ओगटेका पदको अनुपात | प्रतिशत | ४२ | ५० | २९.९६ | २९.९६ | ३५ |
| सहकारी क्षेत्रमा महिलाको सहभागिता | प्रतिशत | ५० | - | ४६ | | |
| सार्वजनिक सेवाका नीति निर्माणमा पदमा रहेका महिला अनुपात (कुल कर्मचारीहरूमध्ये महिलाको प्रतिशत) | प्रतिशत | ३३ | ५० | १३.७९ | १३.७९ | २० |
| महिला स्वामित्व भएका उद्यमको सङ्ख्या | प्रतिशत | - | - | ४.२८ | ५ | १० |
| जमिन, घर र सम्पत्ति माथिको स्वामित्व भएका महिला अनुपात | प्रतिशत | ४० | ४५ | १५.७३ | २० | ३५ |
| स्वास्थ्य बीमाले समेटेका लक्षित वर्गका घरपरिवार | सङ्ख्या | - | - | ७६३ | ८०० | ९०० |
| १५ देखि ५९ वर्ष उमेरका आयआर्जनका लागि व्यावसायिक सीपमूलक तालिम प्राप्त महिला | जना | - | - | २८० | ३०० | ६०० |
| नेतृत्व तथा क्षमता विकास तालिम प्राप्त महिला | सङ्ख्या | - | - | १२० | १४० | २०० |
| लैङ्गिक समानतालाई प्रत्यक्ष रूपमा योगदान पुर्‍याउने बजेट अनुपात | अनुपात | - | २ | ८.१५ | १०.२० | २० |
| बाल विवाहको घटना | सङ्ख्या | ० | - | २ | ० | ० |
| मनोपरामर्श सेवा लिने बालबालिका | सङ्ख्या | - | - | | ७ | १५० |

## दिगो विकास लक्ष्य ६: दिगो सफापानी तथा सरसफाइ सेवा

### ६.१ पृष्ठभूमि

यस नगरपालिकाले खानेपानी तथा सरसफाइ सेवालाई नियमित, व्यवस्थित, गुणस्तरयुक्त र सुलभ बनाई नगरबासीलाई भरपर्दो सेवा उपलब्ध गराउन खानेपानी व्यवस्थापन ऐन २०७६ र फोहोरमैला व्यवस्थापन ऐन

२०७६ लगायतका नीतिगत तथा कानुनी व्यवस्था गरेको छ । नगरपालिकाले खानेपानी तथा सरसफाइ क्षेत्रको प्रवर्धनमा फोहोरमैला व्यवस्थापन ऐन २०७६, खानेपानी तथा साना सिँचाइ दर्ता नवीकरण र सूचीकृत गर्ने सम्बन्धी कार्यविधि २०७६, खानेपानी सेवा व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यविधि २०७९ र खानेपानी संरक्षण तथा वितरण सम्बन्धी निर्देशिका २०७५ तयार गरेको छ । खुला दिसामुक्त क्षेत्र घोषणा भइसकेको यस नगर क्षेत्रमा खानेपानी तथा सरसफाइ क्षेत्रमा गुणात्मक सुधार हुँदैगएको छ। नगरपालिका क्षेत्रभित्रको खानेपानीलाई व्यवस्थित गर्न सूर्योदय नगरपालिका खानेपानी सेवा सञ्चालन व्यवस्थापन समिति गठन भई क्रियाशील रहेको छ।

नगरपालिकाले सबै नगरवासीमा स्वच्छ खानेपानीको पहुँच स्थापित गर्न अन्तरसरकार, समुदाय तथा विकास साझेदार संस्थासँग सहकार्य तथा साझेदारीलाई विस्तार गर्ने नीति लिएको छ। नगरपालिकाको स्थापना कालदेखि नै खानेपानी तथा सरसफाइ सेवालाई उच्च महत्व दिएको छ । नगरपालिककाको प्रथम आवधिक योजनाले स्वच्छ खानेपानी र सरसफाइ सेवामा पहुँच तथा गुणस्तरीयता वृद्धि गर्ने उद्देश्यका साथ शतप्रतिशत घरपरिवारमा शौचालय सुविधा र ९७ प्रतिशत घरपरिवारमा आधारभूत खानेपानी सेवाको पहुँच स्थापना गर्ने लक्ष्य लिएको छ।

## ६.२ विगतको प्रवृत्ति

यस नगरपालिका वि.सं. २०७० मा खुला दिसामुक्त क्षेत्र घोषणा भइसकेको छ । वि.सं. २०७६ खानेपानी तथा सरसफाइ उपभोक्ता समितिमार्फत खानेपानी तथा सरसफाइको व्यवस्थापन हुँदैआएको छ । नगरपालिकाले आ.व. २०७७/०७८ देखि सङ्घीय सरकारको सहयोगमा बृहत खानेपानी आयोजना कार्यान्वयन गरिरहेको छ । प्रथम आवधिक योजना आ.व. २०७७/०७८ देखि २०८१/०८२ ले आधारभूत खानेपानी सेवामा पहुँच पुगेको जनसङ्ख्या ९४ प्रतिशतबाट ९९ प्रतिशत पुऱ्याउने लक्ष्य लिएकोमा आ.व. २०७९/०८० सम्म आइपुग्दा ९७ प्रतिशत पुगेको छ भने शौचालय सुविधा पुगेको घरपरिवार ८३.८४ प्रतिशतबाट शतप्रतिशत पुऱ्याउने लक्ष्य लिएकोमा आ.व. २०७९/०८० सम्म आइपुग्दा ९९ प्रतिशत घरपरिवारमा शौचालय सुविधा पुगेको देखिन्छ।

## ६.३ विद्यमान अवस्था

हाल कुल ५४ खानेपानी तथा सरसफाइ उपभोक्ता समितिमार्फत खानेपानी तथा सरसफाइ क्षेत्रको व्यवस्थापन हुँदैआएको छ। आ.व. २०७९/०८० सम्ममा नगरभित्र रहेका कुल घरधुरीमध्ये ९७ प्रतिशत घरधुरीले पाईप प्रणाली तथा धाराबाट खानेपानी सुविधा उपभोग गर्ने गरेको पाईन्छ । यस क्षेत्रमा कुल १२ वटा सार्वजनिक शौचालयहरू रहेका छन्। करिव ६० प्रतिशत घरधुरीले मात्र सहज रूपमा खानेपानी सुविधा पाएका छन्। यस क्षेत्रका ९९ प्रतिशत घरधुरीमा शौचालय रहेको छ जसमध्ये ९१ प्रतिशत घरधुरीमा सेफ्टीट्याङ्क सहितको शौचालय रहेको छ।

## ६.४ समस्या तथा चुनौति

जनस्तरमा सरसफाइ सम्बन्धी सचेतनाको कमी रहेको छ भने घना बस्ती तथा पर्यटकीय क्षेत्रको स्वच्छता कायम राख्न कठिनाइ रहेको छ। बजार तथा अधिक जमघट हुने क्षेत्रमा सरसफाइ तथा सार्वजनिक शौचालयको कमी रहेको छ। खानेपानीको स्रोत सुक्दै जानु र ढल निकासको उचित प्रबन्ध नहुँदा खानेपानीका स्रोत प्रदूषित हुनु, खानेपानीका स्रोतको कमी, सरसफाइजन्य अभ्यासमा कमी र स्वच्छ खानेपानीमा सबैको पहुँच कायम हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्याहरू हुन्। सङ्घीय सरकारको सहयोगमा बृहत खानेपानी आयोजना कार्यान्वयनमा रहेको भएता पनि सबै नगरवासीको स्वच्छ खानेपानीमा पहुँच स्थापना हुन सकेको छैन । सरसफाइ र स्वच्छ खानेपानीको दिगो व्यवस्थापन चुनौतिपूर्ण रहेको छ।

## ६.५ लक्ष्य

- सबैका लागि स्वच्छ खानेपानी तथा सरसफाइ सेवाको दिगो व्यवस्थापन सुनिश्चित गर्ने

## ६.६ उद्देश्य

१. सबै नागरिकका लागि सुरक्षित र किफायती खानेपानीको सर्वव्यापी र समानतामूलक पहुँच सुनिश्चित गर्नु

२. सरसफाइ तथा स्वस्थ जीवनशैलीको विकास गर्नु।

## ६.७ रणनीति

१. स्वच्छ खानेपानी तथा आधारभूत सरसफाई सुविधामा पहुँच विस्तार गर्ने,

२. खानेपानीको स्रोत तथा मुलहरूको पहिचान गरी संरक्षण र व्यवस्थापन गर्ने,
३. गरिबीको रेखामुनि रहेका व्यवस्थित शौचालयविहीन घरधुरीका लागि पक्की शौचालय निर्माण गर्न सहयोग गर्ने,
४. नागरिकको बढी जमघट हुने बजार तथा सार्वजनिक स्थानहरूमा सार्वजनिक शौचालयको प्रबन्ध गर्ने ।

## ६.८ प्रमुख कार्यक्रम तथा आयोजना

### क. नगरपालिकाको लगानी प्रक्षेपण

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | अनुमानित लागत (रु.हजारमा) |
|---|---|---|
| १. | खानेपानी आयोजना निर्माण, मर्मतसम्भार र विस्तार कार्यक्रम | २२१०० |
| २. | खानेपानी शुद्धता तथा परीक्षण कार्यक्रम | १७६७ |
| ३. | फोहोरपानी प्रशोधन तथा व्यवस्थापन कार्यक्रम | ८८४० |
| ४. | सरसफाइ तथा स्वच्छता प्रवर्धन कार्यक्रम | १३२६ |
| ५. | खानेपानी मुहान संरक्षण कार्यक्रम | २२१० |
| ६. | सार्वजनिक शौचालय निर्माण तथा सञ्चालन | १३२६० |
| ७. | विपन्न परिवार शौचालय निर्माण सहयोग | ३५३६ |
| | **जम्मा** | **५३०४०** |

### ख. समग्र लगानी प्रक्षेपण

| क्र. सं. | लगानीको स्रोत | आवधिक लगानी (रु. हजारमा) |
|---|---|---|
| १ | नगरपालिका | ५३०४० |
| २ | सङ्घीय सरकार | ७५५८२० |
| ३ | प्रदेश सरकार | १०५३०० |
| ४ | अन्य क्षेत्र (निजी, समुदाय, सहकारी तथा गैसस) | ४८११४ |
| | **जम्मा** | **९६२२७४** |

## ६.९ परिमाणात्मक लक्ष्य

| सूचक | एकाइ | सन् २०३० को लक्ष्य | | विद्यमान अवस्था र लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | कोशी प्रदेश | आधार अवस्था २०२२ | विद्यमान अवस्था (सन् २०२३) | लक्ष्य (सन् २०३०) |
| सुरक्षित पिउनेपानी उपभोग गर्ने जनसङ्ख्या | प्रतिशत | ९० | २५ | ६० | ६२ | ९० |
| पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार | प्रतिशत | ९० | ८५.५ | ९४ | ९५ | १०० |
| आधारभूत खानेपानी सेवामा पहुँच उपलब्ध घरपरिवार | प्रतिशत | ९९ | - | ९७ | ९७.५ | १०० |
| शौचालय प्रयोग गर्ने जनसङ्ख्याको अनुपात | प्रतिशत | ९८ | - | ९८.७७ | ९९ | १०० |
| सरसफाइ सुविधाबाट लाभान्वित जनसङ्ख्या | प्रतिशत | ९९ | - | ५१.२५ | ५५ | ९९ |
| व्यवस्थित शौचालय (वाटरशील प्यान | प्रतिशत | - | - | ९३ | ९४ | १०० |

| सूचक | एकाइ | सन् २०३० को लक्ष्य | | विद्यमान अवस्था र लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | कोशी प्रदेश | आधार अवस्था २०२२ | विद्यमान अवस्था (सन् २०२३) | लक्ष्य (सन् २०३०) |
| भएको) भएका घरपरिवार | | | | | | |
| सार्वजनिक शौचालय | सङ्ख्या | - | - | १० | १२ | २१ |

### दिगो विकास लक्ष्य ७: किफायती तथा आधुनिक ऊर्जामा पहुँच

#### ७.१ पृष्ठभूमि

प्रमुख जल सम्पदाका रूपमा मेची नदी, जोगमाइ खोला, करपोक खोला, सिद्दी खोला, याङ्ग खोला, विरिङ्ग खोला, श्री खोला, मयुँ खोला, रामे खोला, काली खोला, कट्याङ्ग खोला, कलकले खोला, अम्बी खोला, अँधेरी खोला, भालु खोला, सुन्दर खोला, लाङ्गलिङ्ग खोला लगायतका नदी तथा खोलाहरू रहेका छन्। सिमसार व्यवस्थापन योजना तयार गरी लागु भएका ताल तथा पोखरीहरूको कुल सङ्ख्या ६ रहेको छ। उर्जाको स्रोतका रूपमा दाउरा, विद्युत्, एल.पि. ग्याँस र गोवर ग्याँस नै प्रमुख रूपमा रहेको छ। बिद्युत्मा पहुँच भएको जनसङ्ख्या ९८.५ प्रतिशत रहेको छ भने बिद्युत्बाट चल्ने सवारी साधनको पनि अभ्यास सुरु भएको छ। सौर्य ऊर्जाको उपयोग निजी प्रयोजन, सडकबत्ती तथा मठमन्दिरहरूमा हुने गरेको छ।

यस नगरपालिकाले स्वच्छ ऊर्जाको उपयोगलाई प्रभावकारी गराउन जनसहभागितामा आधारित सौर्य सडक बत्ती कार्यक्रम सञ्चालन कार्यविधि, २०७४ र बायो ग्याँस प्लान्ट निर्माण र सञ्चालन सम्बन्धी निर्देशिका, २०७५ तयार गरेको छ।

#### ७.२ विगतको प्रवृत्ति

यस नगरपालिकामा बत्तीको लागि विजुली र सोलार बत्तीको उपयोग हुने गरेको छ। कुल १४, ०३२ घर परिवार सङ्ख्यामा १३, ५७३ घर परिवारमा विजुलीको प्रयोग र ३३४ घर परिवार सोलारको प्रयोग हुने गरेको छ। नगरपालिकाले विगत वर्षसम्ममा नवीकरणीय ऊर्जा कार्यक्रममार्फत १५४ वटा इन्डक्सन चुल्होहरू वितरण गरेको छ। प्रथम आवधिक योजनाको आधार वर्षमा विद्युत् जडान गरिएको घरपरिवार ९२ प्रतिशत रहेकोमा गत आ.व. सम्ममा ९५.५ प्रतिशत घरपरिवार पुगेको छ भने सोही अवधिमा सौर्य ऊर्जा प्रणाली जडान भएका घरपरिवार सङ्ख्या १.७७ प्रतिशतबाट २.७ प्रतिशत पुगेको छ।

#### ७.३ विद्यमान अवस्था

नगरपालिका जलाधार क्षेत्रको संरक्षण तथा व्यवस्थापनमा अग्रसर रहेको छ। उर्जाको स्रोतका रूपमा दाउरा, विद्युत्, एल.पि. ग्याँस र सौर्य उर्जा नै प्रमुख रहेको छ। विद्युत्मा पहुँच भएका जनसङ्ख्या ९८.५ प्रतिशत रहेको छ। खाना पकाउन ऊर्जाको प्राथमिक स्रोतका रूपमा कोइला, दाउरा, गुँइठा लगायतका ठोस इन्धनको प्रयोग गर्ने घरपरिवार सङ्ख्या ७१.४ प्रतिशत रहेको छ। लागत साझेदारीमा इन्डक्सन चुल्हो वितरण र वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रमार्फत गोवर ग्याँस प्लान्ट स्थापनाका लागि सहयोग उपलब्ध रहेको छ। हालसम्म आइपुग्दा ९६ वटा गोबरग्याँस प्लान्ट स्थापना भएका छन्। सौर्य ऊर्जाको उपयोग निजी प्रयोजन, सडक बत्ती तथा मठमन्दिरहरूमा हुने गरेको छ।

#### ७.४ समस्या तथा चुनौति

नदी तथा ताल लगायतका जलाधार क्षेत्रमा मानवीय लापरवाहीका कारण अतिक्रमण तथा प्रदूषणको जोखिम बढेको छ। जलवायु परिवर्तनका कारण मूल सुक्ने तथा जलाधार क्षेत्रमा नकारात्मक प्रभाव देखिन थालेको छ। सुक्खा याम तथा हावाहुरीका कारण विद्युत् आपूर्तिमा हुने अवरोधको समस्या कायमै रहेको छ। बिद्युत्को नियमित आपूर्ति, सडकबत्तीको व्यवस्थापन र उर्जाको किफायती उपयोग चुनौतिका रूपमा रहेका छन्। पेट्रोलियम पदार्थको मुल्य तथा

उपयोगमा वृद्धिले स्थानीय अर्थतन्त्रमा नकारात्मक असर पुऱ्याएको छ। परम्परागत ऊर्जाको प्रयोग निरुत्साहन गरी विद्युत् तथा वैकल्पिक ऊर्जाको उपयोग प्रवर्धन र प्रोत्साहनको कमी रहेको छ।

**७.५ लक्ष्य**

२. भरपर्दो, दिगो र आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने।

**७.६ उद्देश्य**

१. स्वच्छ ऊर्जाको उपयोग सहज तुल्याउनु,

२. नवीकरणीय ऊर्जाको उपयोगको अनुपात वृद्धि गर्नु।

**७.७ रणनीति**

१. स्थानीय विद्युत् वितरण व्यवस्थापन, सेवाहरूको कार्यान्वयन तथा नियमन गर्ने,

२. सार्वजनिक भवन (सरकारी कार्यालय, विद्यालय आदि) निर्माणमा ऊर्जा अनुकूलन (Energy Efficient) भवन तथा स्वस्थ ऊर्जा स्रोतमा लगानीमा प्रोत्साहन गर्ने,

३. विद्युत् तथा नवकरणीय एवम् स्वच्छ उर्जाको उपभोग वृद्धि गर्ने,

४. स्वच्छ उर्जाको उत्पादन तथा उपयोग वृद्धि गर्न सङ्घ र प्रदेश सरकारका सम्बन्धित निकायसँग सहकार्य तथा साझेदारी गर्ने,

५. वैकल्पिक उर्जाको उपयोग विस्तार गर्दै आयातित इन्धनमाथिको निर्भरता कम गर्ने,

६. जलस्रोत संरक्षण र उपयोगमा समुदाय, निजी क्षेत्र र गैसस परिचालन गर्ने।

**७.८ कार्यक्रम तथा आयोजना**

**क. नगरपालिकाको लगानी प्रक्षेपण**

| क्र.सं. | कार्यक्रम तथा आयोजनाको नाम | लगानी अनुमान (रु. हजारमा) |
|---|---|---|
| १ | जलस्रोत संरक्षण तथा व्यवस्थापन कार्यक्रम | ४२०० |
| २. | सडक बत्ती तथा उज्यालो सूर्योदय प्रवर्धन कार्यक्रम | ४१०० |
| ३. | विद्युत् उपयोग प्रवर्धन कार्यक्रम | ५६० |
| ४ | नवीकरणीय तथा स्वच्छ उर्जा प्रवर्धन कार्यक्रम | ६९१० |
| | **जम्मा** | **१५७७०** |

**ख. समग्र लगानी प्रक्षेपण**

| क्र. सं. | लगानीको स्रोत | आवधिक लगानी (रु. हजारमा) |
|---|---|---|
| १ | नगरपालिका | १५७७० |
| २ | सङ्घीय सरकार | २००००० |
| ३ | प्रदेश सरकार | २२०० |
| ४ | अन्य क्षेत्र (निजी, समुदाय, सहकारी तथा गैसस) | ६७६० |
| | **जम्मा** | **२२४७३०** |

**७.९ परिमाणात्मक लक्ष्य**

| सूचक | एकाइ | सन् २०३० को लक्ष्य | | विद्यमान अवस्था र लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | कोशी प्रदेश | आधार अवस्था (सन् २०२२) | वर्तमान अवस्था (सन् २०२३) | सन् २०३० |
| विद्युत् पहुँच भएका जनसङ्ख्याको अनुपात | अनुपात | ९९ | ९९ | ९८.५ | ९८.५ | १०० |

| सूचक | एकाइ | सन् २०३० को लक्ष्य | | विद्यमान अवस्था र लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | कोशी प्रदेश | आधार अवस्था (सन् २०२२) | वर्तमान अवस्था (सन् २०२३) | सन् २०३० |
| खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको रूपमा कोइला, दाउरा, गुँइठा लगायतका ठोस इन्धन प्रयोग गर्ने परिवार (प्रतिशत) | प्रतिशत | ३० | ४०.५ | ७७.२५ | ७१.४ | ४० |
| खाना पकाउन र कोठा तातो राख्नका लागि एलपी ग्याँस प्रयोग गर्ने जनसङ्ख्या (प्रतिशत) | प्रतिशत | ३९ | - | २१.७५ | २६.३ | ३९ |
| विद्युत् खपत/उपभोग (प्रतिव्यक्ति किलोवाट घण्टा) | किलोवाट | १५०० | - | २० | २० | ३० |
| कुल अन्तिम ऊर्जा उपभोगमा नवीकरणीय ऊर्जाको हिस्सा | प्रतिशत | ५० | - | ३२ | ३५ | ५० |

## दिगो विकास लक्ष्य ८: समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम

### ८.१ पृष्ठभूमि

नगरवासीलाई एकीकृत श्रम तथा रोजगार सेवा प्रदान गर्नका लागि श्रम तथा रोजगार प्रवर्धन शाखाको स्थापना भएको छ जस अन्तर्गत रोजगार सेवा केन्द्र, सुरक्षित आप्रवासन (सामी) कार्यक्रम, वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको पुन: एकीकरण (रेमी) परियोजना र आप्रवासी स्रोत उप-केन्द्र क्रियाशील रहेका छन्। सुरक्षित आप्रवासन कार्यविधि, सुरक्षित आप्रवासन आपतकालीन कोष सञ्चालन निर्देशिका र स्व-रोजगार कार्यक्रम सञ्चालन कार्यविधि-२०८० (रेमी) स्वीकृत भई लागु भएको छ। नगरको स्थानीय रोजगार रणनीति तर्जुमा प्रक्रिया प्रारम्भ भएको छ। नगरपालिका श्रमिक दस्ता स्थापना र सञ्चालन कार्यविधि, २०७६ तयार गरिएको छ। यसैगरी बेरोजगार दर्ता सूचीलाई अद्यावधिक गर्दै रोजगारदाताको सूचीकरणको समेत कार्य थालनी भएको छ। कोशी प्रदेशबाट सञ्चालित जब पोर्टल "श्रम संसार" र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट सञ्चालित रोजगार व्यवस्थापन सूचना प्रणालीको प्रयोग गरी रोजगार विनिमय सेवा प्रवाह गरिएको छ।

### ८.२ विगतको प्रवृत्ति

विगतमा रोजगारी सिर्जनाका सन्दर्भमा एकीकृत राष्ट्रिय नीतिको अभाव रहेको हुँदा अन्तर–सरकार सहकार्य र संयोजनको समेत कमी रहेको थियो। रोजगारीका न्यून अवसर र नयाँ रोजगारीका क्षेत्र पहिचान ओझेलमा परेका कारण युवा तथा दक्ष जनशक्तिको पलायन तीव्र रहेको थियो। सीप तथा क्षमता विकासका अवसर नगण्य हुनका साथै लक्षित कार्यक्रमहरूको उपलब्धि हासिल गर्नमा विपद् र राजनीतिक आर्थिक अस्थिरताका कारण चुनौतिपूर्ण रहेको थियो। उत्पादनमूलक रोजगारीको सिर्जना, बेरोजगारको तथ्याङ्क सङ्कलन र व्यवस्थापनमा कठिनाइ थियो। चालु आवधिक योजनाको आधार वर्षमा रोजगारीका लागि अस्थायी रूपमा घर छाडी बाहिर बस्ने जनसङ्ख्या ८, १८६ रहेकोमा हाल ४, ७९६ रहेको छ। स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने महत्त्वपूर्ण क्षेत्र होटल, लज, होमस्टे तथा चिया पसलको सङ्ख्या यही अवधिमा २९० बाट ४०१ पुगेको छ।

### ८.३ विद्यमान अवस्था

राष्ट्रिय जनगणना, २०७८ को नतिजा अनुसार सूर्योदय नगरपालिकाको कुल घरपरिवार सङ्ख्या १४, ०३२ र जनसङ्ख्या ५४, ७२७ रहेको छ। आर्थिक रूपमा सक्रिय रोजगार जनसङ्ख्या ६२.९५ प्रतिशत रहेको छ। यस नगरपालिकामा सूचीकृत बेरोजगार सङ्ख्या १०९८ रहेको छ। सामान्य सक्रिय जनसङ्ख्या ११. ७६ प्रतिशत

रहेको छ भने आर्थिक रूपमा निष्क्रिय जनसङ्ख्या २३.७७ प्रतिशत रहेको छ । यस नगरपालिका क्षेत्रभित्र कृषि, पर्यटन, उद्योग, निर्माण क्षेत्र, व्यापार व्यवसाय, होटल तथा रेष्टुरेण्ट, सूचना तथा सञ्चार प्रविधि रोजगारीका प्रमुख क्षेत्रहरू रहेका छन् भने वैदेशिक रोजगारीप्रतिको आकर्षण यथावत् रहेको छ । कुल १४, ०३२ घरधुरी रहेको यस नगरपालिकाभित्रका १, ३३२ घरधुरीले वैदेशिक रोजगारी, १, ६३८ घरधुरीले व्यापार व्यवसाय, ६३४ घरधुरीले सरकारी रोजगारी, ५३७ घरधुरी निजी क्षेत्रको रोजगारीले र ३६० घरधुरीले अन्य रोजगारीलाई प्रमुख रोजगारीको माध्यमका रूपमा अवलम्बन गरेको देखिन्छ । त्यसैगरी कृषि तथा पशुपालनमा संलग्न घरधुरी सङ्ख्या १०, ८९० र दैनिक मजदुरी गर्ने घरधुरी सङ्ख्या २, २५० रहेको छ।

## ८.४ समस्या तथा चुनौति

स्वरोजगारमूलक सीप तथा क्षमता विकासका अवसरको उपलब्धता, दिगो तथा सम्मानजनक रोजगारीका अवसर सिर्जना र नयाँ रोजगारीका  क्षेत्र पहिचानमा कमी रहेको छ । रोजगारी सिर्जनाका सवालमा अन्तर–सरकार सहकार्य र संयोजनको कमी रहेको छ भने एकीकृत राष्ट्रिय नीतिको समेत अभाव रहेको छ । उत्पादनमूलक रोजगारीको सिर्जना र बेरोजगारको सूचना सङ्कलन तथा व्यवस्थापनमा कठिनाइ रहेको छ ।

## ८.५ लक्ष्य

- स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्धन गर्ने

## ८.६ उद्देश्य

१. उत्पादनशील गतिविधि, मर्यादित रोजगारी सिर्जना, उद्यमशीलता र सिर्जनशीलता अभिवृद्धि गर्नु,
२. सबै नगरवासीलाई  दिगो, उत्पादनशील रोजगारी र मर्यादित कामका अवसर उपलब्ध गराउनु,
३. दिगो पर्यटनबाट रोजगारी सिर्जना र स्थानीय संस्कृति संरक्षण गर्नु,

## ८.७ रणनीति

१. बजारको माग अनुरूप युवा जनशक्तिलाई सीपमा आधारित तालिम र क्षमता विकास तालिम सञ्चालन गर्ने,
२. युवा जनशक्तिलाई स्थानीय श्रम बजारमा सहभागी हुने अनुकूल वातावरण निर्माण गर्ने,
३. सङ्घ प्रदेश र निजी क्षेत्रसँगको सहकार्यमा स्थानीय श्रम बजारका लागि आवश्यक पेसा, सीप, दक्षताको विषयमा गहन अध्ययन गरी कामदारको माग र आपूर्तिको प्रोफाइल तयार गर्ने,
४. सरकारी निकाय, गैरसरकारी संस्था, सहकारी तथा निजी क्षेत्रबिच समन्वय, संयोजन र सञ्चारलाई प्रभावकारी बनाउने र रोजगारी सिर्जनाको एकीकृत प्रयास गर्ने,
५. कार्य क्षेत्रमा आधारित तालिम, रोजगार सूचनाको प्रवाह तथा परामर्श र वित्तीय सहयोगमार्फत रोजगारीका अवसरको सिर्जना गर्ने,
६. काम गर्ने उमेरका स्थानीय युवालाई स्वरोजगार बन्न एवम् श्रम बजारमा आकर्षित गर्न क्षमता विकास र जागरण अभियान सञ्चालन गर्ने,
७. विकास प्रक्रियामा युवाको समावेशीकरण र सहभागिता सुनिश्चित गर्ने,
८. रोजगार सेवा केन्द्र तथा रोजगार व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण गर्ने ।

## ८.८ प्रमुख कार्यक्रम तथा आयोजना

### क. नगरपालिकाको लगानी प्रक्षेपण

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | अनुमानित लागत (रू. हजारमा) |
|---|---|---|
| १. | एकीकृत श्रम तथा रोजगारी सम्बन्धी तथ्याङ्क, नीति, योजना तथा कार्यक्रम व्यवस्थापन | ९८९ |
| २. | रोजगार सेवा केन्द्र तथा एकीकृत रोजगार सूचना प्रणाली व्यवस्थापन कार्यक्रम | १०२२ |
| ३. | व्यावसायिक शिक्षा तथा सीप विकास एवम् जीविकोपार्जनको प्रवर्धन | ४३९४ |

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | अनुमानित लागत (रू. हजारमा) |
|---|---|---|
| | कार्यक्रम | |
| ४. | न्यूनतम रोजगारीको कार्यक्रम | ५४९२ |
| ५. | सुरक्षित आप्रवासन कार्यक्रम | ३२९५ |
| ६. | स्वरोजगार/उद्यमशीलता प्रवर्धन कार्यक्रम | २१९७ |
| ७. | पुन:एकीकरण कार्यक्रम | १०९८ |
| | **जम्मा** | **१८४८६** |

**ख. समग्र लगानी प्रक्षेपण**

| क्र. सं. | लगानीको स्रोत | आवधिक लगानी (रु. हजारमा) |
|---|---|---|
| १ | नगरपालिका | १८४८६ |
| २ | सङ्घीय सरकार | ८३१९ |
| ३ | प्रदेश सरकार | २२१८ |
| ४ | अन्य क्षेत्र (निजी, समुदाय, सहकारी तथा गैसस) | ९६७४ |
| | **जम्मा** | **३८६९७** |

**८.९ परिमाणात्मक लक्ष्य**

| सूचक | एकाइ | लक्ष्य (सन् २०३०) | | विद्यमान अवस्था र लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | कोशी प्रदेश | आधार अवस्था (सन् २०२२ | वर्तमान अवस्था (सन् २०२३) | लक्ष्य (सन् २०३०) |
| सूचीकृत बेरोजगार व्यक्ति | सङ्ख्या | - | - | १०९८ | ६३० | ४०० |
| पर्यटन क्षेत्रबाट सिर्जित रोजगारी सङ्ख्या | सङ्ख्या | - | - | १७६० | २०२० | ५००० |
| न्यूनतम रोजगारी प्राप्त गर्ने सूचीकृत बेरोजगार व्यक्ति | सङ्ख्या | - | - | १०५ | ९४ | ४०० |
| रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना | सङ्ख्या | - | - | ९ | ११ | ३० |
| कार्यक्रमबाट सिर्जित रोजगारी | कार्यदिन | - | - | १००३४ | ७४८० | ४०००० |
| रोजगार दाता (प्रारम्भिक तथ्याङ्क सङ्कलन - वडा नम्बर ४, ९, १०, १२ र १४) | सङ्ख्या | - | - | | ४६५ | ३००० |
| वैदेशिक रोजगारीमा गएका व्यक्ति | सङ्ख्या | - | - | १३३२ | २५५० | २००० |
| वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति | सङ्ख्या | - | - | ४७५ | ७८७ | १५०० |
| वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याण- कारी सेवा र आर्थिक सहायता प्राप्त व्यक्ति | सङ्ख्या | - | - | २५ | ३९ | १०० |
| श्रम स्वीकृति सहजीकरणबाट लाभान्वित | सङ्ख्या | - | - | - | १०० | २००० |

## दिगो विकास लक्ष्य ९: उद्योग, नवीन खोज र पूर्वाधार

### ९.१ पृष्ठभूमि

नगरपालिकाले सडक तथा यातायात गुरुयोजना तयार गरी सो बमोजिम सडक विस्तार, स्तरोन्नति तथा नियमित मर्मतसम्भार कार्य गरिरहेको छ। सडकको नियमित मर्मतसम्भार तथा स्तरोन्नतिको लागि नगरपालिकाले टिपर, व्या होइ लोडर र रोलर खरिद गरी सञ्चालनमा ल्याएको छ । यस नगरपालिकाले पूर्वाधार विकासलाई व्यवस्थित, उत्थानशील र दिगो तुल्याउन स्थानीय सडक व्यवस्थापन, सञ्चालन तथा नियमन सम्बन्धी, ऐन २०७८; विकासनिर्माण मापदण्ड, २०७३; जनसहभागितामा आधारित सौर्य सडकबत्ती कार्यक्रम सञ्चालन कार्यविधि, २०७४; घर नक्सा नियमित (निर्माण भईसकेको पुराना भवनको) सम्बन्धी कार्यविधि, २०७५ र सूर्योदय नगरपालिकाको सडक संरक्षक(हेरालु) सम्बन्धी कार्यविधि, २०७९ तयार गरी कार्यान्वयनमा ल्याएको छ । उद्यमशीलता विकासको लागि उपयुक्त वातावरण निर्माण गर्न एक शिक्षण संस्था एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७९; उद्यम विकास कोष परिचालन कार्यविधि, २०७४; सूर्योदय नगरपालिकाको उद्यम विकास कोष परिचालन निर्देशिका, २०७५ र सूर्योदय नगरपालिकाको उद्यम विकास कोष परिचालन निर्देशिका, २०७८ तयार गरेको छ।

### ९.२ विगतको प्रवृत्ति

आर्थिक वर्ष २०७७/०७८ देखि सञ्चालित लघुउद्यम विकास कार्यक्रमबाट नगर क्षेत्रभित्र हालसम्म ४४५ जनालाई उद्यमशीलता तालिम, ३५४ जनालाई सीप विकास तालिम, ७५ जनालाई एड्भान्स सीप विकास तालिम उपलब्ध गराइएको छ भने ५७ जनालाई व्यवसाय अनुदान र २७७ जना सदस्यहरूलाई प्रविधि हस्तान्तरण गरिएको छ । हालसम्म यस कार्यक्रम लागु भएका ८ वटा वडाहरूमा ३४ वटा लघु उद्यमी समूह गठन भई ४५३ जना उद्यमी समूहमा आबद्ध भएका छन् । सीप विकास तालिमपश्चात् ४६४ जनाले सामूहिक तथा व्यक्तिगत रूपमा व्यवसाय सञ्चालन गरिरहेका छन् । चालु आवधिक योजनाको समीक्षा अवधिमा होटल, लज, होमस्टे तथा चिया पसल सङ्ख्या २९० बाट ४०१ पुगेको छ।

यस क्षेत्रमा चालु आवधिक योजनाको मध्यावधि समीक्षा अवधिमा १०७ कि.मि. बाट ११२.८८ कि.मि., कालोपत्रे सडक ४१.९ कि.मि. बाट ६१ कि.मि. पुगेको, ग्रामीण धुले सडक ५९ कि.मि. बाट ८८१.७ कि.मि. पुगेको छ। नगर क्षेत्र भित्र १८ वटा झोलुङ्गे पुल रहेका छन्। ती मध्ये १५ वटा झोलुङ्गे पुलको नियमित मर्मत सम्भारका लागि स्थानीय बासिन्दालाई पुल संरक्षकको जिम्मेवारी प्रदान गरिएको छ। हाल सम्म १३२ वटा तीनपाङ्ग्रे सवारी साधन नगरपालिकामा सूचीकृत भएका छन् । नगरपालिकाले नगर यातायात गुरुयोजनामा समावेश भएका सडकहरूको नामकरण गरेको छ।

### ९.३ विद्यमान अवस्था

सूर्योदय नगरपालिकाभित्र ठूला, मझौला तथा साना उद्योगहरू सञ्चालनमा रहेका छन्। नगदेबाली तथा पशुजन्य उत्पादनमा आधारित उद्योग व्यवसायहरूका लागि प्रख्यात मानिएको नगरपालिकाभित्र सानाठूला गरी ६५ वटा चिया उद्योग र ८० वटा दुग्धशाला सहित करिव २०० भन्दा बढी उद्योगहरू सञ्चालनमा रहेका छन्। यस क्षेत्रका चिया उद्योगबाट वार्षिक करिव ५० लाख केजी अर्थोडक्स चिया उत्पादन हुने गरेको छ। वडा नं. ५, ८, ९, १०, ११, १२ र १४ का लघु व्यवसायीहरू गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रमबाट उद्यमशीलता तथा सीप विकास तालिम लिई व्यवसाय सञ्चालनमा अग्रसर रहेका छन्। नगरपालिकाभित्र सञ्चालनमा रहेका व्यवसायहरूको कुल सङ्ख्या ३२७२ र कुल व्यवसाय कर रु. ५३ लाख ५० हजार असुल हुने गरेको छ।

राष्ट्रिय राजमार्ग कुल ४८.२१ कि.मि., सहायक राजमार्ग (Feeder and district) कुल ४८.८७ कि.मि. रहेको र नगरस्तरीय सडक सञ्जाल अन्तर्गत ८८१.७१ कि.मि. सडक रहेको सो मध्य १२६.२४ कि.मि. बाह्रै महिना सूचारु रुपमा सञ्चालन हुने सडक र बाँकी ७५५.४७ कि.मि. कच्ची सडक रहेको छ । हालसम्ममा सडक घनत्व ३.५ कि.मि. प्रति वर्ग कि.मी, कालोपत्रे सडक राष्ट्रिय राजमार्ग कुल ४८.२१ कि.मि. र नगरस्तरीय १३.०९ गरी कुल ६१.३ कि.मि., नगरस्तरीय ग्राभेल सडक ११३.१५ कि.मि. र धुले सडक ७५५.४७ कि.मि. पुगेको छ। यस क्षेत्रमा

३० मिनेटको दुरीमा यातायातमा पहुँच भएका जनसङ्ख्या ८८ प्रतिशत र झोलुङ्गे पुल सङ्ख्या १३ रहेको छ। इन्टरनेट सुविधाको उपयोग गर्ने जनसङ्ख्या ७० प्रतिशत रहेको छ। नगरपालिकाले सहरी विकास योजना तयार गरी एकीकृत सहरी पूर्वाधार विकास आयोजना अन्तर्गत सङ्घीय सरकारबाट विभिन्न १० वटा कम्पोनेण्टमा कार्य भई रहेको छ। जस अन्तर्गत २ किलोमिटर सडक सहितको नमुना गाउँ पूर्वाधार, पशुपतिनगरमा बस पार्क निर्माण, कृषि उपज सङ्कलन केन्द्र, फिक्कल चक्रपथ निर्माण, ऋषिमोड-मानेभञ्ज्याङ कृषि सडक तथा कन्याम पार्क निर्माण लगायतका पूर्वाधार निर्माण सम्बन्धी क्रियाकलाप समावेश छन्। वडा नम्बर १२ मा पशु वधशालालाई व्यवस्थित गरिएको छ। इन्टरनेट घनत्व प्रति १०० जनामा ६८.२ रहेको छ भने इन्टरनेट प्रयोग गर्ने १५ देखि २४ वर्ष उमेर समूहको जनसङ्ख्या ९९ प्रतिशत रहेको छ। सबै विद्यालयहरू, वडा कार्यालयहरू र स्वास्थ्य संस्थाहरूमा इन्टरनेटको पहुँच पुगेको छ। आधुनिक सूचना प्रविधिको सुविधा विस्तार हुँदै सबै क्षेत्रमा इन्टरनेट तथा मोवाइल सेवा उपलब्ध रहेको छ।

### ९.४ समस्या तथा चुनौति

विगत वर्षदेखिको विश्वव्यापी आर्थिक शिथिलताका कारण उद्योग तथा व्यापार क्षेत्रमा नकारात्मक असर रहेको छ। दक्ष जनशक्ति र पुँजीको कमीले उद्योग तथा व्यवसायको विस्तारको गतिलाई कमजोर तुल्याएको छ। बजार अनिश्चितता र अस्थिर मूल्य प्रणालीका कारण गुणस्तरीय एवम् प्रतिस्पर्धी वस्तु तथा सेवा प्रदान हुन सकेको छैन। हरियो चियाको मूल्य निर्धारणमा देखिने कठिनाइले चिया व्यवसायमा सहज वातवरण तयार हुन सकेको छैन। नगर क्षेत्रमा सञ्चालित व्यवसायको विवरण अद्यावधीकरणको कमी रहेको छ। उत्पादन भएका वस्तुहरूको सही बजारीकरण एवम् वस्तु तथा सेवाहरूको मूल्य निर्धारण वैज्ञानिक रूपमा हुन सकेको छैन।

कमजोर धरातल र अधिक पानी पर्ने क्षेत्र हुनाले सडकको गुणस्तर कायम राख्न कठिनाइ हुने गरेको छ। सडक निर्माणमा मौसमी प्रतिकूलता, स्रोतको कमी र नियमित मर्मतसम्भारको कमी रहेको छ। बसपार्क निर्माण हुन नसक्दा पार्किङ व्यवस्थापनमा समस्या रहेको छ। ग्रामीण क्षेत्रका कच्ची सडकमा वर्षाको मौसममा यातायात कठिनाइ रहेको छ। अधिक सवारीको चाप हुने फिक्कल–श्रीअन्तु सडक साँघुरो हुनाले यातायात कठिन भएको छ। बजार तथा बजार उन्मुख क्षेत्रमा निर्माण भएका सडकहरूमा ढल तथा नाली व्यवस्थापनमा कमी रहेको छ। सडक निर्माण तथा यातायात सञ्चालनमा वातावरणीय पक्ष, गुणस्तर र मापदण्डको पालना हुन सकेको छैन। वातावरणीय संरक्षणको उपाय अवलम्बन र आर्थिक तथा सामाजिक विश्लेषणबिना सडक निर्माण गर्ने क्रम बढ्दै गइरहेको छ।

छरिएको बस्ती तथा विकट क्षेत्रमा सूचना, सञ्चार तथा प्रविधिको विस्तार कठिन र महँगो रहेको छ। साइबर अपराध सम्बन्धी सचेतनामा कमी रहेको छ भने सूचना प्रविधिमा आधारित आपराधिक गतिविधिहरूमा वृद्धिहुँदै गएको छ। सबै खालका सेवा प्रवाहलाई विद्युतीय सूचना प्रविधिमा आबद्ध गरी सहज सेवा प्रवाह गराउन सकिएको छैन। तारयुक्त प्रविधिलाई निरुत्साहित गर्दै ताररहित प्रविधिलाई बढावा दिनु र सञ्चार माध्यमहरूलाई विश्वसनीय र जवाफदेही बनाउँदै गुणस्तरीय सेवा प्रवाह विकास गर्नु चुनौतिका रूपमा रहेका छन्।

### ९.५ लक्ष्य

- समानुकूलित तथा उत्थानशील पूर्वाधारहरू विकास र दिगो औद्योगीकरणको प्रवर्धन गर्ने,

### ९.६ उद्देश्य

१. गुणस्तरीय, भरपर्दो, दिगो र उत्थानशील पूर्वाधारहरूको विकास गर्नु,
२. समावेशी र दिगो उद्यम सिर्जना, विकास र स्तरोन्नति गर्नु,
३. सहज कर्जा सुविधा एवम् वित्तीय सेवामा पहुँच स्थापना गर्नु।

### ९.७ रणनीति

१. बजार माग अनुरूपको गुणस्तरीय एवम् प्रतिस्पर्धी उत्पादनलाई प्रोत्साहित गर्दै रोजगारीको अवसर सिर्जना गर्ने,
२. उद्योग, व्यवसाय तथा व्यापार क्षेत्रको दिगो प्रवर्धनका लागि कानुनी र संस्थागत संयन्त्र निर्माण गर्ने,
३. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग तथा व्यवसाय क्षेत्रको प्रवर्धनमा सार्वजनिक निजी साझेदारीलाई थप प्रभावकारी बनाउने,

४. अन्तरसरकार सहकार्यमा उद्यमशीलता र सिर्जनशीलता विकासको वातावरण तयार गर्ने,
५. सार्वजनिक निजी साझेदारी एवम् अन्तर–सरकार साझेदारी र सहकार्यमा सडक पूर्वाधार निर्माण तथा स्तरोन्नति गर्ने,
६. सडक निर्माणलाई वातावरणमैत्री बनाउन आवश्यक अध्ययनलाई (BIS, IEE, EIA) अनिवार्य बनाउने,
७. यातायात सञ्चालन र व्यवस्थापन प्रणाली सुदृढ बनाउने,
८. सडक तथा नाली मर्मतलाई नियमित र व्यवस्थित गराउने,
९. नगरस्तरीय सडक सञ्जाल गुरुयोजना (MTMP) अद्यावधिक गरी कार्यान्वयन गर्ने,
१०. यातायात पहुँच वृद्धि तथा बजार, व्यापार प्रवर्धन गर्न स्थानीय सडक पूर्वाधार (पुल, कल्भर्ट, फुटपाथ, सडक बत्ती इत्यादि) को निर्माण तथा सम्भार गर्ने,
११. आधुनिक सूचना प्रविधिमा सबैको पहुँच सुनिश्चित गर्ने,
१२. स्थानीय तहका व्यापारिक संस्थालाई दर्ताको दायरामा ल्याउने र अनुगमन तथा नियमन गर्ने,
१३. औद्योगिक तथा अन्य स्थानीय आर्थिक गतिविधिहरूको प्रवर्धन गर्ने ।

### ९.८ कार्यक्रम तथा आयोजना

#### क. नगरपालिकाको लगानी प्रक्षेपण

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | अनुमानित लागत (रु. हजारमा) |
|---|---|---|
| १. | सडक निर्माण नीति, योजना मापदण्ड तर्जुमा तथा नियमन कार्यक्रम | ६७०० |
| २. | सडक तथा पुल निर्माण, स्तरोन्नति तथा मर्मतसम्भार कार्यक्रम | १३५५५०० |
| ३. | वैकल्पिक यातायात विकास तथा विस्तार आयोजना | २२३३०० |
| ४. | सडक संरचना निर्माण, विकास, विस्तार तथा मर्मतसम्भार कार्यकम (संरक्षण पर्खाल, फुटपाथ, सडक बत्ती, प्रतिक्षालय, सङ्केत आदि) | २२३३०० |
| ५. | सूचना तथा सञ्चार प्रविधि विकास, विस्तार तथा उपयोग कार्यक्रम | २९०३०० |
| ६. | उद्यमशीलता विकास कार्यक्रम | ६९१५० |
| ७. | औद्योगिक प्रवर्धन कार्यक्रम | ६४८५० |
| | **जम्मा** | **२२३३१००** |

#### ख. समग्र लगानी प्रक्षेपण

| क्र. सं. | लगानीको स्रोत | आवधिक लगानी (रु. हजारमा) |
|---|---|---|
| १ | नगरपालिका | २२३३१०० |
| २ | सङ्घीय सरकार | ९३६००० |
| ३ | प्रदेश सरकार | ६२४००० |
| ४ | अन्य क्षेत्र (निजी, समुदाय, सहकारी तथा गैसस) | ४२१४०० |
| | **जम्मा** | **४२१४५००** |

### ९.९ परिमाणात्मक लक्ष्य

| सूचक | एकाइ | सन् २०३० को लक्ष्य | | विद्यमान अवस्था र लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | कोशी प्रदेश | आधार अवस्था (सन् २०२२) | वर्तमान अवस्था (सन् २०२३) | लक्ष्य (सन् २०३०) |
| सडक घनत्व | (कि.मि./वर्ग | १.५० | २.५ | ३.३ | ३.५ | ३.७ |

| सूचक | एकाइ | सन् २०३० को लक्ष्य | | विद्यमान अवस्था र लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | कोशी प्रदेश | आधार अवस्था (सन् २०२२) | वर्तमान अवस्था (सन् २०२३) | लक्ष्य (सन् २०३०) |
| | कि.मि.) | | | | | |
| पक्की/कालोपत्रे सडकको घनत्व | (कि.मि./वर्ग कि.मि.) | ०.२५ | - | ०.२३ | ०.२४ | ०.४ |
| ३० मिनेटको पैदल दूरीमा रहेको ग्राभेल सडकको पहुँच | प्रतिशत | ८० | - | १०० | १०० | १०० |
| रोजगारीमा ठूला/निर्माण उद्योगको रोजगारीको अनुपात | प्रतिशत | १३ | - | ०.९८ | ६.४८ | १० |
| उत्पादनमूलक उद्योग | सङ्ख्या | - | - | - | २२५ | २५० |
| नगरपालिकाभित्र सञ्चालनमा रहेका व्यवसाय | सङ्ख्या | - | - | ३१७० | ३२७२ | ४००० |
| मोवाइल नेटवर्क जोडिएका जनसङ्ख्याको हिस्सा | अनुपात | १०० | १०० | १०० | १०० | १०० |
| इन्टरनेट सँग जोडिएका जनसङ्ख्याको हिस्सा | अनुपात | - | - | ६८ | ७० | ९० |
| इन्टरनेट घनत्व (प्रति १०० जनामा) | प्रतिशत | ९५ | ७९.५ | ६८.२ | ९० | ९८ |

## दिगो विकास लक्ष्य १०: असमानता न्यूनीकरण

### १०.१ पृष्ठभूमि

नगरपालिकाको नीति, कानुन, मापदण्ड, योजना तथा कार्यक्रममा मूलप्रवाहीकरण गरी कार्यान्वयन गर्ने उद्देश्यले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) मूलप्रवाहीकरण रणनीति, २०७९ तर्जुमा गरी कार्यान्वयनमा रहेको छ । यसैगरी आर्थिक वर्ष २०७९/०८० बाट वार्षिक रूपमा लैङ्गिक समानता तथा समावेशीकरण परीक्षण गर्ने अभ्यासको थालनी भएको छ । ज्येष्ठ नागरिक संरक्षण समिति तथा लोपोन्मुख जाति संरक्षण समिति गठन भई क्रियाशील रहेका छन्।

आर्थिक, सामाजिक रूपमा पछाडि परेको वर्गको हित प्रवर्धन गर्न अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम (सञ्चालन कार्यविधि) ऐन, २०७५; अपाङ्गता भएका व्यक्तिहरूका लागि स्वास्थ्य बीमा कार्यविधि, २०७६; अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण कार्यविधि, २०७५; अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य बीमा सञ्चालन कार्यविधि, २०७७ तयार भई कार्यान्वयनमा रहेको छ।

### १०.२ विगतको प्रवृत्ति

प्रथम आवधिक योजना अवधिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी रणनीति तथा कार्यविधि तयार गरी सामाजिक, आर्थिक रूपमा पछाडि परेको वर्गको प्रत्यक्ष हित अभिवृद्धि हुने कार्यक्रमहरू कार्यान्वयन भएका छन्। यसै अवधिभित्र आदिवासी जनजातिका लागि लोकसेवा आयोग तयारी कक्षा सञ्चालनबाट ५३ जना र शिक्षा सेवा आयोग तयारी कक्षा सञ्चालनबाट ८३ जनाले प्रत्यक्ष फाइदा लिएका छन्। "नगरको इच्छा छोरी बुहारीलाई शिक्षा" कार्यक्रम अन्तर्गत १५३ जना बुहारीले शिक्षा हासिल गर्न सहयोग प्राप्त गरेका छन्। विपन्न दलितको स्वास्थ्य

बीमा अन्तगरत ५७ घर परिवारको स्वास्थ्य बीमा गरिएको छ। सोही अवधिमा सामाजिक सुरक्षा भत्ता हासिल गर्ने दलित बालबालिका १०१ जना, पूर्ण अपाङ्गता भत्ता हासिल गर्ने १०२ जना र सबै प्रकारको जेष्ठ नागरिक भत्ता प्राप्त गर्ने ४५७६ जना रहेका छन्।

लक्षित वर्गका लागि सीप विकास तथा रोजगारीका अवसर वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिएको छ। अपाङ्गता भएका व्यक्ति तथा विपन्न दलितका लागि निःशुल्क स्वास्थ्य बीमाको कार्यक्रम सञ्चालन गरिएको छ। निःशुल्क स्वास्थ्य बीमा कार्यक्रममा समेटिएको विपन्न लक्षित वर्गको घरपरिवारका २५०५ जना लाभान्वित भएका छन्। प्रथम आवधिक योजनाको आधार वर्षमा बालविवाह गर्ने १८ वर्षमुनिका बालबालिका सङ्ख्या १८३ रहेकोमा गत वर्षसम्ममा २ मात्र रहेको छ।

### १०.३ विद्यमान अवस्था

दलित, आदिवासी जनजाति, लोपोन्मुख र ज्येष्ठ नागरिक संरक्षण सम्बन्धी ४ वटा समिति गठन भई क्रियाशील रहेका छन्। त्यसैगरी अपाङ्गता भएका व्यक्तिको १४ वटा वडास्तरीय समूह, १ वटा नगरस्तरीय समिति र १ वटा सहकारी संस्था गठन तथा दर्ता भई क्रियाशील रहेका छन्। नगरसभा र कार्यपालिकाबाट गठन भएका १८ भन्दा बढी समिति तथा संरचना कानुन तथा कार्यविधि समावेशी रूपमा गठन भई क्रियाशील रहेका छन्।

आ व ०८०/०८१ को बैशाख महिनासम्म कुल ३८४ जना अपाङ्गता भएका नागरिकहरूलाई सहायक सामग्री र ४१६ जनालाई उपचार सहयोग उपलब्ध गराएको छ। हालसम्म कुल ४०६८ जना जेष्ठ नागरिकलाई परिचय पत्र उपलब्ध गराइएको छ। नगर क्षेत्र भित्र रहेका जेष्ठ नागरिकहरूको नगरस्तरीय समिति गठन गरिएको छ। जेष्ठ नागरिकहरूको विभिन्न सीपको प्रदर्शनी तथा पुस्ता हस्तान्तरण कार्यक्रम सञ्चालन गरी जेष्ठ नागरिकको सीपको कदरका साथै मूल्य समेत पाउने गरी जेष्ठ नागरिकले उत्पादन गरेको वस्तु वडा कार्यालयहरूबाट बेचबिखन हुने गरेको छ।

नगरपालिकाले अपाङ्गता भएका व्यक्ति र उनीहरूको परिवारका सदस्यहरू गरी कुल २२३ जनालाई सीप विकास तालिम, ४५ जनालाई प्रविधि हस्तान्तरण, ३८४ जनालाई सहायक सामग्री वितरण र ४१६ जनालाई उपचार सहयोग उपलब्ध गराइएको छ। नगरपालिकाले बेवारिसे महिला तथा बालबालिकाको उद्धार तथा पुनर्स्थापनाको क्षेत्रमा समेत कार्य गरिरहेको छ। अपाङ्ता भएका व्यक्तिलाई लक्षित शिक्षा, स्वास्थ्य, रोजगारी, सहभागिता तथा सशक्तीरणलाई एकीकृत गरी अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सञ्चालनमा रहेको छ। सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी र लक्षित वर्गमैत्री गराउँदै लगिएको छ।

### १०.४ समस्या तथा चुनौति

आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा पिछडिएको वर्गको अर्थपूर्ण सहभागिता र प्रभावशाली उपस्थिति कमजोर रहेको छ। एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित, ज्येष्ठ नागरिक तथा महिलाप्रतिको सोच र व्यवहार अझै पनि सकारात्मक बन्न सकिरहेको छैन। लक्षित वर्गसँग सम्बन्धित हिंसाजन्य व्यवहार कुनै न कुनै रूपमा कायमै रहेको छ। लक्षित वर्गमा अधिकार र कर्तव्यसम्बन्धी सचेतनामा कमी रहेको छ। आर्थिक सामाजिक रूपमा पछाडि परेको वर्गको मुलप्रवाहीकरणका कार्यक्रमको प्रभावकारिता कमजोर रहेको छ। सबै खालका विभेदको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्नु प्रमुख चुनौतिका रूपमा रहेको छ। मर्यादित रोजगारी र सम्पत्तिमाथि महिलाको पहुँच न्यून रहेको छ।

सामाजिक सुरक्षाका लागि आवश्यक पर्ने स्रोतको पूर्वानुमान गर्न सूचनाको कमी रहेको छ। सरकारका विभिन्न तह र निकायबाट प्रदान गरिने सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रममा दोहोरोपना हुनसक्ने देखिएको छ भने यस्ता कार्यक्रमहरूबिच सामञ्जस्यको कमी रहेको छ। सामाजिक सुरक्षालाई आर्थिक सामाजिक विकासका अन्य क्षेत्रका नीति तथा कार्यक्रमसँग आबद्ध गर्नु र वास्तविक बञ्चितीकरण तथा जोखिममा रहेको वर्ग र समुदायको पहिचान गरी सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रममा सहज पहुँच स्थापित गर्नु प्रमुख चुनौतिका रूपमा रहेको छ।

### १०.५ लक्ष्य

- सामाजिक आर्थिक असमानता न्यूनीकरण गर्ने

### १०.६ उद्देश्य

१. सामाजिक आर्थिक रूपमा पछाडि परेको वर्गको क्षमता विकास तथा आयआर्जनका अवसर उपलब्ध गराउनु,
२. समाजमा विद्यमान असमानता न्यूनीकरण तथा विभेदको अन्त्य गर्नु,
३. लक्षित वर्गमैत्री नगरका रूपमा विकास गर्नु ।

### १०.७ रणनीति

१. सामाजिक तथा आर्थिक रूपमा पछाडि परेको वर्गको क्षमता विकास तथा मूलप्रवाहीकरण गर्ने;
२. वञ्चितीकरणमा परेको वर्ग तथा समुदायको राजनीतिक, आर्थिक, सामाजिक तथा प्रशासनिक क्षेत्रमा सहभागिता अभिवृद्धि गर्ने;
३. कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा सरोकारवालासँगको साझेदारी तथा सहकार्य अभिवृद्धि गर्ने;
४. बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको संरक्षण, सम्मान तथा प्रोत्साहन गर्ने;
५. अपाङ्ता भएका व्यक्तिलाई लक्षित गरी शिक्षा, स्वास्थ्य, रोजगारी सहभागिता तथा सशक्तीरणलाई एकीकृत गरी अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम सञ्चालन गर्ने,
६. ज्येष्ठ नागरिकको उपयोगी अनुभव, भोगाइ तथा ज्ञानलाई पुस्तान्तरण गराउने;
७. अपाङ्गता भएका व्यक्ति, बाल बालिका तथा ज्येष्ठ नागरिकमैत्री संरचना विकास र विस्तार गर्ने ।

### १०.८ कार्यक्रम तथा आयोजना

**क. नगरपालिकाको लगानी प्रक्षेपण**

| क्र.सं. | प्रमुख आयोजना तथा कार्यक्रम | लगानी अनुमान (रू. हजारमा) |
|---|---|---|
| १ | अपाङ्गता भएका व्यक्ति संरक्षण तथा पुनर्स्थापना कार्यक्रम | १९१५३ |
| २ | दलित सशक्तीकरण तथा उत्थान कार्यक्रम | २३९४१ |
| ३ | आदिवासी/जनजाति भाषा, कला तथा संस्कृति संरक्षण कार्यक्रम | २३९४१ |
| ४ | लोपोन्मुख तथा पिछडा वर्ग तथा समुदाय उत्थान कार्यक्रम | १६७५८ |
| ५ | समावेशी संरचना सुदृढीकरण कार्यक्रम | ४७८८ |
| ६ | असहाय तथा असक्त व्यक्ति संरक्षण कार्यक्रम | ९५७६ |
| ७ | ज्येष्ठ नागरिक संरक्षण तथा सेवा प्रवर्धन कार्यक्रम | १३४०४ |
| | **जम्मा** | **१११५६०** |

**ख. समग्र लगानी प्रक्षेपण**

| क्र. सं. | लगानीको स्रोत | आवधिक लगानी (रु. हजारमा) |
|---|---|---|
| १ | नगरपालिका | १११५६० |
| २ | सङ्घीय सरकार | १००४१ |
| ३ | प्रदेश सरकार | १३३८५ |
| ४ | अन्य क्षेत्र (निजी, समुदाय, सहकारी तथा गैसस) | ५६२५ |
| | **जम्मा** | **१४०६१०** |

### १०.९ परिमाणात्मक लक्ष्य

| सूचक | एकाइ | सन् २०२३ लक्ष्य | | नगरपालिकाको विद्यमान अवस्था तथा लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | कोशी प्रदेश | आधार अवस्था (सन् २०२२) | वर्तमान अवस्था ( सन् २०२३ | लक्ष्य (सन् २०३०) |
| स्वास्थ्य बीमा गरिएका दलित परिवार | सङ्ख्या | - | - | ५७ | ८५ | १०० |

| सूचक | एकाइ | सन् २०२३ लक्ष्य | | नगरपालिकाको विद्यमान अवस्था तथा लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | कोशी प्रदेश | आधार अवस्था (सन् २०२२) | वर्तमान अवस्था ( सन् २०२३ | लक्ष्य (सन् २०३०) |
| स्वास्थ्य बीमा गरिएका अपाङ्गता भएका व्यक्ति | सङ्ख्या | - | - | ३३३ | ५२५ | ८०० |
| आदिवासी/जनजाति, दलित, लोपोन्मुख र, अपाङ्गता भएका व्यक्ति र यौनिकअल्पसङ्ख्यक समुदायको क्षमता विकास तालिम प्राप्त सङ्ख्या | सङ्ख्या | - | - | १६९ | ३०० | ५०० |
| आदिवासी जनजाती , दलित, लोपोन्मुख , अपाङ्गता भएका व्यक्ति र यौनिक अल्पसङ्ख्यकहरूको सीपमूलक तथा आयआर्जन तालिम प्राप्त सङ्ख्या | सङ्ख्या | - | - | ४७३ | ५५० | १००० |
| अपाङ्ग मैत्री शौचालय निर्माण | सङ्ख्या | - | - | १ | ३ | १२ |
| ज्येष्ठ नागरिक मिलन केन्द्र | सङ्ख्या | - | - | १ | २ | ५ |

## दिगो विकास लक्ष्य ११: दिगो सहर तथा समुदाय

### ११.१ पृष्ठभूमि

यस नगरपालिका क्षेत्रमा भवन निर्माण मापदण्ड तथा भूकम्प प्रतिरोधी र आधुनिक प्रविधिको अभ्यास विस्तार हुँदैगएको छ। भू- उपयोग ऐन, २०७४ ले तोकेबमोजिम भू–वर्गीकरण कार्य सम्पन्न भई व्यवस्थित बस्ती विकासको सुरुवात गरिएको छ। दिगो सहर तथा बस्ती विकासलाई मध्यनजर गरी घरनक्सा नियमित (निर्माण भईसकेको पुराना भवनको) सम्बन्धी कार्यविधि, २०७५; विकासनिर्माण मापदण्ड, २०७३ र भूउपयोग कार्यविधि, २०७९ कार्यान्वयनमा रहेका छन्।

भवन निर्माणमा स्थानीय सामग्रीको उपयोगको अभ्यास कम हुँदैगएको छ भने आधुनिक (सिमेन्ट तथा कंक्रिटबाट निर्मित) घर निर्माणको अभ्यास वृद्धि हुँदैगएको छ । भवन निर्माणमा मापदण्ड तथा आधुनिक प्रविधिको अभ्यास विस्तार हुँदैगएको छ। भू–वर्गीकरणको कार्य सम्पन्न भई कार्यान्वयनको चरणमा रहेको छ। भवन निर्माणमा स्थानीय सामग्रीको उपयोगको अभ्यास कम हुँदैगएको छ भने आधुनिक (सिमेन्ट तथा कङ्क्रिटबाट निर्मित) घर निर्माणको अभ्यास वृद्धि हुँदै गएको छ तथापि ग्रामीण क्षेत्रहरूमा ढुङ्गामाटोका घर निर्माणको प्रचलन कायमै रहेको भएतापनि सहरी तथा सहरउन्मुख क्षेत्रमा सिमेन्ट तथा कङ्क्रिटको भवन निर्माण व्यापक हुँदैगएको छ।

### ११.२ विगतको प्रवृत्ति

नगरपालिका क्षेत्रभित्र भइरहेको अव्यवस्थित बस्ती विस्तारलाई नियन्त्रण गर्न भूवर्गीकरण मार्फत बस्ती विकासलाई व्यवस्थित गर्ने तर्फ अग्रसर रहको छ । आ.व. २०७६/०७७ बाट भवन निर्माणका लागि नक्सा पासको थालनी गरिएकोमा हालसम्म कुल ९७ वटा भवनको नक्सा पास भएका छन्। यसै अवधिमा वडा कार्यालय भवन १० वटा बाट १३ वटा र स्वास्थ्य चौकी भवन ७ वटा बाट १० वटा पुगेको देखिन्छ तथापि भवन निर्माण मापदण्ड र भवन संहिता मापदण्डको पालना कमजोर रहेको छ।

योजनाको शुरुवाती अवस्थामा कुल १० वडा कार्यालयको भवन निर्माण भएकोमा सबै वडा कार्यालयको पक्की भवन रहेको छ भने ७ वटा स्वास्थ्य चौकी निर्माण भएकोमा समीक्षा अवधिमा १४ वटा निर्माण सम्पन्न भएको देखिन्छ। यसै अवधिमा सुरक्षित नागरिक आवासका लागि ४ सय ८४ जनासँग सम्झौता सम्पन्न भएको छ।

## ११.३ विद्यमान अवस्था

नयाँ निर्माण भईरहेका अधिकांश भवन/संरचना राष्ट्रिय भवन संहिता, २०६० पूर्णरूपमा पालना निर्माण गरिएका छन् भने नक्सा पास प्रक्रिया अनिवार्य गरिएको छ। उत्थानशील नगर निर्माण गर्नका लागि UNDRR को MCR २०३० मा समावेश भएका १० आवश्यकता अनुसारको सूचकहरू पूरा गर्ने गरी उत्थानशील नगर निर्माण गर्न प्रतिबद्धता गरेको र सोही अनुसार कार्यक्रमहरू अगाडि बढाएको छ। विपन्न नागरिकहरूको सूची तयार गरी सुरक्षित आवास निर्माण गर्न कार्यक्रमहरू अगाडि बढाएको छ। पुराना घर संरचनाको अभिलेखीकरण गरी सूचीकृत गर्न आवश्यक पर्ने इन्जिनियरिङ नक्सा तयारी गर्ने कार्यको थालनी भएको छ। स्थानीय सामग्रीको उपयोग गरी निर्माण गरिने भवन निर्माणको इजाजत लिँदा तिर्नुपर्ने राजस्वमा सहुलियतको व्यवस्था भएको छ। सडकको लगत कट्टाका लागि मन्जुरी लिने कार्य थालनी भएको छ।

मापदण्डअनुसार निर्माण भएका कार्यालय, विद्यालय तथा स्वास्थ्य संस्थाका बालमैत्री तथा अपाङ्गमैत्री भवनहरू ९० प्रतिशत रहेको छ। यस क्षेत्रमा सुरक्षित घरहरूमा बसोबास गर्ने घरपरिवार सङ्ख्या ७० प्रतिशत रहेको छ। हालसम्ममा कुल ६ सयभन्दा बढी फुसको छाना विस्थापन गर्ने कार्य भइरहेको छ। नक्सापास प्रकृयालाई थप व्यवस्थित गर्न विद्युतीय सूचना प्रविधिको उपयोग गरी विद्युतीय भवन अनुमति प्रणाली विकास गर्न लागिएको छ।

## ११.४ समस्या तथा चुनौति

अव्यवस्थित बसोवासी तथा सुकुम्बासीहरू पहिचान एवम् व्यवस्थापन चुनौतिपूर्ण रहेको छ। भू–उपयोग क्षेत्र निर्धारण गरी कार्यान्वयन गर्नु, भवन निर्माण मापदण्ड पालना गराउनु र व्यवस्थित एवम् सुरक्षित बस्ती निर्माण गर्नु चुनौतिका रूपमा रहेका छन्। राजमार्ग तथा बजार क्षेत्रमा अव्यवस्थित बस्ती विस्तार र लापरवाहीपूर्ण संरचना निर्माणले जोखिम बढाएको छ। जग्गाको अनियन्त्रित खण्डीकरणको र अव्यवस्थित भवन निर्माणको अभ्यास निरन्तर रहेको छ। छरिएको र अव्यवस्थित बस्तीका कारण विकासनिर्माण तथा सेवा प्रवाह चुनौतिपूर्ण बनेको छ। सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षणमा प्रयाप्त ध्यान पुगेको छैन।

## ११.५ लक्ष्य

- सहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने

## ११.६ उद्देश्य

१. सुरक्षित आवास र आधारभूत सेवामा सबैको पहुँच सुनिश्चित गर्नु,
२. गरिब बस्ती तथा झुपडपट्टी (Slum) लाई स्तरोन्नति गर्नु,
३. सहर तथा बस्तीलाई समावेशी तथा दिगो बनाउनु,
४. सांस्कृतिक र प्राकृतिक सम्पदाको संरक्षण तथा सुरक्षण प्रदान गर्नु।

## ११.७ रणनीति

१. आवास र बसोबास सुरक्षित, सहभागितामूलक उत्थानशील बनाउने,
२. सांस्कृतिक र प्राकृतिक सम्पदालाई संरक्षण र सुरक्षण प्रदान गर्ने प्रयास तथा प्रयत्नलाई सुदृढ र प्रभावकारी बनाउने,
३. पर्यटकीय नगरीलाई सुहाउँदो हुन गरी बजार तथा राजमार्ग क्षेत्रलाई व्यवस्थित र सुन्दर बनाउने नीति अनुसार एक रङ सहरको अवधारणा अवलम्बन गर्ने,
४. एकीकृत र दिगो मानव बस्ती विकास योजना तथा व्यवस्थापनलाई बढावा दिने,
५. गरिब र सङ्कटग्रस्त अवस्थामा रहेका मानिसहरूको संरक्षण गर्ने,
६. विपद् उत्थानशीलता प्रवर्धनका लागि राष्ट्रिय भवन संहिताको प्रभावकारी कार्यान्वयन गर्न सरोकारवालाहरूको सचेतना अभिवृद्धि एवम् क्षमता विकास गर्ने,
७. भूवर्गीकरण अनुसार भूमिको उपयोगलाई प्रभावकारी गराउन कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने,
८. स्थानीय सामग्रीमा आधारित भवन निर्माणको प्रवर्धन गर्न उपयुक्त सीप तथा प्रविधिलाई प्रोत्साहन गर्ने,
९. भवन निर्माणमा विपद् जोखिम प्रतिरोधात्मक उपाय अवलम्बन प्रोत्साहन गर्ने,

१०. भवन संहितालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आधुनिक सूचना प्रविधिको उपयोगलाई विस्तार गर्ने,
११. भवन लगायतका पूर्वाधार विकासका विद्यमान मापदण्डलाई समय अनुकूल अद्यावधिक गर्ने,
१२. सुरक्षित बस्ती विकासमा अन्तर सरकार तथा समुदायसँग साझेदारी र सहकार्य विस्तार गर्ने।

## ११.८ प्रमुख कार्यक्रम तथा आयोजना

### क. नगरपालिकाको लगानी प्रक्षेपण

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | लगानी अनुमान (रू. हजारमा) |
|---|---|---|
| १. | जग्गा एकीकरण तथा एकीकृत बस्ती विकास कार्यक्रम | १७९०० |
| २. | भूकम्प प्रतिरोधी भवन तथा आवास निर्माण कार्यक्रम | १३८३० |
| ३. | सार्वजनिक भूमि र सम्पदा संरक्षण तथा व्यवस्थापन कार्यक्रम | ४८४० |
| ४. | योजनाबद्ध सहरी विकास तथा भौतिक विकास कार्यक्रम | ५३९०० |
| ५. | सार्वजनिक निर्माण सुधार कार्यक्रम | ३०४०० |
| ६. | भूकम्प प्रतिरोधी भवन तथा स्थानीय सामग्रीको प्रयोग प्रवर्धन | ७२०० |
| ७. | भवन अभिलेखीकरण तथा सेवा प्रवाह डिजिटाइजेन कार्यक्रम | ११००० |
| ८. | व्यवस्थित तथा एक रङ सहर कार्यक्रम | ८८०० |
| ९. | सार्वजनिक भवन मर्मतसम्भार | ११९०० |
| १०. | भवन संहिता तथा मापदण्ड कार्यान्वयन तथा नियमन | ६२०० |
| | **जम्मा** | **१६५१७०** |

### ख. समग्र लगानी प्रक्षेपण

| क्र. सं. | लगानीको स्रोत | आवधिक लगानी (रु. हजारमा) |
|---|---|---|
| १ | नगरपालिका | १६५१७० |
| २ | सङ्घीय सरकार | २३४००० |
| ३ | प्रदेश सरकार | १५६००० |
| ४ | अन्य क्षेत्र (निजी, समुदाय, सहकारी तथा गैसस) | ६१७०० |
| | **जम्मा** | **६१६८७०** |

## ११.९ परिमाणात्मक लक्ष्य

| सूचक | एकाइ | सन् २०३० को लक्ष्य | | नगरपालिका विद्यमान अवस्था तथा लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | कोशी प्रदेश | आधार अवस्था (सन् २०२२) | वर्तमान अवस्था (सन् २०२३) | लक्ष्य (सन् २०३०) |
| गरिब-बस्ती/झुपडपट्टी र अवैध जमिनमा बसोबास गर्ने जनसङ्ख्या | सङ्ख्या (हजारमा) | १२५ | - | १.०२ | १.०२ | ०.२२६ |
| खर/पराल/पातले छाएको घरमा बस्ने परिवार | प्रतिशत | ५ | ६.५ | १.१ | ०.९ | ०.५ |
| सुरक्षित आवास/घरमा बसोबास गर्ने परिवार | प्रतिशत | ६० | | ४२.९४ | ३६.७ | ६० |
| पाँच जना र सोभन्दा बढी व्यक्ति बसोबास गर्ने परिवार | प्रतिशत | २० | २२.५ | ५०.६४ | ४९ | ३५ |

| सूचक | एकाइ | सन् २०३० को लक्ष्य | | नगरपालिका विद्यमान अवस्था तथा लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | कोशी प्रदेश | आधार अवस्था (सन् २०२२) | वर्तमान अवस्था (सन् २०२३) | लक्ष्य (सन् २०३०) |
| प्राकृतिक र सांस्कृतिक सम्पदाको संरक्षणका निम्ति विनियोजित बजेट | प्रतिशत | २ | - | ०.९४ | १.०३ | २.० |
| सार्वजनिक खुला ठाउँको सङ्ख्या (स्थानको प्रकारको आधारमा) | सङ्ख्या | - | - | ५२ | ५६ | ७० |
| भवन निर्माणका लागि नक्सा पास भएका भवन | सङ्ख्या | - | - | ८४ | ९७ | ५०० |

## दिगो विकास लक्ष्य १२: जिम्मेवार उपयोग र उत्पादन

### १२.१ पृष्ठभूमि

सूर्योदय नगरपालिकाले फोहोर व्यवस्थापन तथा वातावरण संरक्षणमा नीतिगत तथा कानुनी व्यवस्था, संस्थागत संरचना र पूर्वाधार निर्माणको कार्यलाई सशक्त तुल्याउँदै लगेको छ । यस क्रममा नगरपालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन २०७५, वातावरण संरक्षण ऐन २०७६, फोहोरमैला व्यवस्थापन ऐन, २०७६, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७६, विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७५, वातावरण विकास कोष सञ्चालन कार्यविधि २०७५, वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७, वातावरणमैत्री स्थानीय शासन सम्बन्धी कार्यविधि २०८० र विषादीजन्य पदार्थ न्यूनीकरण तथा नियन्त्रण तथा नियमन सम्बन्धी निर्देशिका २०७५ तयार गरको छ । फोहोरमैला व्यवस्थापन तथा वातावरणीय सौन्दर्य कायम राख्न समुदाय तथा नगरवासीमा जागरुकता रही आएको छ। फोहोरमैला व्यवस्थापनमा सकारात्मक प्रयासहरू बाबजुद बजार, राजमार्ग र पर्यटकीय क्षेत्रमा जनसङ्ख्याको वृद्धि र पर्यटकको आवतजावतमा वृद्धिका कारण फोहोरमैलाको उत्सर्जनमा पनि वृद्धि हुँदै गएको छ।

यस नगरपालिका देशकै आकर्षक पर्यटकीय स्थलका रूपमा रहेको छ। यहाँ हरेक वर्ष करिव ५-८ लाख बाह्य तथा आन्तरिक पर्यटकको आगमन हुने गरेको छ। प्रमुख पर्यटकीय स्थलहरूमा श्रीअन्तु, कन्याम, फिक्कल, पशुपतिनगर, पञ्चकन्या, बुद्धपार्क, गुफापाताल, चित्रेगुम्बा, स्वामीपार्क र पञ्चकन्या मन्दिर प्रमुख रूपमा रहेका छन्। कन्यामको रमणीय चिया बगान, श्रीअन्तु क्षेत्रको सूर्योदयको दृश्यावलोकन, अन्तु पोखरी, लाप्चा संस्कृति तथा ग्रामीण जन–जीवनको अवलोकन र सुनगाभा फूलखेती यहाँको मुख्य आर्कषणको रूपमा रहेको छ। यस भेगमा ग्रामीण पर्यटनको पूर्वाधारको रूपमा घरबास प्रणाली (होमस्टे) को राम्रो अभ्यास रहेको छ। कृषि पर्यटन तथा ग्रामीण पर्यटन व्यवस्थित हुँदै गएको छ।

### १२.२ विगतको प्रवृत्ति

नगरपालिकाले व्यवस्थित रूपमा फोहोरमैला व्यवस्थापनका लागि वि.सं. २०७५ मा वडा नं. ७ को राई टोल र वडा नं. १० को रमितेमा अस्थायी रूपमा उपयोग गरेकोमा सो कार्यलाई थप व्यवस्थित गर्न वडा नं. १२ को मलिम लुम्केमा वि.सं. २०७८ सालदेखि डम्पिङ साइटका रूपमा उपयोग गरिएको छ। वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन कार्यलाई दिगो, व्यवस्थित तथा प्रभावकारी तुल्याउन वातावरण संरक्षण ऐन २०७६, फोहोरमैला व्यवस्थापन ऐन २०७६, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७६, विषादीजन्य पदार्थ न्यूनीकरण, नियन्त्रण तथा नियमन सम्बन्धी निर्देशिका २०७५, वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७ र वातावरणमैत्री स्थानीय शासन सम्बन्धी कार्यविधि २०८० तयार गरेको छ। नगरपालिका क्षेत्रमा

वातावरणीय स्वच्छता कायम गर्न र फोहोर व्यवस्थापनका लागि संस्थागत एवम् समुदायस्तरबाट विगतदेखि नै सकारात्मक पहलहरू भएका छन्।

पर्यटन क्षेत्रको विकासका लागि अन्तर–सरकार, समुदाय र निजी क्षेत्रसँग साझेदारीलाई विगतदेखि नै महत्त्व दिइएको छ। यस क्षेत्रमा पर्यटन रोजगारी तथा आय आर्जनको मुख्य माध्यमका रूपमा स्थापित हुँदै गएको छ। नगरपालिकाले दिगो पर्या–पर्यटनको विकासलाई महत्व दिएको छ। पर्यटन प्रवर्धनका लागि अन्तु र कन्याम लगायतका क्षेत्रमा सहायक पूर्वाधार निर्माण तथा सौन्दर्यकरणको कार्य सम्पन्न भएका छन्। विगत ५ वर्षभित्रमा कन्याममा १५ मिटर सडक अधिकार क्षेत्र कायम, ५० क्षमताको घोडा तवेला निर्माण, पर्यटक सूचना केन्द्र स्थापना, श्रीअन्तु डाँडा र अन्तु पोखरीमा सौन्दर्यकरण र व्यवस्थित व्यावसायिक स्थलहरूको स्थापना गर्ने कार्य सम्पन्न भएका छ। यसै अवधिमा टि टेस्टिङ तथा प्रवर्धनकेन्द्र निर्माण, बुद्धपार्क तथा स्वामीपार्क निर्माण, रानी वन तथा तीन तले झरना, फेन्सोङगुम्बा पार्क जस्ता पर्यटकीय स्थलमा पूर्वाधार निर्माण भएका छन्।

## १२.३ विद्यमान अवस्था

नगरपालिकाले वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक र भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्नुका साथै वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी गराउने वातावरणमैत्री स्थानीय शासन सम्बन्धी कार्यविधि, २०८० तयार गरेको छ। फोहरमैला व्यवस्थापनमा नगरपालिकाले अन्य तहको सरकार, समुदाय, निजी क्षेत्र एवम् विकास साक्षेदार संस्थासँग सहकार्य गरिरहेको छ। लागत साझेदारीमा इन्डक्सन चुल्हो वितरण र वैकल्पिक ऊर्जा प्रवर्धनकेन्द्रमार्फत वायोग्याँस प्लान्ट स्थापनाका लागि सहयोग उपलब्ध रहेको छ। एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र स्थापनाका लागि वडा नम्बर १० मा आवश्यक जग्गा प्राप्त भई निर्माण तथा सञ्चालन तर्फ अग्रसर रहेको छ। सेफ्टीट्याङ्की सफा गर्ने प्रयोजनका लागि नगरपालिकाले सक्सन मेसिन खरिद गरी सञ्चालनमा ल्याएको छ। हाल यस क्षेत्रमा घरबाट निस्कने फोहोरमैला सङ्कलन गरी वडा नं. १२ को मलिममा व्यवस्थापन गर्ने गरिएको छ। यस प्रयोजनका लागि २ वटा गाडी सहित १० जना कर्मचारी दैनिक रूपमा परिचालित हुने गरेका छन्।

नगरपालिका सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षलाई सुदृढ गर्दै पर्यटनको विकासबाट जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने दिशामा अग्रसर रहेको छ। कुल १३.५ कि.मि. लामो साइकल ट्र्याक निर्माण कार्यको थालनी भएको छ। लोपोन्मुख लाप्चा जातिको संस्कृति र परम्परा संरक्षण र संवर्धन गर्नका लागि ऐतिहासिक फेन्सोङगुम्बा परिसरमा सङ्ग्रहालयको व्यवस्था गरिएको छ। सांस्कृतिक सम्पदाहरूको नियमित मर्मत कार्य नियमित रूपमा भइरहेको छ। नगर क्षेत्रमा कुल ४३ वटा पर्यटकीय स्थलहरू पहिचान भएका छन्। नेपालमै पहिलोपटक १५० कि.मि. लामो सिसाको झोलुङ्गे पुल निर्माणाधिन अवस्थामा रहेको छ। साझा सुविधा केन्द्रको स्थापना तथा सञ्चालन भएको छ। हाल यस क्षेत्रमा १३० घर परिवार सामुदायिक होमस्टेमा आबद्ध रहेका छन् र नयाँ घरपरिवार आबद्ध हुने कार्य निरन्तर रहेको छ। पछिल्ला वर्षमा वार्षिक रूपमा करिव ८ लाख भन्दा बढी पर्यटकद्धारा यस क्षेत्रमा भ्रमण हुने गरेको छ। पर्यटकीय सेवा तथा सुविधा विस्तार हुँदै गएको यस क्षेत्रमा व्यवस्थित होटेल तथा रिसोर्ट सङ्ख्या ४ सय ५० पुगेको छ। क्रस बोर्डर पर्यटनलाई प्रवर्धनगर्न भारतको पश्चिम बंगालको नागरीगढीबाट सूर्योदय नगरपालिकाको खलङ्गा हुँदै इलाम नगरपालिकाको गढीथुम्का सम्मको पदमार्ग निर्माण थालनी भएको छ।

## १२.४ समस्या तथा चुनौति

नगरपालिकाको बजार क्षेत्रमा जनसङ्ख्यामा वृद्धि र आवतजावतमा वृद्धिले फोहोरमैलाको उत्पादनमा वृद्धि हुँदै गएको छ। कुहिने र नकुहिने फोहोर छुट्याएर व्यवस्थापन गर्ने अभ्यासको कमी रहेको छ। पर्यटकीय क्षेत्रमा प्लास्टिक तथा सिसा लगायतका नकुहिने फोहोरमा वृद्धिका कारण सङ्कलन तथा व्यवस्थापन कठिन भएको छ। फोहोरको स्रोतमै वर्गीकरण, प्रशोधन र पुनः प्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोर व्यवस्थापन हुन सकेको छैन। कुहिने र नकुहिने फोहोर छुट्टाएर व्यवस्थापन गर्नु, प्लास्टिक तथा सिसाजन्य फोहोरको सङ्कलन तथा व्यवस्थापन गर्नु एवम् फोहोरमैलाको स्रोतमै वर्गीकरण, प्रशोधन र पुनः प्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोर व्यवस्थापन प्रमुख चुनौतिका रूपमा रहेको छ।

पर्यटन क्षेत्रमा रहेका मुख्य समस्याहरूमा मौसमी एवम् अस्थिर प्रकृतिको पर्यटकीय आगमन, न्यून बसाइ अवधि, तेस्रो मुलुकका पर्यटकको कम आक्रर्षण, मनोरञ्जनका अतिरिक्त पूर्वाधारको कमी र पर्यटन व्यवसायमा रहेको अस्वस्थ प्रतिस्पर्धा प्रमुख रूपमा रहेका छन्। पर्यटकीय क्षेत्रमा बढदो प्रदूषण, प्रकोपको जोखिम, सामाजिक विकृतिको बढोत्तरी र उपभोग प्रवृत्तिको विस्तार हुनु चुनौतिका रूपमा रहेका छन्।

**१२.५ लक्ष्य**

- दिगो पर्यटन र वातावरण संरक्षणलाई उन्नत तुल्याउनु।

**१२.६ उद्देश्य**

१. प्रदूषण घटाउनु तथा वातावरणीय स्वच्छता कायम गर्नु,
२. पर्यटनलाई स्थानीय रोजगारी र आयआर्जनको स्रोतको रूपमा विकास गर्नु,
३. पर्यटन बजारको माग अनुरूपका पूर्वाधार तथा सुविधाको विकास एवम् विस्तार गर्नु।

**१२.७ रणनीति**

१. फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन गर्ने,
२. फोहोरमैलालाई स्रोतमै वर्गीकरण गरी फोहोर व्यवस्थापन कार्यलाई प्रवर्धन गर्ने,
३. वातावरणीय परीक्षणलाई स्थानीय विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने,
४. समुदाय तथा विद्यालयमा वातावरण शिक्षा प्रवर्धन गर्ने,
५. पर्यटन क्षेत्रको विस्तारमार्फत आयआर्जन तथा रोजगारीको अवसर सिर्जना गर्ने,
६. पर्यटकीय गन्तव्यको विकास र विस्तार गरी आधारभूत सेवा सुविधाको सुनिश्चितता गर्ने,
७. पर्यटन विकासका लागि उपयुक्त नीतिगत तथा संस्थागत संरचनाको स्थापना गरी परिचालन गर्ने,
८. पर्यटन क्षेत्रको विकासका लागि सार्वजनिक निजी साझेदारी, अन्तर–सरकार एवम् निजी क्षेत्रसँग समन्वय र सहकार्य विस्तार गर्ने,
९. पर्यटकीय गतिविधिहरूको लगत सङ्कलन गर्न एकीकृत पर्यटन सूचना पर्यटन सूचना प्रणाली स्थापना गर्ने,
१०. पर्यटकीय सेवाको गुणस्तर कायम गर्न तथा पर्यटन क्षेत्रलाई मर्यादित बनाउन नियमनलाई नियमित र प्रभावकारी गराउने,
११. विद्युतीय सूचना प्रविधि अन्य माध्यमको उपयोग गरी पर्यटन क्षेत्रको प्रचार तथा प्रसार गर्ने,
१२. विभिन्न जातजातिको कला तथा संस्कृतिको संरक्षण गर्दै पर्यटन विकासमा आबद्ध गर्ने,
१३. संस्कृति तथा सम्पदाहरूको संरक्षण र संवर्धन गर्दै मागअनुसारका पर्यटकीय पूर्वाधार र सेवाको विस्तार गर्ने।

**१२.८ प्रमुख कार्यक्रम तथा आयोजना**

**क. नगरपालिकाको लगानी प्रक्षेपण**

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | लगानी अनुमान (रु. हजारमा) |
|---|---|---|
| १. | वातावरण संरक्षण तथा व्यवस्थापन कार्यक्रम | ८३८६ |
| २. | फोहोरमैलाको दिगो व्यवस्थापन कार्यक्रम | २७२५३ |
| ३. | स्यानिटरी ल्याण्डफिल साइट निर्माण तथा व्यवस्थापन कार्यक्रम | ६२८९ |
| ४. | पर्यटन क्षेत्र पूर्वाधार विकास कार्यक्रम | १०००७५ |
| ५. | नवीन पर्यटकीय क्षेत्र पहिचान तथा विकास कार्यक्रम | ५००३८ |
| ६. | पर्यटकीय पूर्वाधार स्तरोन्नति तथा विकास कार्यक्रम | २५०१९ |
| ७. | सांस्कृतिक सम्पदा संरक्षण तथा प्रवर्धन | १२५०९ |
| ८. | एकीकृत सूचना प्रणाली निर्माण तथा पर्यटन प्रचार प्रसार कार्यक्रम | २५०१९ |
| ९. | पर्यटकीय सेवा तथा सुविधा विकास, विस्तार तथा स्तरोन्नति कार्यक्रम | ३७५२८ |

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | लगानी अनुमान (रु. हजारमा) |
|---|---|---|
| | जम्मा | २९२११५ |

**ख. समग्र लगानी प्रक्षेपण**

| क्र. सं. | लगानीको स्रोत | आवधिक लगानी (रु. हजारमा) |
|---|---|---|
| १ | नगरपालिका | २९२११५ |
| २ | सङ्घीय सरकार | १५६००० |
| ३ | प्रदेश सरकार | १५६००० |
| ४ | अन्य क्षेत्र (निजी, समुदाय, सहकारी तथा गैसस) | ९०६१७३ |
| | जम्मा | १५१०२८९ |

**१२.९ परिमाणात्मक लक्ष्य**

| सूचक | एकाइ | सन् २०३० को लक्ष्य | | विद्यमान अवस्था र लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | कोशी प्रदेश | आधार अवस्था (सन् २०२२) | वर्तमान अवस्था (सन् २०२३) | लक्ष्य (सन् २०३०) |
| व्यवस्थित ल्यान्डफिल्ड साइट | सङ्ख्या | - | - | १ | १ | २ |
| दैनिक फोहोरमैला उत्पादन | मे.टन | - | - | १.५ | १.५ | ०.५ |
| स्रोतमा नै फोहोर वर्गीकरण तथा व्यवस्थापन गर्ने घरपरिवार | प्रतिशत | - | - | १० | १२ | ७० |
| पर्यटक आगमन (सङ्ख्या १० लाखमा) | सङ्ख्या | ३ | - | ०.५ | ०.८ | ३ |
| व्यवस्थित र स्तरीय पर्यटकीय स्थल | सङ्ख्या | - | - | ४ | ५ | १० |
| व्यवस्थित होमस्टे | सङ्ख्या | - | - | ८० | १३० | २५० |
| व्यवस्थित होटेलरिसोर्ट | सङ्ख्या. | - | - | ४०० | ४५० | ५५० |
| पर्यटनबाट प्राप्त राजस्व (रु. १० लाखमा) | रु. | - | - | ७० | ७५ | २५० |
| पर्यटन क्षेत्रबाट सिर्जित रोजगारी सङ्ख्या | सङ्ख्या | - | - | १७६० | २०२० | ५००० |

## दिगो विकास लक्ष्य १३: जलवायु कार्य तथा विपद् व्यवस्थापन

### १३.१ पृष्ठभूमि

जलवायु परिवर्तनका कारण अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो, खडेरी, महामारी जस्ता विपद्को जोखिम बढ्दै गएको छ । जसले मानव जीवन, सामाजिक तथा आर्थिक विकास, जैविक विविधता र पर्यटकीय विकास लगायतका क्षेत्रमा नकारात्मक प्रभाव पारेको छ । यस क्षेत्रमा बाढीपहिरो बढ्दै जानु, पानीका स्रोत सुक्दै जानु र अस्वभाविक वर्षा हुनु जस्ता कारणले सबैभन्दा बढी दुष्प्रभाव पारेको छ । नेपालमा विश्वव्यापी तापमान वृद्धि औसत वृद्धिभन्दा अधिक प्रतिवर्ष औसत ०.०४ डिग्री सेल्सियसका दरले बढीरहेको परिवेशमा जलवायु परिवर्तन र विश्वव्यापी तापमान वृद्धिको असरलाई न्यूनीकरण गर्न आवश्यक तयारी गर्नु जरुरी रहेको छ । जलवायु उत्थानशील समाजको विकास गरी आर्थिक सामाजिक समृद्धिमा योगदान पुऱ्याउने लक्ष्यका साथ नेपाल सरकारले जलवायु परिवर्तन राष्ट्रिय नीति २०७६ तयार गरेको छ । नगरपालिकाले जलवायु परिवर्तनको दुष्प्रभाव कम गर्दै विपद् जोखिम न्यूनीकरण गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५; विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५; वातावरण

विकास कोष सञ्चालन कार्यविधि २०७५, संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७; वारुण यन्त्र व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७७; वारुण यन्त्र व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७७, विषादीजन्य पदार्थ न्यूनीकरण, नियन्त्रण तथा नियमन सम्बन्धी निर्देशिका, २०७५; स्थानीय जलवायु तथा विपद् उत्थानशील योजना, २०८०; विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९ र सूर्योदय नगरपालिकाको वातावरणमैत्री स्थानीय शासन सम्बन्धी कार्यविधि, २०८० तयार गरी कार्यान्वयनमा रहेको छ।

## १३.२ विगतको प्रवृत्ति

यस नगरपालिकामा प्रमुख विपद्को रूपमा जल उत्पन्न प्रकोप, पहिरो, हिमपात, असिना, आगलागी, हावाहुरी र महामारी रहेका छन्। दर्जनौं नदीनाला र कमजोर भूधरातल रहेको यस क्षेत्रमा भूकम्प तथा भूक्षयको जोखिम पनि उच्च रहने गरेको छ। सम्भाव्य विपदबाट हुने क्षति कम गर्न आवश्यक पर्ने न्यूनतम यन्त्र उपकरण, साधन तथा औजारहरूको उचित व्यवस्थापन तथा पूर्व तयारीका साथै स्थानीय स्तरमा विपद्सम्बन्धी जनचेतना र विपद् व्यवस्थापनको आधारभूत ज्ञान तथा सीपमा कमी रहेको छ। नगरपालिकाले विपद्, जलवायु परिवर्तन अनुकूलन तथा जोखिम न्यूनीकरणका लागि नीतिगत तथा कानुनी सुधारका साथै योजनावद्ध प्रयासको थालनी गरेको छ।

नगरपालिकाले वातावरण तथा विपद् व्यवस्थापन स्थापना गरी विपद् तथा जलवायु परिवर्तनको जोखिम न्यूनीकरण गर्नेतर्फ सकारात्मक पहल गर्दै आएको छ। नगरपालिकाले तयार गरेको प्रथम आवधिक योजनामा जलवायु अनुकूलन र वातावरणमैत्री विकास प्रणालीको अवलम्बन गर्ने र विपदबाट हुनसक्ने सबै प्रकारको क्षति न्यूनीकरण गर्ने लक्ष्य लिएको छ। सोही लक्ष्य हासिल गर्ने दिशामा दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयारी एवम् वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा अभ्यास रहेको छ।

## १३.३ विद्यमान अवस्था

यस क्षेत्रमा जलवायु परिवर्तनका कारण जैविक विविधता, कृषि उत्पादन र जलाधार क्षेत्रमा नकारात्मक प्रभाव परेको छ । नगरपालिकाले जलवायु अनुकूल तथा विपद् व्यवस्थापनको क्षेत्रमा नीतिगत तथा कानुनी व्यवस्थालाई सुधार गर्दै उच्चस्तरको उपलब्धि हासिल गर्ने दिशामा अग्रसर रहेको छ। हाल जलवायु अनुकूल तथा विपद् व्यवस्थापनको लागि अन्तर–सरकार, सुरक्षा निकाय, गैरसरकारी संस्था र निजी क्षेत्रसँग सहकार्य हुने गरेको छ। वातावरणमैत्री स्थानीय शासनको प्रवर्धनका लागि नगरपालिकाले वातावरणमैत्री स्थानीय शासन सम्बन्धी कार्यविधि, २०८० तयार गरेको छ। वर्तमानसम्म आइपुग्दा जलवायु अनुकूलनलाई व्यवस्थित तथा प्रभावकारी गराउन जलवायु अनुकूल कार्ययोजना तयारीका क्रममा रहेको छ।

नगर कार्यपालिका कार्यालयमा आपतकालीन सेवा सञ्चालन केन्द्र स्थापना गरिएको छ। आगलागीबाट हुने क्षति न्यूनीकरण गर्न २ वटा दमकल सञ्चालनमा रहेका छन्। सामुदायिक तथा संस्थागत विद्यालयमा भूकम्पबाट हुने क्षति न्यूनीकरण गर्न भूकम्प प्रतिरोधी भवन निर्माण र सेफजोनको अवधारणालाई कार्यान्वयन गरिएको छ। विद्यार्थी, अविभावक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, टोल विकास संस्थाका पदाधीकारी लगायतका समुदायका अगुवाहरूलाई समावेश गराई जलवायु परिवर्तन तथा विपद्जोखिम न्यूनीकरणका लागि विज्ञद्धारा प्रदर्शनी सहितको बृहत् सचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ। जलवायु तथा विपद् उत्थानशील योजना तयार गरी कार्यान्वयनमा रहेको छ।

नगरपालिकाले नगर क्षेत्रभित्र रहेको जोखिम क्षेत्रको पहिचान र नक्साङ्कन गरी सोहीबमोजिम कार्यक्रम तयार गरी विपद् व्यवस्थापनको कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाउने नीति लिएको छ। हाल नगर क्षेत्रमा स्थानीय खोज, उद्धार र प्राथमिक उपचारमा तालिम प्राप्त कार्यकर्ताको सङ्ख्या ९० जना रहेको छ। वडा नम्बर १४ को ठूलो वर्दु, वडा नम्बर ९ को पान्दम क्षेत्र, वडा नम्बर ११ को माघे सुन्तले पुछार तथा भालुखोप र वडा नम्बर १ को सिरीखोला, छघरे र बाङ्गिन क्षेत्रमा पहिरोको उच्च जोखिम रहेको छ।

## १३.४ समस्या तथा चुनौति

जलवायु परिवर्तका कारण जैविक विविधता, कृषि उत्पादन र जलाधार क्षेत्रमा नकारात्मक प्रभाव परेको छ। विपदबाट हुने क्षति कम गर्न आवश्यक पर्ने न्यूनतम यन्त्र उपकरण, साधन तथा औजारहरूको उचित व्यवस्थापन तथा पूर्व

तयारीको कमी रहेको छ । स्थानीय स्तरमा विपद्सम्बन्धी जनचेतना र विपद् व्यवस्थापनको आधारभूत ज्ञान तथा सीपमा कमी रहेको छ । भूकम्प, हिमपात, पूर्व मनसुन समयको हावाहुरी तथा आगलागी, महामारी र मनसुनको समयमा बाढी तथा पहिरो प्रमुख प्रकोपका रूपमा रहेका छन् । सडक निर्माणमा ठूला उपकरणहरूको जथाभावी प्रयोगले भूक्षयको जोखिम बढाउँदै लगेको छ । विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्यलाई पूर्ण रूपमा मूलधारमा ल्याउन सकिएको छैन । आकस्मिक तयारी योजना तथा प्रतिकार्य योजनाको अभाव रहेको छ । जोखिम सूचना सङ्कलन तथा सञ्चार प्रणालीको कमी रहेको देखिन्छ । विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्यलाई पूर्ण रूपमा मूलधारमा ल्याउन कठिनाइ रहेको छ । आकस्मिक तयारी योजना तथा प्रतिकार्य योजना र जोखिम सूचना सङ्कलन तथा सञ्चार प्रणालीको कमी रहेको ।

### १३.५ लक्ष्य

- जलवायु परिवर्तन र विपद्को प्रभाव न्यूनीकरण गर्ने ।

### १३.६ उद्देश्य

१. जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका उपायलाई नगरपालिकाको नीति, कानुन र योजनामा एकीकृत गर्नु,
२. जलवायु परिवर्तनको असर कम गर्न अनुकूलन भई पूर्वसावधानी अपनाउनु,
३. विपद् जोखिम तथा विपदबाट हुने क्षति न्यूनीकरण गर्नु ।

### १३.७ रणनीति

१. जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन र विपद् जोखिम व्यवस्थापनलाई स्थानीय नीति, कानुन तथा योजनामा मूलप्रवाहीकरण गर्ने,
२. विपद् जोखिम न्यूनीकरणका लागि विपद् जोखिम न्यूनीकरण सिकाइ केन्द्र स्थापना गरी कार्यान्वयनमा ल्याउने,
३. आगलागी नियन्त्रणमा दमकल पुग्न नसक्ने क्षेत्रका लागि अग्नि नियन्त्रण गर्ने मोटर साइकलको व्यवस्था गर्ने,
४. हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलन सम्बन्धी शिक्षा, सचेतना र मानवीय तथा संस्थागत क्षमता सुधार गर्ने,
५. विपद्को प्रभाव न्यूनीकरण गर्न हरेक वडामा द्रुत प्रतिकार्य टोली गठन गरी क्षमता विकास गर्ने,
६. विपद् जोखिम न्यूनीकरणलाई विकासका गतिविधिसँग एकीकृत रूपमा लैजान अन्तरसरकार समन्वयलाई प्रभावकारी गराउने,
७. स्थानीय समुदायको जलवायु परिवर्तन अनुकूलन तथा विपद् उत्थानशील क्षमता अभिवृद्धि गर्ने ।

### १३.८ प्रमुख कार्यक्रम तथा आयोजना

**क. नगरपालिकाको लगानी प्रक्षेपण**

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | लगानी अनुमान (रू. हजारमा) |
|---|---|---|
| १. | हरित गृह ग्याँस न्यूनीकरण तथा कार्बन आयोजना विकास र सञ्चालन | ५५३२ |
| २. | जलवायु परिवर्तन प्रभाव अनुकूलन तथा विपद् न्यूनीकरण शिक्षा, सचेतना तथा क्षमता विकास कार्यक्रम | ९६८१ |
| ३. | विपद् जोखिम न्यूनकीरण तथा उत्थानशीलता प्रवर्धन कार्यक्रम | ८२९८ |
| ४. | विपद् व्यवस्थापन कार्यक्रम (समग्र गतिविधि) | १७९७९ |
| ५. | वन्यजन्तु र मानवबीचको द्वन्द्व व्यवस्थापन | २७६६ |
| ६. | संरचनागत तथा व्यवस्थापन सुधार (कानुनी सुधार, स्थानीय अनुकूलन योजना, समुदाय तहमा अनुकूलन योजना जलवायुमैत्री गाउँ) | २५४५ |
| | **जम्मा** | **४६८००** |

**ख. समग्र लगानी प्रक्षेपण**

| क्र. सं. | लगानीको स्रोत | आवधिक लगानी (रु. हजारमा) |
|---|---|---|
| १ | नगरपालिका | ४६८०० |
| २ | सङ्घीय सरकार | ६५५२ |
| ३ | प्रदेश सरकार | ४२१२ |
| ४ | अन्य क्षेत्र (निजी, समुदाय, सहकारी तथा गैसस) | ३०३० |
| | **जम्मा** | **६०५९४** |

### १३.९ परिमाणात्मक लक्ष्य

| सूचक | एकाइ | सन् २०३० को लक्ष्य | | विद्यमान अवस्था तथा लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | कोशी प्रदेश | आधार अवस्था (सन् २०२२) | वर्तमान अवस्था (सन् २०२३) | लक्ष्य (सन् २०३०) |
| स्थानीय अनुकूलन (Adoption) योजना तर्जुमा | सङ्ख्या | १२० | १३७ | ० | ० | १ |
| समुदाय तहमा अनुकूलन योजना तर्जुमा | सङ्ख्या | ७५० | ८० | ० | ० | १ |
| जलवायुको दृष्टिकोणले व्यवस्थित गाउँ/बस्ती (Smart Villages/Settlements) | सङ्ख्या | १७० | - | ० | ० | ७ |
| जलवायुको दृष्टिकोणले व्यवस्थित खेती प्रणाली (Adaptive Farming System) | सङ्ख्या | ५०० | - | ५ | ५ | ७ |
| जलवायु परिवर्तन सम्बन्धी शिक्षा समावेश गरेका विद्यालयको अनुपात | प्रतिशत | १०० | ९९ | ३०.५२ | ९० | १०० |
| जलवायु परिवर्तन अल्पीकरणमा तालिम प्राप्त व्यक्ति | सङ्ख्या | ३००० | १३७ | ० | ५ | ५० |
| विपदबाट प्रत्यक्ष प्रभावीत व्यक्ति, बेपत्ता व्यक्ति र मृतकको सङ्ख्या (प्रति १ लाख जनसङ्ख्यामा) | सङ्ख्या | ०.००६५८ | - | ८ | ७ | ३ |
| विपद्को कारण भएको आर्थिक क्षति | लाखमा | - | - | ४२५ | ४०० | २०० |
| विपद्का घटनाबाट भएको मानवीय क्षति/मृत्यु | सङ्ख्या | १०० | ३६५ | १ | १ | ० |
| विपद्को कारण प्रभावीत भएका व्यक्ति (प्रति १ लाखमा) | सङ्ख्या | ५० | - | १ | १ | ० |

## दिगो विकास लक्ष्य १५: वन, जलाधार तथा जैविक विविधता संरक्षण

### १५.१ पृष्ठभूमि

समशितोष्ण हावापानी रहेको सूर्योदय नगरपालिका आकर्षक एवम् रमणीय चिया बगान र अनुपम जैविक विविधताको संयोजनका कारण प्रसिद्ध रहेको छ। यस क्षेत्रमा मेची र टाङटिङ खोलाको उद्गम स्थल एवम् प्रमुख जलाधार क्षेत्र समेत रहेको छ। नगरपालिकाभित्र कुल १९ वटा सामुदायिक वन रहेका छन्। दर्जनौ खोलानाला र कमजोर भूधरातल रहेकोले भूक्षयको जोखिम उच्च रहेको छ। प्रायः कुहिरोले ढाकिरहने भएकोले यहाँको मौसम चिसो नै रहने गर्दछ।

नगरपालिकाले वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन कार्यलाई दिगो, व्यवस्थित तथा प्रभावकारी तुल्याउन वातावरण संरक्षण ऐन, २०७६; वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७६; वातावरणीय अध्ययन र

प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७; वातावरण विकास कोष सञ्चालन कार्यविधि, २०७५; विषादी जन्य पदार्थ न्यूनीकरण, नियन्त्रण तथा नियमन सम्बन्धी निर्देशिका, २०७५ र वातावरणमैत्री स्थानीय शासन सम्बन्धी कार्यविधि, २०८० तयार गरेको छ।

## १५.२ विगतको प्रवृत्ति

नगर क्षेत्रमा चिया बगानले ओगटेको क्षेत्र बढ्दै जाने गरेकोले हरियाली क्षेत्रमा विस्तार हुँदै गएको छ। चिया खेतीका अतिरिक्त प्रथम आवधिक योजनाको आधार वर्ष सन् २०१९ मा नगरपालिकाको कुल क्षेत्रफलको ५३.११ प्रतिशत क्षेत्रमा वन जङ्गल रहेकोमा सन् २०२२ सम्म आइपुग्दा सो अनुपातमा उल्लेखनीय वृद्धि भई कुल क्षेत्रफलको ५७.२ प्रतिशत भूभाग ओगट्न पुगेको देखिन्छ । नगरपालिका क्षेत्रमा वातावरणीय स्वच्छता कायम गर्न संस्थागत एवम् समुदायस्तरबाट विगतदेखि नै सकारात्मक पहलहरू भएका छन्।

समशितोष्ण हावापानी रहेको सूर्योदय नगरपालिकामा आकर्षक एवम् रमणीय चिया बगान र जैविक विविधताका कारण प्रसिद्ध रहेको छ। यस क्षेत्रमा मेची र टाङटिङ खोलाको उद्गम स्थल समेत रहेको छ। नगरपालिकाभित्र कुल १९ वटा सामुदायिक वन रहेका छन्। दर्जनौ खोलानाला र कमजोर भूधरातल रहेकोले भूक्षयको जोखिम उच्च रहेको छ। प्रायः कुहिरोले ढाकिरहने भएकोले यहाँको मौषम चिसो नै रहने गर्दछ। नगरपालिकाले वन, वातावरण तथा भूसंरक्षणलाई अन्तरसरकार, समुदाय र विकास साझेदारसँगको सहकार्यलाई महत्व दिएको छ।

## १५.३ विद्यमान अवस्था

हालका कुल क्षेत्रफलको ५७.२ प्रतिशत भूभाग वन क्षेत्रले ओगटन पुगेको छ भने वर्षमा वार्षिक रूपमा करिव चालिस हजार सङ्ख्यामा वृक्षारोपण अभियान सञ्चालन हुने गरेको छ। वन, वातावरण र भूसंरक्षणमा नगरपालिकाले अन्य तहको सरकार, समुदाय, निजी क्षेत्र एवम् विकास साक्षेदार संस्थासँग सहकार्य गरिरहेको छ। वातावरणीय सौन्दर्य कायम राख्न समुदाय तथा नगरवासीमा जागरुकता रही आएको छ।

यस क्षेत्रमा धुपी, कटुस, चिलाउने, उत्तिस, चाँप, गुराँस आदि जातका बोटबिरुवाहरू मुख्य रूपमा पाइन्छ। लोपोन्मुख जनावर, चरा तथा जडीबुटी लगायत नेपालको अन्यत्र नपाइने हङरायो चराका अतिरिक्त डाँफे, मुनाल, ढुकुर, पिउरा, काँडेभ्याकुर, गोलसिमल जातका चराहरू पाइने गर्दछ। जडीबुटी अन्तरगत पाँचऔले, चिराइतो, सतुवा, लौठ सल्ला, खोकिम, चिफिङ, खनाप्पा, बोके टिमुर, हडचो, पाखनवेद, सुगन्धवाला, विनाजरी, कुरिलो, असुरो, तुलसी र चुत्रो लगायतका ३६ प्रकारका जडीबुटीहरू पाइन्छ। यस क्षेत्रमा पाइने जनावरहरूमा रातो पाण्डा, चितुवा, थार, मृग, बनेल, मलसाप्रो, सालक, भालु आदि रहेका छन्।

## १५.४ समस्या तथा चुनौति

जलवायु परिवर्तनको कारण वन तथा जैविक विविधतामा नकारात्मक प्रभाव बढ्दै गएको छ भने वन क्षेत्रको अतिक्रमणका कारण जैविक विविधता संरक्षण र भूक्षय नियन्त्रणमा कठिनाइ उत्पन्न भएको छ। पर्यटकीय गन्तव्य स्थलमा हुने अधिक जनचाप र प्रदूषणले स्थानीय पारिस्थितिक प्रणालीमा नकारात्मक प्रभाव पारेको छ। भूक्षय तथा नदीकटानको जोखिम रहेको यस क्षेत्रमा भूक्षय नियन्त्रणका लागि आवश्यक ध्यान पुग्न सकेको छैन। स्थानीय बासिन्दाबाट आफ्नो वनको जैविक विविधता तथा पर्यावरणीय प्रणालीको सेवाबारे जनचेतनामा कमी रहेको छ। दिगो तथा वैज्ञानिक वन व्यवस्थापनलाई आत्मसात् गर्न सकिएको छैन। लोपोन्मुख जीव तथा वनस्पतिको पहिचान र संरक्षणका गतिविधिमा कमी रहेको छ।

## १५.५ लक्ष्य

- वनको दिगो व्यवस्थापन, मरुभूमीकरण नियन्त्रण, भूक्षय रोकथाम तथा जैविक विविधताको संरक्षण गर्ने

## १५.६ उद्देश्य

१. वनजङ्गल, जमिन, सिमसार क्षेत्र, जलाधार क्षेत्रको संरक्षण, पुनर्स्थापना र दिगो उपयोग सुनिश्चित गर्नु,
२. जैविक विविधता लगायतका पर्वतीय पारिस्थितिक प्रणालीको संरक्षण तथा संवर्धन सुनिश्चित गर्नु,
३. प्राकृतिक वासस्थानको क्षयीकरण घटाउनु,
४. जैविक विविधताको ह्रासलाई रोक्नु।

### १५.७ रणनीति

१. अन्तराष्ट्रिय सम्झौता तथा दायित्व अनुरूप भूपरिधि, जमिन र पारिस्थितिकीय प्रणाली र तिनीहरूको सेवा दिगो रुपमा प्रयोग गर्ने,
२. जैविक विविधता लगायत पर्वतीय पारिस्थितिक प्रणालीहरूको संरक्षण तथा संवर्धनका लागि क्षमता अभिवृद्धि गर्ने,
३. वनजङ्गल, जमिन, सिमसार क्षेत्र, जलाधार क्षेत्रको दिगो व्यवस्थापनमा स्थानीय समुदायको सहभागिता एवम् अपनत्व अभिवृद्धि गर्ने,
४. जैविक विविधता सम्बन्धी अध्ययन, सूचीकरण तथा संरक्षणमा सरोकारवालहरूसँगको सहकार्य विस्तार गर्ने,
५. वनजङ्गल, जैविक विविधता, जमिन, सिमसार क्षेत्र र जलाधार क्षेत्रको संरक्षणका लागि अन्तरसरकार, समुदाय तथा विकास साझेदार संस्थासँगको साझेदारी तथा सहकार्य विस्तार गर्ने,
६. अन्तरसरकार तथा समुदायसँगको सहकार्यमा वृक्षारोपण तथा हरियाली प्रवर्धनलाई नियमित तथा प्रभावकारी तुल्याउने,
७. प्राकृतिक वासस्थानहरूको क्षयीकरणलाई घटाउन आवश्यक तथा महत्त्वपूर्ण कार्य तत्काल शुरु गर्ने,
८. सङ्कटापन्न प्रजातिहरूलाई संरक्षण गर्ने साथै लोप हुनबाट बचाउने,
९. जलाधार क्षेत्रको संरक्षणलाई प्रभावकारी गराउने,
१०. भूक्षय नियन्त्रणलाई वैज्ञानिक तथा दिगो तुल्याउने ।

### १५.८ प्रमुख कार्यक्रम तथा आयोजना

**क. नगरपालिकाको लगानी प्रक्षेपण**

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | लगानी अनुमान (रू. हजारमा) |
|---|---|---|
| १. | वृक्षारोपण, दिगो वन व्यवस्थापन तथा आयमूलक कार्यक्रम | ४२०० |
| २. | जलाधार संरक्षण तथा नदी नियमन्त्रण कार्यक्रम | ७४४६ |
| ३. | ताल, पोखरी तथा सिमसार क्षेत्र संरक्षण व्यवस्थापन कार्यक्रम | ५३४४ |
| ४. | भूसंरक्षण तथा भूक्षय नियन्त्रण कार्यक्रम | ४१०० |
| ५. | जैविक विविधता अध्ययन तथा संरक्षण कार्यक्रम | २११० |
| | **जम्मा** | **२३४००** |

**ख. समग्र लगानी प्रक्षेपण**

| क्र. सं. | लगानीको स्रोत | आवधिक लगानी (रु. हजारमा) |
|---|---|---|
| १ | नगरपालिका | २३४०० |
| २ | सङ्घीय सरकार | ८१९० |
| ३ | प्रदेश सरकार | २८०८० |
| ४ | अन्य क्षेत्र (निजी, समुदाय, सहकारी तथा गैसस) | ३१४० |
| | **जम्मा** | **६२८१०** |

### १५.९ परिमाणात्मक लक्ष्य

| सूचक | एकाइ | सन २०३० को लक्ष्य | | विद्यमान अस्था र लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | कोशी प्रदेश | आधार अवस्था (सन् २०२२) | वर्तमान अवस्था (सन् २०२३) | सन् २०३० को लक्ष्य |
| समुदायमा आधारित व्यवस्थापन अन्तर्गत रहेको कुल घना वनको | प्रतिशत | ४२ | ४५.०५ | ४.५१ | ४.५१ | ७ |

| सूचक | एकाइ | सन २०३० को लक्ष्य | | विद्यमान अस्था र लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | कोशी प्रदेश | आधार अवस्था (सन् २०२२) | वर्तमान अवस्था (सन् २०२३) | सन् २०३० को लक्ष्य |
| क्षेत्र | | | | | | |
| ताल सिमसार र तलाउपोखरीको संरक्षण | सङ्ख्या | ५००० | ३७५ | ७ | ९ | १३ |
| वृक्षरोपण (Plantation) गरिएको बिरूवा (१० लाखमा) | सङ्ख्या | ५००० | ७०० | ०.४ | ०.४ | ३ |
| वन तथा बुट्यानले ओगटेको क्षेत्र | प्रतिशत | - | ५०.५ | ५७.७ | ५७.७ | ६२ |
| दिगो रूपमा पहिरो व्यवस्थापन गरिएको क्षेत्रफल | वकिमि | - | - | ५ | ५.२ | ७ |

## दिगो विकास लक्ष्य १६: शान्ति, न्याय तथा सशक्त संस्था

### १६.१ पृष्ठभूमि

न्यायपूर्ण, शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्नका लागि सूर्योदय नगरपालिकाले सूर्योदय नगरपालिकाको सुशासन सञ्चालन तथा व्यवस्थापन ऐन २०७६, न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४, सूर्योदय नगरपालिकामा मदिरा तथा सुर्तीजन्य वस्तु नियन्त्रण र नियमन ऐन, २०८०, बालबालिका सम्बन्धी ऐन २०७६, उपभोक्ता हित संरक्षण ऐन २०८०, सूर्योदय नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८०, सूर्योदय नगरपालिकाको टोल विकास संस्था (गठन तथा सञ्चालन) कार्यविधि, २०८०, अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम (सञ्चालन) कार्यविधि, २०७५ आदि कानुनहरूको निर्माण गर्नका साथै मनोसामाजिक परामर्श सम्बन्धी कार्यक्रमहरू, महिला सशक्तीकरणका लागि छोरीबुहारी शिक्षा, एकल महिला उद्यमशीलता जस्ता विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

### १६.२ विगतको प्रवृत्ति

नगरपालिकाले आवश्यकता बमोजिम कानुनहरू समयसमयमा निर्माण गर्दै आएको छ। विशेषगरी विगतको समयमा विभिन्न सूचकहरू जस्तैः हत्या तथा आत्म हत्या दर प्रतिहजार ०.२१९ रहेको, यौनजन्य हिंसाको सङ्ख्या १२ रहेको, मानव बेच-बिखनमा परेका व्यक्तिको सङ्ख्या १ रहेको र स्थानीय तहमा दर्ता भएका कुल मुद्दाहरूमध्ये फछ्र्यौट भएका मुद्दा अनुपात ३७ रहेको थियो। नगरपालिकाका वडाहरूमा व्यक्तिगत घटना दर्तालाई विद्युतीय माध्यमबाट दर्ता गर्ने गरिएको छ। वि.सं. २०७७ देखिको वडा अनुसारको घटना दर्ता विवरण अनुसूचीमा समावेश गरिएको छ।

### १६.३ विद्यमान अवस्था

कानुनहरूको आवश्यकता बमोजिम निर्माण, संशोधन तथा प्रभावकारी कार्यान्वयन साथै पालिका भित्रका २३४ वटा टोल विकास संस्थाको सबलीकरण भईरहँदा सूचकहरूमा उल्लेख्य सुधार भएको देख्न सकिन्छ। पालिकाले हालसम्म ६२ वटा ऐन, १०८ वटा कार्यविधि, १६ वटा निर्देशिका लगायत विभिन्न नियमावली, मापदण्ड, बडापत्र आदि निर्माण गरेको छ। हाल यौनजन्य हिंसा सम्बन्धी घटनाहरू आधा नै घटेको, हत्यासम्बन्धी घटनाहरू कम भएको, मानव बेचबिखन शून्यमा झरेको, न्याय सम्पादन प्रभावकारी बन्दै गएको, ३५ दिनभित्रै शतप्रतिशत जन्मदर्ता गराउने अभियान सशक्त रूपमा अगाडि बढेको अवस्था देख्न सकिन्छ।

वि.सं. २०७९ मा ११९७ जन्म, ४४० मृत्यु, ६५ सम्बन्ध विच्छेद, विवाह ५१८ र बसाइँसराइँ भई आउने र जाने क्रमश: १४३ र १४४ समेत कुल २५०७ घटना दर्ता भएको छ। यसवर्ष वैशाखदेखि फागुनसम्म जन्म ८६५, मृत्यु

३९९, सम्बन्ध विच्छेद ५२,  विवाह ४२९ तथा बसाइँसरी आउने र जाने क्रमश: ८५ र ९३ गरी कुल १९२३ घटना दर्ता भएका छन् ।

**१६.४ समस्या तथा चुनौति**

सुशासनको क्षेत्रमा नीतिगत तथा व्यावहारिक जटिलता कायमै रहेको छ। सेवा प्रवाहलाई सहज तुल्याउन सङ्गठन पूनर्संरचना तथा जनशक्ति व्यवस्थापनको कमी रहेको छ। स्थानीय सरकारका लागि आवश्यक पर्ने नीति, ऐन, नियम, कार्यविधि तयारी तथा स्वीकृत ऐनकानुनको समेत पूर्ण कार्यान्वयनमा कठिनाइ रहेको छ । ऐन, नीति, नियम, कार्यविधिबारे आम नगरवासी लगायतका सरोकारवाला सुसूचित गराइ प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिएको छैन।

कार्यबोझअनुसारको जनशक्ति व्यवस्था हुन सकेको छैन भने सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणले औंल्याएको सङ्गठन संरचनाको कार्यान्वयन व्यावहारिक हनु सकेको छैन। नगर कार्यपालिका कार्यालयमा रहेका जनशक्तिलाई नियमित क्षमता विकासका अवसरमा कमी रहेको छ। विद्यमान संरचना र जनशक्तिबाट कार्य सम्पादन नतिजामुखी र जनमुखी गराउनु चुनौतिका रूपमा रहेको छ । हिंसाजन्य गतिविधिहरू कुनै न कुनै रूपमा कायम रहेका छन् भने नयाँ र फरक स्वरूपमा देखिदै आएका छन्। घटना दर्ता कार्यले  नियमित रूपमा सबैलाई समेटन सकेको छैन। न्यायिक समितिबाट हुने कार्य सम्पादनमा पर्याप्त जनशक्तिको कमी रहेको छ। पारिवारिक विखण्डनका घटनामा वृद्धि हुँदै गएको छ।

**१६.५ लक्ष्य**

- न्यायमा आधारित, शान्तिपूर्ण  र समावेशी समाजको प्रवर्धन गर्ने

**१६.६ उद्देश्य**

१. सुशासन तथा जवाफदेहिताको प्रवर्धन गर्नु,
२. न्यायपूर्ण तथा समतामूलक समाज निर्माण गर्नु,
३. सेवा प्रवाहलाई प्रविधिमैत्री तथा सेवाग्राहीमैत्री तुल्याउनु।

**१६.७ रणनीति**

१. शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्ने,
२. न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने,
३. गुणस्तरीय सेवाका लागि  कार्यसम्पादनमा सुधार ल्याउन क्षमता विकास तथा सेवाग्रहीमैत्री वातावरण तयार गर्ने,
४. जनशक्ति व्यवस्थापन तथा सङ्गठन संरचनालाई समयानुकूल सुधार गरी सेवा प्रवाह तथा कार्य सम्पादनलाई छिटोछरितो तथा चुस्त तुल्याउने,
५. पारदर्शी, जवाफदेही, सदाचारयुक्त र समावेशी स्थानीय संस्थाहरूको स्थापना तथा विकास गर्ने।

**१६.८ कार्यक्रम तथा आयोजना**

**क. नगरपालिकाको लगानी प्रक्षेपण**

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | अनुमान रकम (रु. हजारमा) |
|---|---|---|
| १. | सामाजिक जवाफदेहिता प्रवर्धन कार्यक्रम | १२८६५६ |
| २. | न्याय प्रवर्धन तथा सामुदायिक मध्यस्थता कार्यक्रम | ९६४९२ |
| ३. | नीति, कानुन निर्माण तथा सुधार कार्यक्रम | ६४३२८ |
| ४. | सङ्गठन, मानव संसाधन तथा सेवा सुदृढीकरण कार्यक्रम | १०७२१३४ |
| ५. | व्यक्तिगत घटना व्यवस्थापन सूचना प्रणाली व्यवस्थापन कार्यक्रम | ११२५७५ |
| | **जम्मा** | **१४७४१८४** |

**ख. समग्र लगानी प्रक्षेपण**

| क्र. सं. | लगानीको स्रोत | आवधिक लगानी (रु. हजारमा) |
|---|---|---|

| | | |
|---|---|---|
| १ | नगरपालिका | २९२११५ |
| २ | सङ्घीय सरकार | २३४० |
| ३ | प्रदेश सरकार | ० |
| ४ | अन्य क्षेत्र (निजी, समुदाय, सहकारी तथा गैसस) | ० |
| | **जम्मा** | **१४७६५२४** |

**१६.९ परिमाणात्मक लक्ष्य**

| सूचक | एकाइ | सन् २०३० को लक्ष्य | | विद्यमान अवस्था तथा लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | कोशी प्रदेश | आधार अवस्था (सन् २०२२) | वर्तमान अवस्था (सन् २०२३) | लक्ष्य (सन् २०३०) |
| दर्ता गरिएको यौनजन्य हिंसा सम्बन्धी घटना/केस | सङ्ख्या | - | - | १२ | ६ | ० |
| दर्ता गरिएको सम्बन्ध विच्छेद (प्रति १ हजार जनसङ्ख्या) | सङ्ख्या | - | - | १ | १.२४ | १ |
| स्थानीय तहमा दर्ता भएका कुल मुद्दामध्ये फछ्र्यौट भएका मुद्दाको अनुपात | प्रतिशत | - | - | - | ८२.६९ | ९९ |
| जन्म दर्ता भएका ५ वर्षमुनिका बालबालिकाको अनुपात | प्रतिशत | १०० | - | ८५.८८ | ७७.८१ | १०० |
| सामाजिक जवाफदेहिता कार्यविधि तयारी र अवलम्बन | सङ्ख्या | - | - | ९ | ९ | १५ |
| योजना तर्जुमा तथा अनुगमनमा नागरिक सहभागिता | | - | - | २० | २०.५ | २५ |
| स्थानीय कानुनमा सुधार | सङ्ख्या | - | - | ३५ | ३६ | ४५ |
| स्थानीय सेवा प्रवाह सम्बन्धी निर्देशिका, कार्यविधि र विषय क्षेत्रगत योजना तर्जुमा | सङ्ख्या | - | - | १२० | १२२ | १४० |
| नगरपालिकाबाट प्रदान गरिएको सेवाबाट सन्तुष्ट हुने नागरिक | प्रतिशत | - | - | ९२ | ९२ | ९५ |

## दिगो विकास लक्ष्य १७: दिगो विकास लक्ष्य प्राप्तिका लागि साझेदारी

### १७.१ पृष्ठभूमि

सरकारी, निजी, गैसस, समुदाय तथा सहकारी क्षेत्रसँग साझेदारी माध्यमबाट दिगो विकास लक्ष्य प्राप्तिका लागि राजस्वका दायरा पहिचान र विस्तार गर्दै वित्तीय स्रोतहरूको उचित परिचालन गरी स्थानीय स्तरमा नवीनता, उद्यमशीलता र व्यवसायिकतालाई प्रवर्धन गर्ने कार्यमा नगरपालिकाले विभिन्न कार्यहरू गर्दै आइरहेको छ । यसका लागि नगरपालिकाले सहकारी ऐन २०७५, आर्थिक ऐन, बिनियोजन ऐन, आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५, स्थानीय कृषि व्यवसाय प्रवर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन- २०७४, सार्वजनिक निजी साझेदारी लगानी व्यवस्थापन तथा सञ्चालन ऐन, २०७४, घर बहाल कर निर्देशिका, २०७५, व्यवसाय कर सम्बन्धि निर्देशिका-२०७७, स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०७४, सम्पत्ति र भूमिकर कार्यविधि, २०७५, साझा सुविधा केन्द्र सञ्चालन

तथा व्यवस्थापन कार्यविधि, २०८०, राजश्व परामर्श समितिको कार्य सञ्चालन कार्यविधि, २०७९ आदि कानुनहरूको निर्माण भई कार्यान्वयनमा रहेको अवस्था छ।

### १७.२ विगतको प्रवृत्ति

सङ्घीय शासन व्यवस्थाका थालनीमा नगरपालिकाको आन्तरिक आम्दानीको अवस्था एकदमै कमजोर रहेकोमा सुधार गरी अन्य स्थानीय तहहरूको तुलनामा सुदृढ तुल्याइएको छ । हाल सङ्घ तथा प्रदेश सरकार र दातृ निकायहरूसँग साझेदारीको विस्तार हुँदैगएको छ । राजस्व सुधार योजना, २०७९ तयारी गरी कार्यान्वयनमा रहेको छ । राजस्व प्रशासनलाई प्रविधिमैत्री एवम् सेवाग्राहीमैत्री तुल्याउँदै लगिएको छ । योजना अनुशासन कायम गर्न आवधिक योजना विषय क्षेत्रगत रणनीतिक योजना र मध्यमकालीन खर्च संरचना तयार गरेको छ ।

### १७.३ विद्यमान अवस्था

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेका अधिकार क्षेत्रको परिधिभित्र रही सङ्घीय र प्रादेशिक सरकारसँग सहकार्य, समन्वय र सहअस्तित्व कायम गर्दै हाल नगरपालिकाले आफ्नो क्षेत्रभित्र कृषि, पर्यटन, उद्यमशीलता र व्यावसायिकतालाई विकास र विस्तार गरी आन्तरिक आम्दानीलाई सुदृढ गर्दै सङ्घ र प्रदेशबाट प्राप्त हुने वित्तीय अनुदानहरू अपेक्षित रूपमा प्राप्त भइरहेको छ। राजस्वको दायरा विस्तारका लागि नयाँ स्रोतहरूको खोजी गरिएको छ। आवधिक योजना, विषय क्षेत्रगत रणनीतिक योजना र मध्यमकालीन खर्च संरचनाका आधारमा वार्षिक बजेट तथा कार्यक्रम तयारी गरिएको छ।

### १७.४ समस्या तथा चुनौति

नेपाल सरकारसँग विगतमा सम्झौता भई लिजमा लिएर चिया बगान सञ्चालन गरिरहेको क्षेत्रबाट भूमिकर (मालपोत) असुली हुन नसकी यसलाई ठूलो रकम बक्यौताका रूपमा रहेको छ। राजस्वको दायरा फराकिलो रहेको यस क्षेत्रमा आन्तरिक राजस्व वृद्धिको सम्भावना प्रचुर रहे तापनि नागरिकमा करदाता शिक्षाको न्यूनता एवम् आवश्यक सूचना तथा जानकारीको कमीको कारण राजस्व सङ्कलनमा कठिनाइ भएको छ। घरबहाल र सबै प्रकारका व्यवसायलाई पूर्णरूपमा करको दायरामा ल्याउन सकिएको छैन। पुँजीगत खर्चको तुलनामा चालु खर्चको अधिकता कायम हुँदै जानु र रोजगारमूलक, उत्पादनमूलक तथा आयमूलक क्षेत्रमा स्रोत परिचालनलाई केन्द्रित गर्नु चुनौतिका रूपमा रहेको छ। योजना अनुशासनको पूर्ण परिपालनामा व्यावहारिक कठिनाइ रहेको छ । स्थानीय तहको योजनाबद्ध विकाससँग सम्बन्धित आवधिक योजना र विषय क्षेत्रगत रणनीतिक योजनाका आधारमा, विस्तृत आयोजना प्रतिवेदन तयारी, आयोजना बैंक निर्माण र मध्यमकालीन खर्च संरचना तयारी गरी सोही आधारमा वार्षिक बजेट तथा योजना तर्जुमाको अभ्यास थालनी हुन सकेको छैन। कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरण र सोही बमोजिम वार्षिक बजेट तथा कार्यक्रममार्फत कार्यान्वयनको अभ्यासमा कमी रहेको छ । नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति सहित आवधिक विकास योजना र नगरपालिकाको विकासको अग्रणी क्षेत्रहरूको गुरुयोजना तर्जुमा हुन सकेको छैन।

### १७.५ लक्ष्य

- दिगो विकास लक्ष्य कार्यान्वयनका उपाय, साधन तथा साझेदारीलाई सशक्त बनाउने

### १७.६ उद्देश्य

१. आन्तरिक क्षमतामा सुधार र आन्तरिक स्रोतको परिचालनलाई सुदृढ तुल्याउनु,
२. वित्तीय स्रोतसाधन परिचालन गर्नु,
३. योजना अनुशासन कायम गर्नु।

### १७.७ रणनीति

१. दिगो विकास लक्ष्य कार्यान्वयनका उपाय तथा साधनहरू सुदृढ गर्ने
२. राजस्व परिचालन तथा आन्तरिक क्षमतामा सुधार गर्ने,
३. वित्तीय स्रोतसाधन सुदृढ बनाउने तथा लगानी अभिवृद्धि गर्ने,

४. आवधिक योजना तर्जुमा, आयोजना बैंक तयारी र मध्यमकालीन खर्च संरचना तयार गरी सो अनुसार वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने,

### १७.८ कार्यक्रम तथा आयोजना

| क्र.सं. | प्रमुख कार्यक्रम तथा आयोजना | लगानी अनुमान (रु. हजारमा) |
|---|---|---|
| १. | नवप्रवर्तन प्रवर्धन कार्यक्रम | २३४० |
| २. | राजस्व सुधार तथा स्रोत परिचालन कार्यक्रम | १५६०० |
| ३. | सार्वजनिक, निजी, सामुदाय, गैसस तथा सहकारी साझेदारी कार्यक्रम | १५६० |
| ४. | योजना अनुशासन प्रवर्धन कार्यक्रम | ३९०० |
| | **जम्मा** | **२३४००** |

### १७.९ परिमाणात्मक लक्ष्य

| सूचक | एकाइ | सन् २०३० को लक्ष्य | | विद्यमान अवस्था तथा लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | कोशी प्रदेश | आधार अवस्था (सन् २०२२) | वर्तमान अवस्था (सन् २०२३) | लक्ष्य (सन् २०३०) |
| कुल बजेटमा आन्तरिक आयको अनुपात | प्रतिशत | ८० | ७५ | २९.०६ | २६.१९ | ३० |
| कुल स्वीकृत बजेटमध्ये खर्चको अनुपात | प्रतिशत | - | - | ६१.५९ | ७२.९६ | ९० |
| कुल बजेटको अनुपातमा सङ्घीय र प्रादेशिक सरकार मार्फत प्राप्त अनुदान | प्रतिशत | - | - | ५२.५७ | ५८.४७ | ५० |
| कुल बजेटको अनुपातमा राजस्व बाँडफाँटबाट प्राप्त रकम | प्रतिशत | - | - | १७.२ | १५.३३ | २५ |
| कुल बजेटको अनुपातमा पुँजीगत खर्चको हिस्सा | प्रतिशत | - | - | ४४.८२ | ३७.९८ | ५० |
| विनियोजित वार्षिक बजेटमा पुँजीगत खर्च | प्रतिशत | - | - | ७०.८४ | ७१ | ९५ |

## परिच्छेद चारः कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन

### ४.१ लगानी आवश्यकता तथा लगानीको स्रोत

### ४.१.१ लगानी आवश्यकता

प्रस्तावित लगानी आवश्यकताको आधार कार्यशाला गोष्ठीको छलफल, विषयगत समिति तथा शाखासँगको छलफल, प्राविधिक सम्भाव्यता तथा प्रतिएकाइ लागत रहेको छ । यस मार्गचित्र कार्यान्वयनका लागि आवश्यक स्रोतको अनुमान दिगो विकास लक्ष्य अनुसार प्रस्ताव गरिएको छ । यस अविधमा कुल रु. २३ अरब, ६६ करोड, ३७ लाख २७ हजार स्रोत आवश्यक पर्ने अनुमान गरिएको छ । दिगो विकास लक्ष्य अनुसार अनुसारको अनुमानित लागत रकम देहायको तालिकामा प्रस्तुत गरिएको छः

| दि.वि.ल. नम्बर | दिगो विकास लक्ष्य | स्रोत अनुसारको लगानी प्रक्षेपण (रु. हजारमा) | | | | लगानी अनुमान (रु. हजारमा) |
|---|---|---|---|---|---|---|
| | | नगरपालिका | नेपाल सरकार | प्रदेश सरकार | अन्य | |
| १ | सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने | ४६३७१ | २३४०००० | ११७००० | २१७६८४ | २७२१०५५ |
| २ | भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण उपलब्ध गर्ने र दिगो कृषि प्रवर्धन गर्ने | ८०६६९० | २४२०१ | १६१३४ | ५६४६८३ | १४११७०७ |
| ३ | सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्धन गर्ने | ७१७०५४ | १७९२६४ | ११६२९४ | १५१८९१७ | २५३१५२९ |
| ४ | समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने | २९५७१९८ | ७८०० | १७१६० | ४४७३२३८ | ७४५५३९६ |
| ५ | लैङ्गिक समानता हासिल गर्ने र सबै महिला र बालिकालाई सशक्त बनाउने | ९१५८० | ५४९५ | ७३२६ | २१३१ | १०६५३२ |
| ६ | सबैका लागि स्वच्छ खानेपानी र सरसफाइको उपलब्धता सुनिश्चित गर्ने | ५३०४० | ७५५८२० | १०५३०० | ४८११४ | ९६२२७४ |
| ७ | सबैका लागि किफायती, विश्वसनीय, दिगो र आधुनिक ऊर्जामा पहुँच सुनिश्चित गर्ने | १५७७२ | २००००० | २२०० | १०८०८१ | ३२६०५३ |
| ८ | सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, रोजगारी तथा मर्यादित कामको प्रवर्धन गर्ने | १८४८६ | ८३१९ | २२१८ | ९६७४ | ३८६९७ |
| ९ | उत्थानशील पूर्वाधारको निर्माण, दिगो औद्योगीकरणको प्रवर्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने | २२३३२६७ | ९३६००० | ६२४००० | ४२१४७४ | ४२१४७४१ |
| १० | मुलुकभित्र तथा मुलुकहरूबिचको असमानता घटाउने | १११५६३ | १००४१ | १३३८८ | ५६२५ | १४०६१६ |
| ११ | सहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने | १६५३६० | २३४००० | १५६००० | ६१७०७ | ६१७०६७ |
| १२ | दिगो उपभोग र उत्पादन ढाँचा सुनिश्चित गर्ने | २९२११५ | १५६००० | १५६००० | ९०६१७३ | १५१०२८९ |
| १३ | जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल गर्ने | ४६८०० | ६५५२ | ४२१२ | ३०३० | ६०५९४ |
| १५ | वनको दिगो व्यवस्थापन, मरुभूमीकरण नियन्त्रण, भूक्षय रोकथाम तथा जैविक विविधताको संरक्षण गर्ने | २३४०० | ८१९० | २८०८० | ३१४१ | ६२८११ |

| दि.वि.ल. नम्बर | दिगो विकास लक्ष्य | स्रोत अनुसारको लगानी प्रक्षेपण (रु. हजारमा) | | | | लगानी अनुमान (रु. हजारमा) |
|---|---|---|---|---|---|---|
| | | नगरपालिका | नेपाल सरकार | प्रदेश सरकार | अन्य | |
| १६ | न्यायमा आधारित, शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्ने | १४७४१८४ | २३४० | ० | ४४४३ | १४८०९६७ |
| १७ | दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने | २३४०० | ० | ० | ० | २३४०० |
| | जम्मा | ९०७६२८० | ४८७४०२० | १३६५३१२ | ८३४८११४ | २३६६३७२७ |

### ४.१.२ लगानीको स्रोत

नगरपालिकाको नेतृत्व तथा अन्य तहको सरकार, निजी क्षेत्र, विकास साझेदार संस्था, स्थानीय समुदाय लगायत नगर विकासका सरोकारवालाहरूसँगको समन्वय, सहकार्य एवम् साझेदारीमा यस मार्गचित्रको कार्यान्वयन हुनेछ । निदृष्ट लक्ष्य हासिल गर्न तर्जुमा गरिएको कार्यान्वयन योजनामा आन्तरिक र वाह्य स्रोतबाट हासिल गर्ने आय, नेपाल सरकार तथा प्रदेश सरकारका निकायबाट हुन सक्ने लगानी र निजी क्षेत्र, समुदाय, सहकारी  तथा विकासका सरोकारवालाबाट हुन सक्ने लगानीका स्रोतहरूको समेत प्रक्षेपण गरिएको छ । यस योजनाको अवधिमा आन्तरिक, वाह्य स्रोत, निजी क्षेत्र, जनसहभागिता र अन्य स्रोतबाट जम्मा रु. २१ अरब ६८ करोड ४३ लाख ५३ हजार स्रोत उपलब्ध हुनसक्ने अनुमान गरिएको छ । योजना अवधिमा उपलब्ध हुनसक्ने स्रोतको प्रक्षेपित विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छः

**(रु. हजारमा)**

| क्र.सं. | बजेटका स्रोतहरू | २०७९/०८० को यथार्थ | २०८०/ ८१ को अनुमान | आय अनुमान तथा प्रक्षेपण | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/०८७ | |
| क. | आय अनुमान | ११४३४२४ | ११५७७७६ | ११४०४९० | ११५१४४४ | ११५९६७८ | ११८८२६८ | १२११२०४ | १२५८६५५ | ७१०९७३९ |
| १ | आन्तरिक आय | ५४१४० | ६६०५० | ५८२५३ | ७०७२१ | ७११२८ | ८३९२७ | ८४१८१ | १०२८८३ | ४७१०९३ |
| | सम्पत्ति कर | २००५ | १८५० | २०३५ | २२३९ | २४६२ | २७०९ | २९७९ | ३२७७ | १५७०१ |
| | भूमिकर/मालपोत | १६४९५ | २०००० | १७३२० | २१००० | १८१८६ | २२०५० | १९०९५ | २३१५३ | १२०८०३ |
| | वहाल कर | २५३० | १४८० | १७७६ | २१३१ | २५५७ | ३०६९ | ३६८३ | ४४१९ | १७६३६ |
| | वहाल भिटौरी शुल्क | ९१२ | ८५० | ९०१ | ९५५ | १०१२ | १०७३ | ११३७ | १२०६ | ६२८५ |
| | साना सवारी कर | २४८ | ३०० | ३७५ | ४६९ | ५८६ | ७३२ | ९१६ | ११४४ | ४२२२ |
| | अन्य मनोरञ्जन कर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | जडीबुटी, जीवजन्तु र कवाडी कर | २ | २५ | २६ | २८ | २९ | ३० | ३२ | ३४ | १७९ |
| | सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय | ७३९ | ६००० | ९२४ | ११०९ | १३३० | १५९६ | १९१५ | २२९९ | ९१७३ |
| | अन्य बिक्रीबाट प्राप्त रकम | ७७८ | ८०० | ८६४ | ९३३ | १००८ | १०८८ | ११७५ | १२६९ | ६३३८ |

| क्र.सं. | बजेटका स्रोतहरू | २०७९/०८० को यथार्थ | २०८०/ ८१ को अनुमान | आय अनुमान तथा प्रक्षेपण | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/०८७ | |
| | अन्य सेवा शुल्क तथा विक्री | ४४६० | ३९०० | ४६८० | ५६१६ | ६७३९ | ८०८७ | ९७०४ | ११६४५ | ४६४७२ |
| | न्यायिक दस्तुर | ६२ | ५५ | ६९ | ८६ | १०७ | १३४ | १६८ | २१० | ७७४ |
| | परीक्षा शुल्क | ३५० | ३०० | ३३० | ३६३ | ३९९ | ४३९ | ४८३ | ५३१ | २५४६ |
| | अन्य प्रशासनिक सेवा शुल्क | १४० | ५० | १७५ | ६३ | २१९ | ७८ | २७३ | ९८ | ९०५ |
| | पूर्वाधार उपयोग सेवा शुल्क | ३६७३ | ४००० | ४२०० | ४४१० | ४६३१ | ४८६२ | ५१०५ | ५३६० | २८५६८ |
| | पार्किङ शुल्क | ० | ८०० | ८८० | ९६८ | १०६५ | ११७१ | १२८८ | १४१७ | ६७९० |
| | नक्सापास दस्तुर | २४०० | २००० | २८८० | २४०० | ३४५६ | २८८० | ४१४७ | ३४५६ | १९२१९ |
| | सिफारिस दस्तुर | ३८०० | ३५०० | ४२०० | ४६२० | ५०८२ | ५५९० | ६१४९ | ६७६४ | ३२४०६ |
| | व्यक्तिगत घटना दस्तुर | ६२६ | ६०० | ६८९ | ६६० | ७५७ | ७२६ | ८३३ | ७९९ | ४४६४ |
| | नाता प्रमाणित दस्तुर | २६५ | २५० | २९२ | २७५ | ३२१ | ३०३ | ३५३ | ३३३ | १८७५ |
| | अन्य दस्तुर | २०७ | ६०० | २५९ | ७५० | ३२३ | ९३८ | ४०४ | ११७२ | ३८४६ |
| | व्यवसाय रजिष्ट्रेसन दस्तुर | ४८७८ | ४३०० | ४९४५ | ५६८७ | ६५४० | ७५२१ | ८६४९ | ९९४६ | ४३२८७ |
| | न्यायिक दण्ड जरिवाना र जफत | ० | १५०० | ४१ | ० | १६५० | ४५ | ० | १८१५ | ३५५० |
| | प्रशासनिक दण्ड जरिबाना र जफत | ७१ | ५० | ५५ | ६१ | ६७ | ७३ | ८१ | ८९ | ४२४ |
| | व्यवसाय कर | ४६९६ | ४५०० | ५२६५ | ६१६० | ७२०७ | ८४३२ | ९८६६ | ११५४३ | ४८४७४ |
| | बीमा दावी प्राप्ति | | | | | | | | | ० |
| | अन्य राजस्व | ९०४ | २५ | ९४९ | ९९७ | १०४६ | १०९९ | ११५४ | १२११ | ६४५६ |
| | अन्य संस्थागत आन्तरिक अनुदान | ३८९९ | ८२९० | ४०९४ | ८७०५ | ४२९९ | ९१४० | ४५१४ | ९५९७ | ४०३४७ |
| | बेरुजु | ० | २५ | ३१ | ३९ | ४९ | ६१ | ७६ | ९५ | ३५२ |
| २ | राजस्व बाँडफाँडबाट | १२९५९५ | १७४८१९ | १८५७७८ | १९७५०६ | २१००६५ | २२३५१९ | २३७९४२ | २५३४११ | १३०८२२१ |

| क्र.सं. | बजेटका स्रोतहरू | २०७९/०८० को यथार्थ | २०८०/ ८१ को अनुमान | आय अनुमान तथा प्रक्षेपण | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/०८७ | |
| | प्राप्त आय | | | | | | | | | |
| | नेपाल सरकार (भ्याट र अन्तशुल्क) | ९६२०३ | १३०४६६ | १३६९८९ | १४३८३९ | १५१०३१ | १५८५८२ | १६६५११ | १७४८३७ | ९३१७८९ |
| | प्रदेश सरकार (सवारी कर, घरजग्गा रजिष्ट्रेसन, मनोरञ्जन कर आदि) | ३३३९२ | ४४३५३ | ४८७८८ | ५३६६७ | ५९०३४ | ६४९३७ | ७१४३१ | ७८५७४ | ३७६४३१ |
| ३ | रोयल्टी बाँडफाँटबाट प्राप्त राजस्व | ७५३ | ८५० | ८९३ | ९३७ | ९८४ | १०३३ | १०८५ | ११३९ | ६०७१ |
| | वन रोयल्टी | २९ | ५० | ५३ | ५५ | ५८ | ६१ | ६४ | ६७ | ३५७ |
| | खानी तथा खनिज रोयल्टी | | | ० | ० | ० | ० | ० | ० | ० |
| | पर्वतारोहण रोयल्टी | | | ० | ० | ० | ० | ० | ० | ० |
| | विद्युत् रोयल्टी | ७२४ | ८०० | ८४० | ८८२ | ९२६ | ९७२ | १०२१ | १०७२ | ५७१४ |
| | पानी तथा अन्य प्राकृतिक स्रोत | | | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | नेपाल सरकार वित्तीय हस्तान्तरण | ५९५७५० | ६३०२६८ | ६४८६४७ | ६६९७७८ | ६९१६८९ | ७१४४१२ | ७३७९७७ | ७६२४१६ | ४२२४९१८ |
| | वित्तीय समानीकरण अनुदान | १६७९८० | १५७६०० | १६०७५२ | १६३९६७ | १६७२४६ | १७०५९१ | १७४००३ | १७७४८३ | १०१४०४३ |
| | ससर्त अनुदान | ३९७८४९ | ४३०६६८ | ४४७८९५ | ४६५८११ | ४८४४४३ | ५०३८२१ | ५२३९७३ | ५४४९३२ | २९७०८७५ |
| | समपूरक अनुदान | १२९८८ | २०००० | २०००० | २०००० | २०००० | २०००० | २०००० | २०००० | १२०००० |
| | विशेष अनुदान | १६९३३ | २२००० | २०००० | २०००० | २०००० | २०००० | २०००० | २०००० | १२०००० |
| ५ | प्रदेश सरकार वित्तीय हस्तान्तरण | १०६१०७ | ३९४२७ | ४६७०४ | ४९०४९ | ५१६०५ | ५४३९३ | ५७४३३ | ६०७४९ | ३१९९३३ |
| | वित्तीय समानीकरण अनुदान | ८८५९ | १०१४८ | १०८५८ | ११६१८ | १२४३२ | १३३०२ | १४२३३ | १५२२९ | ७७६७३ |
| | ससर्त | ८७५६५ | १३७७९ | १५८४६ | १७४३० | १९१७३ | २१०९१ | २३२०० | २५५२० | १२२२६० |

| क्र.सं. | बजेटका स्रोतहरू | २०७९/०८० को यथार्थ | २०८०/ ८१ को अनुमान | आय अनुमान तथा प्रक्षेपण | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/०८७ | |
| | अनुदान | | | | | | | | | |
| | समपूरक अनुदान | ९६८३ | १३००० | १०००० | १०००० | १०००० | १०००० | १०००० | १०००० | ६०००० |
| | विशेष अनुदान | ० | २५०० | १०००० | १०००० | १०००० | १०००० | १०००० | १०००० | ६०००० |
| ६ | अन्य अनुदान | | | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | अन्तर स्थानीय तह साझेदारी | | | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | जनसहभागिता | ९१७६ | १२५०० | १३१२५ | १३७८१ | १४४७० | १५१९४ | १५९५४ | १६७५१ | ८९२७५ |
| ९ | आन्तरिक ऋण | | | ० | ० | ० | ० | ० | ० | ० |
| १० | मौज्दात रकम | २४७९०३ | २३३८६२ | १८७०९० | १४९६७२ | ११९७३७ | ९५७९० | ७६६३२ | ६१३०६ | ४५६४९९ |
| ११ | नेपाल सरकारको प्रत्यक्ष लगानी | | | ६२९२३० | ६९३४११ | ७६३४४६ | ८४०५५४ | ९२५४५० | १०१८९२० | ४८७१०१२ |
| १२ | प्रदेश सरकारको प्रत्यक्ष लगानी | | | १७५११० | १९२९६० | २१२४४९ | २३३९०७ | २५७५३१ | २८३५४२ | १३५५४८९ |
| ख. | अन्य लगानी | ० | ० | १०७८३९७ | ११८८३९३ | १३०८४२१ | १४४०५७१ | १५८६०६९ | १७४६२६२ | ८३४८११४ |
| १ | निजी क्षेत्रको लगानी | | | १०१३६९३ | १११७०९० | १२२९९१६ | १३५४१३७ | १४९०९०५ | १६४१४८६ | ७८४७२२७ |
| २ | सहकारी, समुदाय गैसस लगानी | | | ६४७०४ | ७१३०४ | ७८५०५ | ८६४३४ | ९५१६४ | १०४७७६ | ५००८८७ |
| | जम्मा लगानी | | | ३०२३२१७ | ३२२६२०८ | ३४४३९९४ | ३७०३३०० | ३९८०२५४ | ४३०७३७९ | २१६८४३५३ |

## ४.२ स्रोत परिचालन रणनीति

१. नगरपालिकाको आन्तरिक आय अधिकतम परिचालन गर्ने,
२. नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान वृद्धिको लागि पैरवी गर्ने,
३. नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त समपूरक तथा विशेष अनुदान अधिकतम परिचालन गर्ने,
४. ऋण परिचालन कानुनी आधार तथा आयोजना विकास गर्ने,
५. निजी क्षेत्र तथा सार्वजनिक निजी साझेदारीको लगानीलाई प्रोत्साहित गर्ने,
६. सङ्घ तथा प्रदेश सरकारको सहलगानी परिचालन गर्ने,
७. अन्तर स्थानीय सरकार संयुक्त लगानी परिचालन गर्ने,
८. नगरपालिका र गैसस, सहकारी तथा समुदायको साझेदारी प्रवर्धन गर्ने,
९. नाफामूलक क्षेत्रमा लगानीको वातावरण तयार गरी विप्रेषणको अधिकाधिक आकर्षण तथा परिचालन गर्ने,

१०. स्थानीय स्वाभिमान तथा प्रतिष्ठासँग जोडिएका विकासनिर्माणका क्षेत्रमा स्वदेश तथा विदेशमा भएका संस्था तथा व्यक्तिबाट सहयोग जुटाउने,
११. विकास प्रक्रियामा जनसहभागिता, स्थानीय स्रोत र सामग्री अधिकाधिक उपयोग गर्ने,
१२. लगानीका क्षेत्र पहिचान गरी निजी क्षेत्रको साझेदारी अभिवृद्धि गर्ने,
१३. विशिष्ट खालका उत्पादनमूलक तथा आयमूलक आयोजनाको लागि आन्तरिक ऋण परिचालन गर्ने,
१४. छिमेकी तथा अन्य गाउँपालिका वा नगरपालिकासँग समेत सरोकार राख्ने तथा साझा महत्त्वका आयोजनाका लागि अन्तरस्थानीय तह संयुक्त लगानीमा स्रोत परिचालन गर्ने।

**४.३ मार्गचित्र कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन**

दिगो विकास लक्ष्यको मार्गचित्रले निर्दिष्ट गरेबमोजिम आवधिक योजना एवम् आवश्यकता अनुसार विषय क्षेत्रगत रणनीतिक योजना तयार गरिनेछ। सो बमोजिम वार्षिक नीति, बजेट तथा कार्यक्रम तयार गरी दिगो विकास लक्ष्य मार्गचित्रको कार्यान्वयन गरिनेछ। यसका लागि आयोजना बैंक र सोको आधारमा तीन वर्षको खर्च तथा लगानी स्रोतको प्रक्षेपण सहित चक्रीय रूपमा मध्यमकालीन खर्च संरचना समेत तयार गरिनेछ। वार्षिक बजेट तथा कार्यक्रमबाट मध्यमकालीन खर्च संरचना बमोजिम प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनामा बजेट विनियोजन गरी योजनाको कार्यान्वयन गरिनेछ।

वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि चौमासिक विभाजन सहितको एकीकृत कार्ययोजना र सो अनुसार खरिद गुरूयोजना तथा वार्षिक खरिद योजना तयार गरिनेछ। स्वीकृत कार्ययोजना अनुसार कार्यान्वयन क्रममा अनुगमन तथा सुपरीवेक्षण र कार्यक्रम तथा आयोजनाको प्रकृति हेरी शुरु, मध्यम, अन्तिम अवस्था र विकासको चरण मूल्याङ्कनका लागि अनुगमन तथा मूल्याङ्कन योजना निर्माण र निर्धारित विधि तथा प्रक्रिया अनुसार अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदनको सुझाव कार्यान्वयनको व्यवस्था गरिनेछ।

दिगो विकास लक्ष्य मार्गचित्र अनुसार वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमा भएको अथवा नभएको सम्बन्धमा विषयगत समिति, सम्बन्धित शाखा, अनुगमन तथा सुपरीवेक्षण समिति, कार्यपालिका, अनुगमन तथा सुशासन समितिले त्रैमासिक, वार्षिक, द्वैवार्षिक, अन्त्यमा अनुगमन, सूचना सङ्कलन तथा विश्लेषण गरी पृष्ठपोषण उपलब्ध गराइने छ। दिगो विकास लक्ष्य बमोजिम कार्यान्वयन गर्ने निकायसहित अनुगमन तथा मूल्याङ्कन संयन्त्र र सोको समयतालिका देहायको तालिकामा प्रस्तुत गरिएको छ:

| क्र.सं. | दिगो विकास लक्ष्य | कार्यान्वयन गर्ने निकाय | अनुगमन तथा मूल्याङ्कन संयन्त्र | समयतालिका |
|---|---|---|---|---|
| १. | सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने | रोजगार प्रवर्धन शाखा, विषयगत शाखा, वडा कार्यालय | आर्थिक विकास समिति, अनुगमन तथा सुपरीवेक्षण समिति, कार्यपालिका | त्रैमासिक, वार्षिक, द्वैवार्षिक, अन्त्यमा |
| २. | भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण उपलब्ध गर्ने र दिगो कृषि प्रवर्धन गर्ने | कृषि तथा पशु विकास शाखा, वडा कार्यालय | आर्थिक विकास समिति, अनुगमन तथा सुपरीवेक्षण समिति, कार्यपालिका | त्रैमासिक, वार्षिक, द्वैवार्षिक, अन्त्यमा |
| ३. | सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्धन गर्ने | स्वास्थ्य शाखा, स्वास्थ्य संस्था तथा व्यवस्थापन समिति | सामाजिक विकास समिति, अनुगमन तथा सुपरीवेक्षण समिति, कार्यपालिका | त्रैमासिक, वार्षिक, द्वैवार्षिक, अन्त्यमा |
| ४. | समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र | नगर शिक्षा समिति शिक्षा, युवा तथा खेलकुद शाखा र वडा | सामाजिक विकास समिति, शिक्षा समिति, अनुगमन तथा सुपरीवेक्षण समिति, | त्रैमासिक, वार्षिक, द्वैवार्षिक, अन्त्यमा |

| क्र.सं. | दिगो विकास लक्ष्य | कार्यान्वयन गर्ने निकाय | अनुगमन तथा मूल्याङ्कन संयन्त्र | समयतालिका |
|---|---|---|---|---|
| | सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने | कार्यालय | कार्यपालिका | |
| ५. | लैङ्गिक समानता हासिल गर्ने र सबै महिला र बालिकालाई सशक्त बनाउने | महिला, बालबालिका तथा समाज कल्याण शाखा, वडा कार्यालय | सामाजिक विकास समिति, नगर लैससास समिति, अनुगमन तथा सुपरीवेक्षण समिति, कार्यपालिका | त्रैमासिक, वार्षिक, द्वैवार्षिक, अन्त्यमा |
| ६. | सबैका लागि स्वच्छ खानेपानी र सरसफाइको उपलब्धता सुनिश्चित गर्ने | खानेपानी तथा सरसफाइ शाखा, वडा कार्यालय | सामाजिक विकास समिति, अनुगमन तथा सुपरीवेक्षण समिति, कार्यपालिका | त्रैमासिक, वार्षिक, द्वैवार्षिक, अन्त्यमा |
| ७. | सबैका लागि किफायती, विश्वसनीय, दिगो र आधुनिक ऊर्जामा पहुँच सुनिश्चित गर्ने | शहरी योजना तथा पूर्वाधार विकास शाखा, वडा कार्यालय | पूर्वाधार विकास समिति, अनुगमन तथा सुपरीवेक्षण समिति, कार्यपालिका | त्रैमासिक, वार्षिक, द्वैवार्षिक, अन्त्यमा |
| ८. | सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, रोजगारी तथा मर्यादित कामको प्रवर्धन गर्ने | उद्योग, सहकारी तथा रोजगार प्रवर्धन शाखा, वडा कार्यालय | आर्थिक विकास समिति, अनुगमन तथा सुपरीवेक्षण समिति, कार्यपालिका | त्रैमासिक, वार्षिक, द्वैवार्षिक, अन्त्यमा |
| ९. | उत्थानशील पूर्वाधारको निर्माण, दिगो औद्योगीकरणको प्रवर्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने | शहरी योजना तथा पूर्वाधार विकास शाखा, उद्योग प्रवर्धन शाखा, वडा कार्यालय | पूर्वाधार विकास समिति, अनुगमन तथा सुपरीवेक्षण समिति, कार्यपालिका | त्रैमासिक, वार्षिक, द्वैवार्षिक, अन्त्यमा |
| १०. | मुलकमित्रको संरचनागत र अन्य असमानता घटाउने | महिला, बालबालिका तथा समाज कल्याण शाखा, प्रशासन शाखा, वडा कार्यालय | सामाजिक विकास समिति, नगर लैससास समिति, अनुगमन तथा सुपरीवेक्षण समिति, कार्यपालिका | त्रैमासिक, वार्षिक, द्वैवार्षिक, अन्त्यमा |
| ११. | सहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने | शहरी योजना तथा पूर्वाधार विकास शाखा, उद्योग प्रवर्धन शाखा, वडा कार्यालय | पूर्वाधार विकास समिति, अनुगमन तथा सुपरीवेक्षण समिति, कार्यपालिका | त्रैमासिक, वार्षिक, द्वैवार्षिक, अन्त्यमा |
| १२. | दिगो उपभोग र उत्पादन ढाँचा सुनिश्चित गर्ने | पर्यटन तथा वातावरण शाखा, वडा कार्यालय | वातावरण तथा विपद् व्यवस्थापन समिति, अनुगमन तथा सुपरीवेक्षण समिति, कार्यपालिका | त्रैमासिक, वार्षिक, द्वैवार्षिक, अन्त्यमा |
| १३. | जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण | | वातावरण तथा विपद् व्यवस्थापन समिति, | त्रैमासिक, वार्षिक, द्वैवार्षिक, अन्त्यमा |

| क्र.सं. | दिगो विकास लक्ष्य | कार्यान्वयन गर्ने निकाय | अनुगमन तथा मूल्याङ्कन संयन्त्र | समयतालिका |
|---|---|---|---|---|
| | गर्न तत्काल पहल गर्ने | | अनुगमन तथा सुपरीवेक्षण समिति, कार्यपालिका | |
| १४. | दिगो विकासका लागि महासागर, समुद्र र समुद्री साधन स्रोतको दिगो प्रयोग तथा संरक्षण गर्ने | लागु नहुने | लागु नहुने | लागु नहुने |
| १५. | वनको दिगो व्यवस्थापन, मरुभूमीकरण नियन्त्रण, भूक्षय रोकथाम तथा जैविक विविधताको संरक्षण गर्ने | वातावरण व्यवस्थापन शाखा, वडा कार्यालय | वातावरण तथा विपद् व्यवस्थापन समिति, अनुगमन तथा सुपरीवेक्षण समिति, कार्यपालिका | त्रैमासिक, वार्षिक, द्वैवार्षिक, अन्त्यमा |
| १६. | न्यायमा आधारित, शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्ने | प्रमुख प्रशासकीय अधिकृत, कानुन शाखा, प्रशासन शाखा, वडा कार्यालय | संस्थागत विकास तथा सुशासन समिति, अनुगमन तथा सुपरीवेक्षण समिति, कार्यपालिका | त्रैमासिक, वार्षिक, द्वैवार्षिक, अन्त्यमा |
| १७. | दिगो विकासका लागि साझेदारी सशक्त बनाउने | प्रमुख प्रशासकीय अधिकृत आर्थिक प्रशासन शाखा, प्रशासन शाखा र वडा कार्यालय | संस्थागत विकास तथा सुशासन समिति, अनुगमन तथा सुपरीवेक्षण समिति, कार्यपालिका | त्रैमासिक, वार्षिक, द्वैवार्षिक, अन्त्यमा |